रजत वर्ष विशेषाङ्क

# टोल विकास स्मारिका

२०८१



२५औं

## स्थापना दिवस

रजत महोत्सव-२०८१

### टोल विकास संस्था नगर समन्वय समिति

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

# टोल विकास संस्था नगर समन्वय समिति

## हेटौंडा उपमहानगरपालिका

## तेस्रो अधिवेशनबाट निर्वाचित कार्यसमिति



ध्रुवप्रसाद अधिकारी
अध्यक्ष

ईश्वर ढुंगाना
निवर्तमान अध्यक्ष



सती न्यौपाने — उपाध्यक्ष
गंगाप्रसाद पौडेल — उपाध्यक्ष
बेगम बराल — उपाध्यक्ष
विष्णुप्रसाद ढुंगाना — उपाध्यक्ष
शान्ति श्रेष्ठ — उपाध्यक्ष
शिवहरि दहाल — महासचिव
देव कुमार श्रेष्ठ — उपमहासचिव



राजेन्द्र चौलागाई — सचिव
सुशिला मल्ल — सचिव
चन्द्रावती पनेरु — सचिव
पुन्यवती घिमिरे — सचिव
हर्क रत्न लामा — सचिव
गिता मैनाली — कोषाध्यक्ष
विरोध मोक्तान — सह-कोषाध्यक्ष



माया पौडेल — सदस्य
अन्जु पण्डित — सदस्य
सुमित्रा पाण्डे — सदस्य
सुरेश लामिछाने — सदस्य
बालकुमार श्रेष्ठ — सदस्य
सुदर्शन पौडेल — सदस्य
राजदेव बानियाँ — सदस्य



छिसाङ लामा — सदस्य
उर्मिला राना मगर — सदस्य
पदमबहादुर बजगाई — सदस्य
गोमा लामिछाने — सदस्य
लक्ष्मी अधिकारी — सदस्य
गोताम मोक्तान — सदस्य
यदुवंश खतिवडा — सदस्य



ज्ञानी मानन्धर — सदस्य
शिवराज पुडासैनी — सदस्य
सुनमाया दोङ — सदस्य
रामबहादुर वाइबा — सदस्य
धनबहादुर मोक्तान — सदस्य
राजु श्रेष्ठ — सदस्य
सिंहबहादुर तामाङ — सदस्य



देवराज अधिकारी — सदस्य
लोकेन्द्र सुर्खेती — सदस्य
श्यामकुमार रिमाल — सदस्य
किरन घिसिङ — सदस्य
नवराज राई — सदस्य
धनकुमारी विश्वकर्मा — सदस्य
डोल्मा स्याङ्बो — सदस्य



सरस्वती दाहाल — सदस्य
कमला दाहाल — सदस्य
हरिगोपाल सापकोटा — सदस्य
केशव अर्याल — सदस्य
ज्ञानेन्द्र देवकोटा — सदस्य
सानुकान्छी बरुवाल — सदस्य
ईशा शर्मा — कार्यालय सचिव

# टोल विकास स्मारिका-२०८१

**संरक्षक**

हेटौँडा उपमहानगरपालिका

नगरप्रमुख

**मिनाकुमारी लामा**

नगर उपप्रमुख

**राजेश बानियाँ**

**सल्लाहकार**

**ध्रुव अधिकारी**

अध्यक्ष : टोल विकास संस्था नगर समन्वय समिति

**शिवहरि दाहाल**

महासचिवः टोल विकास संस्था नगर समन्वय समिति

**गीता मैनाली**

कोषाध्यक्ष : टोल विकास संस्था नगर समन्वय समिति

**प्रकाशन समिति**

संयोजक : बालकुमार श्रेष्ठ

सदस्य : कृष्णप्रसाद पोखरेल

सदस्य : शोभा गुरुङ

**प्रकाशन सहयोग**

हेटौँडा उपमहानगरपालिका


**प्रकाशक :**

**टोल विकास संस्था नगर समन्वय समिति**

प्रकाशन मिति : २०८१ माघ

प्रकाशित सङ्ख्या : ५०१ प्रति

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-

शाखा/उपशाखा/इकाई :-

चलानी नं. :-



मिति : २०८१।०३।१०

## शुभकामना

संस्था स्थापनाको रजत महोत्सवको अवसरमा संस्थाका परिचय, गतिविधिहरू लगायत विषयसङ्ग सरोकार राख्ने महत्त्वपूर्ण अध्ययन सामग्रीहरू समाबेश गरी टोल विकास स्मारिका प्रकाशन गर्न लागेको खवर थाहा पाउँदा खुसी लागेको छ। स्मारिकामा प्रकाशन हुने पाठ्य सामग्रीले दिगो, सन्तुलित र समानतामा आधारित विकासमा समुदाय परिचालनको औचित्यतालाई आम समुदायका बिचमा थप प्रष्ट्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विकासमा जनताको अधिकार र कर्तव्य दुबै विषयलाई स्थापित गर्न बि.सं. २०५६ सालदेखि सुरु भएको ३७७ टोल विकास संस्था गठन तथा परिचालनको अभियानले यस नगरको समग्र सामाजिक तथा आर्थिक रुपान्तरणको प्रक्रियामा ठूलो योगदान गरेको छ। समुदाय परिचालन एवम् जनसहभागिताका माध्यमबाट सम्पूर्ण नागरिकलाई विकासप्रतिको अधिकार र पहुँच स्थापित गर्न, सामाजिक न्यायको प्रत्याभूति दिलाउन तथा नगरको सरसफाई, हरियाली प्रवर्द्धन, सचेतीकरण, बालश्रम, बालमैत्री स्थानीय शासन लगायत सभ्यता र सुसंस्कार सम्बन्धी जनजागरणका विभिन्न अभियान सफल बनाउन टोल विकास संस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ। वर्तमान समयमा टोल विकास संस्था, यस उपमहानगरपालिकाको एक महत्त्वपूर्ण सहयोगी औजार एवम् संयन्त्र बन्न सफल भएको सन्दर्भमा संस्था गठन इतिहासको रजत वर्षको यस महत्त्वपूर्ण घडीमा संस्थाको निरन्तर क्रियाशीलताको कामना गर्दै यस नगरको समृद्धिका लागि निरन्तर सहकार्यको अपेक्षा गर्दछ।

........................

मिनाकुमारी लामा

नगर प्रमुख

फ्याक्स: ०५७-५२२८७६/५२२०४४ इमेल : info@hetaudamun.gov.np वेवसाइट: hetaudamun.gov.np

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-

शाखा/उपशाखा/इकाई :-

चलानी नं. :-



मिति : २०८१।०३।१०

**शुभकामना**

टोल विकास नगर समन्वय समिति स्थापनाको रजत महोत्सवको अवसरमा संस्थाका परिचय, गतिविधिहरू लगायत विषयसँग सरोकार राख्ने महत्त्वपूर्ण अध्ययन सामग्रीहरू समावेश गरी टोल विकास स्मारिका प्रकाशन गर्न लागेको खबर थाहा पाउँदा खुसी लागेको छ। स्मारिकामा प्रकाशन हुने विभिन्न सामग्रीले यस उपमहानगर पालिकाको दिगो, सन्तुलित र समानतामा आधारित विकासमा समुदाय परिचालनको औचित्यतालाई आम समुदायका बिचमा थप प्रष्ट्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

समग्र विकासमा जनताको अधिकार र कर्तव्य दुबै विषयलाई स्थापित गर्न वि.सं. २०५६ सालदेखि सुरु भएको टोल विकास संस्था गठन तथा परिचालनको अभियानले यस नगरको समग्र सामाजिक तथा आर्थिक रुपान्तरणको प्रक्रियामा अग्रणी भूमिका खेलेको छ । समुदाय परिचालन एवम् जनसहभागिताका माध्यमवाट सम्पूर्ण नागरिकलाई विकासप्रतिको अधिकार र पहुँच स्थापित गर्न, सामाजिक न्यायको प्रत्याभूति दिलाउन तथा नगरको सरसफाइ, हरियाली प्रवर्द्धन, सचेतीकरण, बालश्रम, बालमैत्री स्थानीय शासन लगायत सभ्यता र सुसंस्कार सम्बन्धी जनजागरणका विभिन्न अभियान सफल बनाउन टोल विकास नगर समन्वय समिति निरन्तर लागिरहेको छ। टोल विकास नगर समन्वय समिति यस उपमहानगरपालिकाको एक महत्त्वपूर्ण औजार एवम् संयन्त्र बन्न सफल भएको सन्दर्भमा संस्था गठन इतिहासको रजत वर्षको यस महत्त्वपूर्ण समयमा शुभकामना व्यक्त गर्दै उपमहानगरपालिकाको समृद्धिका लागि निरन्तर सहकार्यको अपेक्षा गर्दछु।

.............................

राजेश बानियाँ

नगर उपप्रमुख

फ्याक्सः ०५७-५२२८७६/५२३०४४ इमेल : info@hetaudamun.gov.np वेबसाइटः hetaudamun.gov.np

# अध्यक्षको भनाइ

समुदाय परिचालनका माध्यमबाट समावेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासिल गर्न टोल विकास संस्थाहरूको स्थापना गरिन्छ । नगरका प्रत्येक नागरिकहरूको सहभागितालाई अभिबृद्धि गर्दै समग्र टोल, वडा तथा नगरको समग्र विकासमा योगदान गर्न तथा विकासका अवधारणबारे टोलका हरेक सदस्यहरूलाई जानकारी गराउदै सचेत, समुन्नत, सिर्जनशील र विकसित हेटौंडा बनाउने अभियानको अगुवाई गर्नका लागि टोल विकास संस्थाको विकास तथा बिस्तार एवम् क्षमता विकासमा ध्यान दिन टोल विकास संस्थाहरू मार्फत व्यक्तिगत बचतलाई अभिबृद्धि गर्ने, लगानीको वातावरण सृजना गर्ने, साझेदारी विकासमा संयोजनकारी भूमिका निर्वाह गर्ने तथा नगरसङ्गको समन्वयमा बिभिन्न कार्यहरू सञ्चालन गर्न टोल विकास संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । टोल विकास संस्थाहरूको सशक्तीकरण, परिचालन, तथा क्षमता विकासका कार्यक्रमहरूबाट टोल विकास संस्थाहरूको सुदृढीकरण, विकास र यसको व्यवस्थापनका लागि टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

परिवर्तित टोल विकास संस्था सञ्चालन कार्यविधि, नगर समन्वय समिति, वडा समन्वय समिति र टोल विकास संस्थाहरूको विधान र नयाँ तहगत संरचनालाई तयार गरी १९ वटै वडाहरूमा रहेका टोल विकास संस्थाहरूलाई नगरको सामुदायिक विकासमा पारदर्शी र जवाफदेही ढङ्गले सञ्चालन गर्न टोल विकास संस्थाहरूमा आर्थिक सुशासन कायम गर्न, भए गरेका कामहरूको अनुगमन गर्न तथा गरेका राम्रा अभ्यासहरूको अभिलेखीकरण गर्दै हामीले टोल विकास स्थापनाको २५औं बर्ष, रजत महोत्सव यस बर्ष मनाइरहँदा यस पालिकाभित्रका सरसफाइ, हरियाली वातावरण कायम गर्न भएका प्रयासहरू तथा टोल विकास संस्थाहरूको भौतिक र सामाजिक कार्यहरूको गतिविधिहरू, भएका राम्रा अभ्यासहरूसङ्ग सम्बन्धित लेख रचनाहरू समेटेर यो स्मारिका प्रकाशित गरेका छौं ।

यस स्मारिकामा १९ वटा वडाभित्र रहेका सम्पूर्ण टोल विकास संस्थाहरूका अध्यक्षज्यूहरू, वडामा स्थित टोल विकास संस्था वडा समन्वय समितिहरू र नगर समन्वय समिति, हेटौंडाका पदाधिकारी तथा सदस्यज्यूहरूका विवरणहरू, टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७९ साथमा नगर प्रमुखज्यू लगायतको अन्तर्वाता तथा टोल विकास संस्थाहरूका गतिविधिहरूसङ्ग सम्बन्धित अवधारणात्मक तथा व्यवहारिक लेख रचनाहरू लगायत हेटौंडा उपमहानगरपालिकाको संक्षिप्त परिचय र सार्वजनिक हितका सूचनाहरू समेत समावेश गरि यो स्मारिका प्रस्तुत भएको छ । यस स्मारिका प्रकाशनका लागि आर्थिक सहयोग गर्नुहुने उपमहानगरपालिकाका जनप्रतिनिधिहरू, लेख रचना पठाएर सहयोग गर्नुहुने उपमहानगरपालिकाका कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधिहरू, विद्यार्थी, विज्ञापनदाता वडा समितिहरू तथा सबै सरोकारवालाहरू साथै प्रकाशन समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यो हामी सबैको सकारात्मक सोचको प्रतिविम्वनबाट नै सम्भव भएकोले यहाँहरू सबैको रचनात्मक सुझावको  स्मारिका प्रकाशन समिति मार्फत् टोल विकास नगर समन्वय समितिबाट हार्दिक स्वागत गरिने कुरा अनुरोध गर्दछु ।

धन्यवाद “जय टोल विकास”

ध्रुवप्रसाद अधिकारी
अध्यक्ष
टोल विकास संस्था नगर समन्वय समिति

# विषयसूची


| विषयक्रम | | पृष्ठ |
|---|---|---|
| १. | हेटौँडा उपमहानगरपालिकाको संक्षिप्त परिचय | १ |
| २. | टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्षहरूको सम्पर्क नम्बरहरू | ३ |
| ३. | टोल विकास संस्थाको औचित्य -बालकुमार श्रेष्ठ (लेख) | ५ |
| ४. | नगरप्रमुख मीनाकुमारी लामाज्यूसङ्ग लिइएको अन्तरवार्ता | ११ |
| ५. | वातावरण भित्र नियाल्दा -श्यामप्रसाद श्रेष्ठ (लेख) | १५ |
| ६. | टोल विकास -लालचन्द्र प्रजा (कविता) | २० |
| ७. | वडा नं. १-१९ नं. सम्मका टोल विकास संस्था समन्वय समितिका पदाधिकारी र सदस्यको विवरण | २१ |
| ८. | वडा नं. १ देखि १९ नं. वडा सम्मको सबै वडाभित्रका टोल विकास संस्थाका अध्यक्षहरूको नाम र सम्पर्क नम्बरहरू | २९ |
| ९. | टोल विकास संस्था नगर समन्वय समिति, हेटौँडाको पदाधिकारी तथा सदस्यहरूको सम्पर्क विवरण | ४४ |
| १०. | डोरमणी पौडेलज्यसङ्ग लिइएको अन्तरवार्ता | ४७ |
| ११. | नगर उपप्रमुख राजेश बानियाँज्यूसङ्ग लिइएको अन्तरवार्ता | ५१ |
| १२. | दिगो, आत्मनिर्भर र समन्यायिक विकासका लागि टोल विकास संस्था -भीमप्रसाद तिमल्सिना (लेख) | ५७ |
| १३. | हाम्रो हेटौँडा, राम्रो हेटौँडा–गणेशकुमार श्रेष्ठ (कविता) | ६२ |
| १४. | टोल विकास संस्था : एक जानकारी –शिवहरि दाहाल (लेख) | ६३ |
| १५. | उसलाई खबरदार–रिजन राना (कविता) | ६६ |
| १६. | सडक बालबालिकाको प्यारो घर : हेटौँडाको मामाघर–अर्पण पराजुली (लेख) | ६९ |
| १७. | विकास–किसन पौडेल (कविता) | ७४ |
| १८. | स्वयम्लाई प्रेम गरौँ..... - ब्रह्माकुमार विजय राज सिग्देल (लेख) | ७५ |
| १९. | प्लास्टिकको भयङ्कर कुरूप राज्य – बैकुण्ठ लामिछाने (कविता) | ८१ |
| २०. | हेटौँडामा बालमैत्री अभियानमा भएका प्रयास -विष्णुकुमारी लामिछाने (लेख) | ८३ |
| २१. | टोल विकासमा महिला सशक्तीकरण–माया पौडेल (लेख) | ८९ |
| २२. | फोहर व्यवस्थापनमा हेटौँडा उपमहानगरपालिका -ई.चन्दा खड्का (लेख) | ९३ |
| २३. | हेटौँडाः सफा सहर घोषणा र टोल विकास संस्था -बि.के. महर्जन (लेख) | ९७ |
| २४. | फोहरमैला व्यवस्थापनमा स्थानीयको कार्य वा भूमिका-आदित्य चौलागाईं (निबन्ध) | १०१ |
| २५. | टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७६ (अनुसूचीहरू समेत) | १०७ |

# हेटौँडा उपमहानगरपालिकाको संक्षिप्त परिचय




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

महाभारतकालीन किम्बदन्ती अनुसार पाण्डवहरू वनबासको क्रममा आमा कुन्तीको सहमतिमा भीमले राक्षस हिडिम्बासित विहे गरेपछि हिडिम्बाको कोखबाट जन्मेको पुत्र घटोत्कच र हिडिम्बाको वासस्थान यसै स्थानमा भएको नाताले उनीहरूकै नामबाट यस ठाउँको नाम हेटौँडा रहेको भन्ने जनविश्वास छ । हिडिम्बा र शक्ति स्वरुपिणी माता भुटनदेवीको ऐतिहासिक तथा धार्मिक पृष्ठमूमिमा मानव बसोबासको लागि योग्य सहरको आधारभूत पूर्वाधार संरचना तथा भौतिक विकासको गतिमा अगाडि बढिरहेको हेटौँडा अधिराज्यका २ राष्ट्रिय राजमार्गहरू महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सङ्गमस्थलमा अवस्थित छ । नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरूप मकवानपुर जिल्लाका दश स्थानीय तह मध्येको एक हेटौँडा उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रूपमा अवस्थित रहेको छ । नेपालको मध्य भागमा रहेको हेटौँडालाई वि.स. २०१६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो । २०१७ साल मङ्सिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौँडा उपमहानगरपालिका स्थापना भयो ।

**हेटौंडाका प्रमुख विशेषताहरू:**

- देशको प्रमुख २ राजमार्ग महेन्द्र राजमार्ग तथा त्रिभुवन राजपथको सङ्गमस्थल,
- राजधानीबाट नारायणगढ हुँदै २२४ कि.मी. नौबिसे दामन हुँदै १३२ कि.मी. तथा राजधानीबाट जोड्ने द्रुतमार्ग हुँदै ७६ कि.मी.को दक्षिण दुरीमा अवस्थित,
- चुरे र महाभारत पर्वतको फेदीमा अवस्थित, उष्ण तथा समशितोष्ण हावापानी,
- मकवानपुर जिल्लाको सदरमुकाम,
- देशको तेस्रो ठूलो औद्यौगिक नगर,
- भारतसङ्गको प्रमुख नाका बीरगन्जसङ्ग राजधानी जोड्ने एक मात्र द्वार ।

**भौगोलिक अवस्थिति:**

- उचाई: समुद्र सतहबाट ३०० देखि १,८६० मिटर उचाइमा अवस्थित,
- प्रशासनिक विभाजन अनुसार वडा संख्या: १९
- क्षेत्रफल २६१.५८ वर्ग कि.मी.

**सिमाना:**

- पूर्व: बकैया गाउंपालिका
- पश्चिम: मनहरी र राक्सिराङ्ग गाउँपालिका
- उत्तर: मकवानपुर गढी, भीमफेदी र कैलाश गाउँपालिका
- दक्षिण: पर्सा जिल्ला र बारा जिल्ला

**प्रमुख नदीहरू:**

- राप्ती
- कर्रा
- सामरी
- चकरी खोला

**जनसङ्ख्याको विवरण**

राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार उपमहानगरपालिका कूल जनसङ्ख्या १,९३,५७६ (पुरुष ९५,६७८ र महिला ९७,८९८) र घरधुरी सङ्ख्या ४६,५६६ रहेको छ ।

(स्रोत: ***hetaudamun.gov.np***)

# टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्षहरूको विवरण

| क्र.सं. | वडा नं. | नाम, थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | १ | रूपा ढुङ्गाना | ९८४५१२५५३९ |
| २ | २ | मनिषा घले | ९८४९८३०८५५ |
| ३ | ३ | रोशन गोले | ९८५५०७०७४३ |
| ४ | ४ | राजेन्द्र बस्ताकोटी | ९८५५०३१२५४ |
| ५ | ५ | टिकाबहादुर खड्का | ९८५५०७२३१७ |
| ६ | ६ | बासुदेव खतिवडा | ९८५५०६९५५५ |
| ७ | ७ | युवराज गौतम | ९८५५०६७१६३ |
| ८ | ८ | विष्णु अर्याल | ९८५५०६८६९९ |
| ९ | ९ | रमिला सापकोटा | ९८४५०२९८५७ |
| १० | १० | नवराज न्यौपाने | ९८६०८११५७५ |
| ११ | ११ | यज्ञबहादुर आचार्य | ९८५५०७०२७१ |
| १२ | १२ | राजेश नगरकोटी | ९८५५०३०७३० |
| १३ | १३ | बालकुमार श्रेष्ठ | ९८६५०४९२२० |
| १४ | १४ | केदार सिं थिङ्ग | ९८११२२१९९३ |
| १५ | १५ | सिंहबहादुर वि.क. | ९८४५२९८९०७ |
| १६ | १८ | ममता कार्की | ९८४५०२५७०० |
| १७ | १९ | देवेन्द्र अर्याल | ९८४५५३७२२८ |

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**सविन न्यौपाने**

**वडा अध्यक्ष एवम्**

**१ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**विष्णु गोपाल महर्जन**

**वडा अध्यक्ष एवम्**

**२ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

# टोल विकास संस्थाको औचित्य



✍बालकुमार श्रेष्ठ

**विषय प्रवेश :**

वि.सं.२०५५ पछि नेपालमा धेरैवटा स्थानीय तहहरू जनप्रतिनिधि विहीन भए । त्यहाँ धेरैवटा नगरपालिका तथा उपमहानगरपालिकाहरूमा जनप्रतिनिधिको अभावमै कामहरू गर्नुपर्ने अवस्था आयो । २०५४ सालतिर टोल लेन अर्गनाइजेसनको रूपमा हेटौँडा नगरपालिकाले सुरुवात गरेको यो पहिलो कार्यक्रमले जनप्रतिनिधि नहुँदाको समयमा पनि स्थानीय विकास कार्यक्रमलाई निरन्तरता दिइएको थियो । त्यस्तैगरी वातावरण संरक्षणमा पनि एउटा पालिकास्तरीय संस्था बनेको थियो । वि.सं.२०५५ साल असार १४ गतेबाट टोल लेन अर्गनाइजेसन र नगरस्तरीय वातावरण समितिलाई मर्ज गरी टोल विकास संस्थाहरू वडाको सहयोगी संस्थाको रूपमा रहने गरी बनेको हो । पछि यी सबै टोल विकास संस्थाहरूले सामाजिक विकास, स्थानीय भौतिक विकास र सरसफाई तथा वातावरण संरक्षका क्षेत्रमा काम गर्न थाले । २०५९ सालदेखि २०७४ सालसम्म नेपालभरका स्थानीय तहको निर्वाचन नभएको समयमा हेटौँडा नगरपालिकामा भने कुनै पनि काम गर्नलाई कर्मचारीहरूलाई टोल विकास संस्थाहरू मार्फत गर्दा कुनै पनि विकास खर्च गर्न कठिन भएन । लगातार हेटौँडा नगरपालिका सफा र सुन्दर सहरका रूपमा पुरस्कृत पनि भयो । त्यसपछिका समयमा टोल विकास संस्थाहरूलाई नियमन र समन्वय गर्न टोल विकास संस्था नगर समन्वय समिति, हेटौँडा गठन भयो र पुरानो हेटौँडा नगरपालिकाका ११ वटा वडाहरूमा क्रियाशील रह्यो । त्यसपछि २०६५ सालमा हेटौँडा उपमहानगरपालिका भई वडाहरू थपिएपछि पनि नयाँ वडाहरूमा टोल विकास संस्थाहरू गठन भएनन् । २०७४ सालमा भएको स्थानीय तह निर्वाचनपछि भने सबै वडाहरूमा जनप्रतिनिधिहरूलाई सघाउने उद्देश्यले २०७५ सालदेखि नयाँ बनेको ३ नं. वडा र वडा नं. १२ देखि १९ नं. वडासम्म सबैमा टोल विकास संस्थाहरू गठन गर्ने अभियान सुरु भयो । टोल विकास संस्था वडा समन्वय समितिहरू पनि गठन भई काम गर्न थाले । काम गर्ने क्रममा कतिपय वडा अध्यक्षहरूले टोल विकास संस्थाहरूलाई परिचालन गरी वडामा राम्रो सामाजिक र भौतिक विकासलाई गति दिनुभयो भने कतिपय वडाका वडा अध्यक्षहरूले आफ्नै प्रतिस्पर्धी संस्थाका रूपमा लिई असहयोग र टोल विकास संस्थाहरूको अव्यवहारिक व्याख्या गर्न थाल्नुभयो । अहिले टोल विकास संस्थाको सुरुवात

भएको २५ बर्ष पुगेको सुअवसरमा विविध कार्यक्रम गरी स्थापना दिवस मनाउने क्रममा हामी छौँ ।

**व्यवस्था :**

हाम्रो देशको भूगोल, जनसङ्ख्या र सामाजिक साँस्कृतिक अवस्था अनुसार टोल विकास संस्थाहरूको कार्यप्रणाली हुनु जरुरी हुन्छ । यही हो स्थानीय विकासको मर्म । अहिले स्थानीय विकास मन्त्रालयको राजपत्रमा सबै स्थानीय तहहरूमा टोल विकास संस्थाहरू गठन गरी स्थानीय विकास प्रस्ताव योजना तर्जुमा गर्नुपर्ने र सम्बन्धित क्षेत्रमा पर्ने टोल विकास संस्थाहरूको व्यक्तिहरूबाट अनुगमन समिति बनाएर मात्र भौतिक योजनाका कामहरू गर्न निर्देश गरेको छ ।

स्थानीय रूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी गाउँ नगरको अन्तरसम्वन्धलाई सुदृढीकरण गर्न, गाउँ र नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रूपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन, सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न, टोलका जनसमुदायहरूलाई संस्थागत रूपमा विकास गर्ने वातावरण सिर्जना गर्ने जस्ता उद्धेश्य लिई राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा यस उपमहानगरपालिकामा समेत सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत स्थानीय तहको सामाजिक तथा आर्थिक विकासका लागि समुदाय परिचालनका लागि अघि सारिएको टोल विकास संस्थाको अवधारणा बमोजिम गठीत टोल विकास संस्थाहरूले सामाजिक परिचालनका माध्यमबाट यस उपमहानगरपालिकाको विकास प्रक्रियामा हालसम्म पुऱ्याएको योगदानलाई अक्षुण्ण राख्न आवश्यक देखिएकोले आगामी दिनमा बृहत्तर हेटौँडाको अवधारणा वमोजिम विस्तारित क्षेत्रमा समेत समुदाय परिचालनका माध्यमबाट समावेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासिल गर्न यस्ता संस्थाहरूको स्थापना तथा सञ्चालनलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौँडा उपमहानगरपालिका नगरकार्यपालिकाले हेटौँडा उपमहानगरपालिका टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरी लागु गरेको छ । (स्रोत : टोल विकास संस्था दर्पण, हेटौँडा, २०८० )

यसमा निर्देशक समितिको संयोजक नगरप्रमुख हुने र त्यस सात सदस्यीय समितिले चार चार महिनामा बैठक बसी टोल विकास संस्थाहरूको कामहरूको मूल्याङ्कन गर्ने र

आवश्यक निर्देशन दिई नगर समन्वय समिति र वडा समन्वय समितिहरू मार्फत कार्यान्वयन गराउने व्यवस्था छ ।

स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमाका चरण टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७३ अनुसार हरेक स्थानीय तहको वडास्तरको समग्र विकासका निम्ति टोल विकास संस्था स्थापना गरी विकासको प्रस्ताव सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्छ । सो प्रस्तावमाथि छलफल गरी विकास प्रस्ताव तर्जुमा गरिन्छ । यस क्रममा निम्नलिखित चरण अवलम्बन गरिन्छ :

(अ) वर्तमान अवस्थाको विश्लेषण तथा आवश्यकताको पहिचान,

(आ) सबैभन्दा बढी महत्वको विषयको छनोट,

(इ) प्रस्तावनाको तयारी तथा सम्बन्धित स्थानीय तहमा पेस,

(ई) अनुमानित बजेट तथा स्रोतको निर्क्योल,

(उ) उपभोक्ता समिति र स्थानीय तहका प्रतिनिधिबीच सम्झौता,

(ऊ) परियोजनाको कार्यान्वयन ढाँचा,

(ऋ) अनुगमन तथा मूल्याङ्कन ।

(स्रोत :सामाजिक अध्ययन, कक्षा ९, जनक शिक्षा सामग्री केन्द्र)

यसरी तत्कालीन हेटौँडा नगरपालिकाबाट सुरु भएको टोल विकास संस्थाको काम स्थानीय विकास प्रस्ताव तर्जुमाका चरणहरूको नेपाल सरकारले समेत स्वीकार गरी विद्यालय तहका विद्यार्थीहरूलाई समेत अध्यापन गर्नुपर्ने गरी पाठ्यपुस्तकमा समेत समावेश गरिएको छ ।

टोल विकास संस्थाहरूले आफ्ना चार किल्लाभित्र नेतृत्व गर्दा त्यहाँका प्रत्येक घरधुरीहरूको लगत राख्ने, त्यस टोलभित्रका सबै सर्वसाधारण टोलवासीहरूको सामाजिक विकास, आयमूलक कामहरू, भौतिक विकास, सरसफाई र हरियाली वातावरण सम्बन्धी कामहरू गर्नुपर्ने हुन्छ । सामाजिक न्यायका लागि मुख्य रूपमा योजना बनाउने, योजना कार्यान्वयनमा त्यस टोलका सबै टोलवासीलाई सहभागी गराउने आदि कामहरू गर्नुपर्ने दायित्व तोकिएको छ ।

**टोल विकास संस्थाको औचित्य :**

टोलविकास संस्थाहरूले सबै तहका जनप्रतिनिधि वडामा, नगरमा आउँदा स्वागत सम्मान गर्नुपर्ने, मान्छेहरूको हुल जम्मा गरिदिनुपर्छ । नगर समन्वयले ल्याउने सबै सूचनामा

टोलविकासबाट उपस्थिति बढाइदिनुपर्छ । तिनीहरू भनेका जनप्रतिनिधिका खबरी हुन् भन्ने कतिपय जनप्रतिनिधिको मान्यता देखिंदै गर्दा कतिपय टोल विकास संस्थाहरूमा पनि मासिक बचत हिनामिना गर्ने, समयमै अधिवेशन तथा साधारण सभा नगर्ने, बचतको लेखापरीक्षण नगराउने, अनि टोल विकासमा चाहिँ नेतृत्व जसरी पनि चाहिने प्रवृत्ति देखिन्छ । यी दुवै पक्षका अतिवादी सोच हो । वास्तवमा टोल विकास गठन हुनुको औचित्यलाई निम्नानुसार पुष्टि गर्न ससकिन्छ ।

क) टोलविकास संस्था स्थानीय तहको सामाजिक विकास शाखामा दर्ता भएको आधिकारिक तल्लो तहको संस्था हो, यसै मार्फत वडा र उपमहानगर, नगर, गाउँपालिकाहरूले लाभग्राही, स्थानीय स्रोत साधन, जनशक्ति, आर्थिक श्रोत आदिको लगत राख्ने गर्दछ ।

ख) टोल विकास संस्थाहरूले वडाको सामाजिक र आर्थिक योजना निर्माण र कार्यान्वयनमा अनिवार्य जनसहभागिता जनाउनुपर्ने हुन्छ ।

ग) खेर गइरहेका स्थानीय प्राकृतिक वस्तुबाट तयारी वस्तु उत्पादन गरी आफ्ना टोलवासीलाई आम्दानीसँग जोड्नु प्रत्येक टोल विकास संस्थाको कर्तव्य हो ।

घ) टोल विकास संस्था गठनको मुख्य उद्देश्य टोलमा भएका असहाय, अपाङ्ग, एकल वृद्धवृद्धा आदिको सुरक्षा र संरक्षण गर्नु, टोल क्षेत्रभित्र प्रदुषण हुन नदिनु, टोलभित्र गरिने भौतिक विकासको अनुगमन गर्नु, बालबालिकाहरूलाई विद्यालय पठाउन अभिभावकलाई सचेत गर्नु, चाडपर्वमा टोलभित्र झैझगडा र विवाद हुन नदिनु, लागूपदार्थ दुर्व्यसन न्यूनीकरण गर्न वडा र प्रहरी संयन्त्रसङ्ग मिलेर काम गर्नु, घरेलु हिंसा नियन्त्रणमा योगदान गर्नु, सामान्य विवाद निरूपणमा मेलमिलापकर्ताहरूसँग समन्वय गर्नु, टोलभित्रका व्यवसायिक क्षमता भएका व्यक्तिहरूको पहिचान गरी त्यस्तो सिपलाई प्रवर्धन गरी आयमूलक बनाउन वडा र तालिम प्रदायक संस्थाहरूसँग समन्वय गर्नु, टोल क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक र धार्मिक स्थलहरूको संरक्षण र संवर्धन गर्नु, वडाले व्यक्तिको नाता प्रमाणित गर्न यकिन गर्न खोजेमा आफ्नो टोलवासीको पञ्जिका व्यवस्थापनमा सहयोग गर्नु, टोलका स्थानीय उत्पादनलाई बिक्रीवितरणको वातावरण मिलाउनु हो ।

ङ) स्थानीय लोकगीत, लोकनृत्य र लोक संज्ञानको उचित संरक्षण गर्न टोल विकास संस्थाहरूको सक्रीयतामा मात्र सम्भव छ ।

च) स्थानीय युवाहरूलाई खेलकुदमा आवश्यकताअनुसार सहयोग गर्न टोल विकास संस्थाहरूले पहल गर्न सक्छन् ।

छ) हेटौंडा उपमहानगरको हरियाली वातावरण कायम गर्न, स्थानीय रूपमा विकसित हुदै गरेका पार्क तथा मनोरन्जनस्थलहरूको सरसफाई र आगन्तुक व्यवस्थापन गर्न त्यहींको टोलविकास संस्थाहरू नै एकमात्र भरपर्दा संस्था हुन सक्छन् ।

## उपसंहार :

निष्कर्षमा भन्नुपर्दा टोलविकास संस्थाहरूलाई हेर्ने दृष्टिकोण र टोल विकास संस्थाहरूले गर्ने अभियान विगतभन्दा सुधार हुनु जरुरी छ । ईच्छाशक्ति र समय भएकाहरूले मात्र टोल विकास संस्थालाई हाँक्न सक्छन् । टोल विकास संस्थाहरूलाई क्षमता अभिवृद्धिको सैद्धान्तिक होइन कि व्यवहारिक तालिम जरुरी हुन्छ । त्यसका लागि वडा समन्वय समितिहरूले मात्र निरन्तरता दिन सक्छन् । नगर समन्वय समितिले दिएका तालिमहरूलाई टोलविकास संस्थाहरूले नकारात्मक धारणा बनाउन थालिसकेकोले यति सुन्दर औचित्यपूर्ण टोलविकास संस्थाहरूमा राजनीति सुरु भइसकेको प्रतीत हुन्छ । विकासको राजनीति, निर्माणको राजनीति र सहकार्यको राजनीति गर्न त सबै तहका नागरिकलाई छुट होला, तर टोल विकास संस्था गठन र परिचालनको मर्मलाई नबुझी मेरो गोरुको बाह्रै टक्का भन्ने रट छाडेमा मात्र टोलविकास संस्थाहरूले अग्रगामी परिणाम दिन सक्षम हुनेछन् ।

*(लेखक: टोल विकास संस्था नगर समन्वय समिति, हेटौँडाका सदस्य तथा प्रकाशन समितिका संयोजक हुनुहुन्छ ।)*

❑❑❑

**हेटौंडा उपमहानगरपालिकाको अत्यन्त जरूरी सूचना ।**

**नेपालको कानुनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बालविवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानुनले कारवाहीको दायरामा ल्याएको छ। बालबालिकालाई बाल विवाह होइन, शिक्षा प्रदान गरौं ।**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**ढलकबहादुर थापा**

**वडा अध्यक्ष एवम्**

**३ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**नवीन सिग्देल**

**वडा अध्यक्ष एवम्**

**४ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

# नगर प्रमुखज्यूसङ्गको अन्तरवार्ता

*(टोल विकास संस्थाहरूको गठन, सञ्चालन र प्रभावकारिता सम्बन्धमा टोल विकास संस्था, नगर समन्वय समिति हेटौँडाका प्रकाशन समितिका संयोजकले टोल विकास स्थापनाको २५औँ रजत वर्षको अवसरमा प्रकाशित यस स्मारिकाको लागि नगर प्रमुख मिनाकुमारी लामाज्यूसङ्ग गरेको कुराकानीमा आधारित अन्तरवार्ताको अंश)*



**➪ यहाँले टोल विकास संस्थाबाटै समाजसेवा सुरु गर्नु भएको भन्ने सुनेको छु, यसबारे केही बताइ दिनुहोस् न ।**

पारिवारिक तथा सामाजिक वातावरणको प्रभावले सामाजिक क्षेत्रमा चासो तथा समाजसेवाको रुचि मलाई विद्यालय शिक्षा पूरा गर्दाकै अवस्थामा पैदा भएको हो । विद्यार्थी राजनीतिको प्रभावका कारण समेत समाजमा केही गर्नुपर्छ, भन्ने भावना ममा थियो । बैवाहिक सम्बन्धमा गाँसिए पश्चात् टोल विकास संस्था गठनको प्रक्रिया आफ्नो टोल क्षेत्रमा समेत देखेपछि टोल विकासका माध्यमबाट विशेषगरी गृहिणी महिलाहरूको क्षमता विकास गरी सामाजिक भूमिकामा ल्याउन सकिने महसुस भएपश्चात् सेवाको भावनाले टोल विकास संस्थामा आबद्ध हुन र नेतृत्व गर्न ईच्छा भएको हो । साँच्चि नै भन्नुपर्दा टोल विकास संस्थामा आबद्धताले मलाई समाज सेवाको कार्यमा थप क्रियाशील हुन प्रेरित गरेको र आत्मा विश्वास बढाएको चाहिँ हो ।

**➪ अहिले हेटौँडा उपमहानगरपालिकाको टोल विकास संस्थाहरूसङ्गको सहकार्यको अवस्था के छ ?**

हेटौँडा उपमहानगरपालिका र टोल विकास संस्था बीचको सम्बन्ध अत्यन्त सुमधुर छ । अभिभावक र सन्तान बीचको सम्बन्ध जस्तो छ । उपमहानगरपालिकाकै स्वीकृत कार्यविधि बमोजिम गठित टोल विकास संस्था उपमहानगरपालिकाको सहयोगी संस्थाको रूपमा रहेको छ । विशेषगरी वडा समिति अन्तर्गत प्रत्यक्ष जोडिएर योजना तर्जुमा, कार्यान्वयन, अनुगमन लगायतका कार्य र समुदायको रूपान्तरणका लागि सञ्चालन गरिने विभिन्न सामाजिक अभियानहरूलाई जनताको अभियान बनाउन र घरदैलोमा पुग्नको लागि टोल विकास

संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । टोल विकास संस्थाहरूको सक्रीयताबाट नगरबासीमा स्वयम्सेवी भावनाले आफ्नो टोल क्षेत्रको समग्र विकासमा चासो बढाएको छ, सहभागिता बढाएको छ, कर्तव्यबोध गराएको छ । समुदाय स्तरमा एकताभाव मजबुत भएको छ । मानवीयता बढाएको छ । यिनै सवल पक्षहरूको सदुपयोग गर्न उपमहानगरपालिकाले टोल विकास संस्थासङ्गको सहकार्य बढाउँदै लगेको छ ।

**➢ हेटौँडा नगरीको पहिचान दिनसक्ने विषयहरू के के हुन र तिनलाई उठाउन टोल विकास संस्थाहरूलाई परिचालन गर्ने उपमहानगरपालिकाको नीति कस्तो रहेको छ ?**

बागमती प्रदेशको राजधानी हेटौँडा भू अवस्थितिका आधारमा असाध्यै राम्रो सम्भावना बोकेको सहर हो । मुलुकको प्रवेशद्वार बीरगञ्ज र सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने मुलुकको करीव बीच भागमा अवस्थित र ४ राष्ट्रिय राजमार्ग र निर्माणाधीन फास्टट्र्याकसङ्ग कनेक्सन भएको सहर हो । मुलुककै ठूलो र पुरानो औद्योगिक क्षेत्र सहित २ औद्योगिक क्षेत्र र मुलुकका ३ ठूला सिमेन्ट उद्योग सहितका प्रशस्त ठूला र मझौला उद्योगहरू रहेको औद्योगिक सहर हो । ४८ प्रतिशत भन्दा बढी वन क्षेत्रले ढाकिएको मानव बसोबासका लागि राम्रो हावापानी भएको, स्वच्छ र सफा सहर, खानेपानीको आपूर्ति तथा श्रोत प्रशस्त रहेको र छोटो दूरीमा फरक जलवायू प्राप्त गर्न सकिने सहर हो । ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा र नजिकका दूरीमा प्रशस्त पर्यटकीय सम्भावना बोकेका स्थान र सम्पदाहरू यस सहरमा छन । स्थानीय आर्थिक विकासका सम्भावनाका रूपमा रहेका उद्योग तथा पर्यटनका अतिरिक्त स्थानीय उद्यम, कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणको सहज अवस्था जस्ता सबल पक्षहरू यस नगरका पहिचान दिनसक्ने विषयहरू हुन् । यी सम्भावनालाई अधिकतम नगरको विकासमा उपयोग गर्न सबै नगरबासीहरूको सामुहिक प्रयास, सकारात्मक मन र भावना आवश्यक छ । नगरबासीहरूको मनहरूलाई एकत्रित गरी त्यो शक्तिलाई सकारात्मक दिशामा प्रयोग गराउन टोल विकास संस्था सक्रीय हुन जरुरी छ । उपमहानगरपालिकाले टोल विकास संस्थालाई संस्थागत सामर्थ्य विकास गर्दै परिचालन गर्ने नीति लिएको छ ।

**➢ टोल विकास संस्था सञ्चालनमा देखिएका चुनौतिहरूलाई छोटकरीमा भन्नुपर्दा के भन्नुहुन्छ ?**

उपमहानगरपालिकामा गठित ३७७ वटा टोल विकास संस्थालाई हेर्दा औसत रूपमा चलायमान र क्रियाशील नै छन । टोल विकास संस्था गठनका प्रारम्भिक समयमा मुख्य

बजार क्षेत्रमा गठन भएका केही टोल विकास संस्थाहरू र केही विस्तारित वडाहरूमा गठन गरिएका टोल विकास संस्थाहरू सक्रीय गराउन सकिएको छैन । मुख्य बजार क्षेत्रका टोल विकास संस्थाका भूगोलहरू मिलाएर टोल विकास संस्थाको आकारलाई व्यवस्थित गराई सक्रीय बनाउनुपर्ने र उपमहानगरपालिकाका ग्रामीण भेगका वडामा रहेका टोल विकास संस्थाहरूको संस्थागत क्षमता विकास गरी सक्रीय बनाउनुपर्ने चुनौति देखिएको छ । वडा समितिको प्रत्यक्ष नजिक रहेर समन्वयकारी ढङ्गले काम गर्नुपर्ने संस्था भएको कारण कतिपय वडामा अझै वडा समितिले टोल विकास संस्थालाई परिचालन गर्न खासै महत्व नदिँदा र कतिपय अवस्थामा राजनैतिक विचारका कारणले वडा र टोल विकास संस्थाका बीचमा असमझदारी रहनुले भूमिका बढाउन नसक्नु चुनौतिका रूपमा रहेका छन् । कतिपय अवस्थामा टोल विकास संस्थाको कार्य समिति चयन गर्दा राजनैतिक प्रभावका कारण टोल विकासमा आबद्ध फरक फरक विचारका व्यक्तिहरूको समान सक्रीयता कायम गराउन चुनौति देखिएको छ । सबै वडा समन्वय समिति उत्तिकै सक्रीय नहुँदा टोल विकास संस्थाहरूको नियमित साधारण सभा सञ्चालन गराउन चुनौति देखिएको छ । आफ्नो टोलमा देखिने समस्यामा आधारित रहेर स्वस्फूर्त टोल सुधार तथा सरसफाइका अभियानहरू अझै पनि नियमित रूपमा सञ्चालन गराउन सकिएको छैन । संख्यात्मक रूपमा आकार बढेसङ्गै गुणात्मक बनाउन र टोल विकास संस्थाभित्रका बचत व्यवस्थापन, सुरक्षण र सञ्चालनमा चुनौति देखिएका छन् ।

### टोल विकास संस्था स्थापनाको २५ औं रजत बर्ष मनाई रहँदा यहाँ के भन्नुहुन्छ ?

टोल विकास संस्था एक सशक्त नागरिक संस्थाको रूपमा स्थापित भएको छ । उपमहानगरपालिकाका सबै घरधुरी अनिवार्य रूपमा कुनै न कुनै टोल विकास संस्थामा आबद्ध गराउने उद्देश्यले टोल विकास संस्थाले आगामी दिनमा उपमहानगरपालिकाको समन्वय, सहयोग र सहकार्यमा आफ्नो भूमिका थप क्रियाशील गर्नुपर्ने देखिन्छ । टोल विकास संस्था गठन र परिचालनका सन्दर्भमा मुलुकमै पुरानो स्थानीय तह भएको नाताले पुराना तथा परिपक्व र सङ्गठित भैसकेका टोल विकास संस्थाहरूले नयाँ संस्थाहरूलाई क्रमशः सिकाई हस्तान्तरण गर्दै स्वच्छ प्रतिस्पर्धात्मक विकास तथा सुधार आफ्ना-आफ्ना टोलबाटै अघि बढाई सिङ्गो हेटौँडा उपमहानगरपालिकालाई उत्कृष्ट स्थानीय तह बनाउन टोल विकास संस्थाको भूमिका तथा परिचालन अपरिहार्य छ । विकासको प्रक्रियामा आम जनतालाई सहभागी गराउने माध्यम संस्थाको रजत बर्षको यो अवसरमा टोल विकास संस्थाको अभियान यहाँसम्म ल्याउन योगदान गर्ने समस्त अग्रज सहयोगी मनहरूप्रति

हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा नगरको समग्र विकासमा नागरिक तहको सक्रीय सहकार्य र सहभागिता जुटाउने दिशामा टोल विकास संस्थाको गतिशीलता थप वृद्धि होस् । उपमहानगरपालिका टोल विकास संस्थाको संस्थागत विकास र परिचालनमा सहकार्य र सहयोगका लागि प्रतिबद्ध छ ।

**➢ अमुल्य समयको लागि यहाँलाई धन्यवाद, अन्तमा मैले छुटाएको र यहांले भन्नैपर्ने केही छ कि ?**

उपमहानगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यमा महत्वपूर्ण सहयोग, सहकार्य गर्दै स्वयम्सेवी रूपले यस नगरको विकासका लागि समग्र टोल विकास संस्थाको छाता संस्थाको रूपमा क्रियाशील नगर समन्वय समिति तथा वडा समन्वय समितिका साथीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । छाता संस्थाको संस्थागत क्षमता वृद्धि गर्दै उपमहानगरपालिकाका विभिन्न संरचनामा टोल विकास संस्थालाई जोड्दै जाने योजनामा हामी छौं । विकास जनताका लागि र जनताद्वारा हुनुपर्दछ भन्ने विकासको मान्यताप्रति हामी प्रतिबद्ध छौं । जनताको सहभागिता बिनाको विकासमा जनताले अपनत्वबोध गर्दैन । त्यस्तो विकासले जनताको मन नजित्ने भएकोले जनताको व्यापक सहभागिताबाटै नगरको दिगो, सन्तुलित र समन्यायिक विकास हासिल हुन्छ भन्ने पक्षमा उपमहानगरपालिका रहेको छ । जनतालाई सङ्गठित गरी परिचालन गर्ने संयन्त्र टोल विकास संस्था भएकोले सिङ्गो हेटौँडाको समृद्धि र समग्र विकासका लागि सहकार्य गर्दै अगाडि बढौं भन्न चाहन्छु । साथै सम्पूर्ण नगरबासीहरू आफ्नो भूगोलमा क्रियाशील टोल विकास संस्थामा आबद्ध हुन र टोल विकास संस्थाका माध्यमबाट आफ्नो टोलको सुधार एवम् विकासमा योगदान गर्नुहुन सम्पूर्ण नगरबासीहरूमा अनुरोध गर्दछु । धन्यवाद ।

❑❑❑

# “वातावरण भित्र नियाल्दा”



**✍ श्यामप्रसाद श्रेष्ठ**

*“आहा ! हेटौँडा कति  हरियाली सुन्दर स्वच्छ सफा सहर ?”*  हो, हेटौँडामा पाइला टेक्ने हरेक व्यक्तिबाट यही मुखरित हुने गर्दछ ।  हेटौँडाको प्रमुख परिचय सुन्दर वातावरणीय अवस्था नै हो ।  यो वातावरणीय अवस्था कसरी निर्माण भयो भन्ने विषयमाथि चर्चा गर्न आउनुहोस् एकछिन वातावरण भित्र नियालौँ ।

२०११ सालमा परेको ठूलो बर्षाको कारण आएको महामारी विनाशकारी बाढीले प्रमुख रूपमा भीमफेदी, धोर्सिङ, भैंसे क्षेत्रमा  ठुलो धनजनको क्षति हुन पुग्यो ।  काठमाडौँ उपत्यका भित्र बाहिर देश बिदेशबाट भित्रिने नाकाको बजारहरूमध्ये भीमफेदी, धोर्सिङ र भैंसे बजार प्रमुख व्यापारिक केन्द्र थिए । देश विदेशबाट आउने मानिसहरू साथै सामानहरू बीरगञ्जदेखि रेलबाट अमलेखगञ्जसम्म आइपुग्थ्यो । अमलेखगञ्जबाट गाडीमा भैंसे, धोर्सिङ हुँदै भीमफेदीसम्म आइपुग्थ्यो । तत्पश्चात् सामानहरू धोर्सिङमा रहेको रोप वे बाट अथवा मानिसहरूले बोकेर हिँडेर काठमाडौँ भित्राइन्थ्यो । विनाशकारी बाढीले यी तीन बजारमा क्षति पुऱ्याएपछि त्यहाँका  वासिन्दाहरू अधिकांश हेटौँडामा आएर स्थायीरूपले बसोबास गर्न थाले । तत्पश्चात् हेटौँडाले व्यापारिक क्षेत्रको रूपमा स्थापित हुने अवसरको ढोका खोलेको भन्न सकिन्छ ।

गाउँ पञ्चायतको रूपमा रहेको हेटौँडा २०१७ सालमा नगर पञ्चायतको रूपमा स्थापित भयो । मकवानपुर जिल्लाको सदरमुकामको रूपमा रहेको भीमफेदी २०३९ साल पश्चात्  हेटौँडामा सदरमुकाम सारियो । यस कार्यले हेटौँडा प्रशासनिक, व्यवसायिक र आवासीय दृष्टिकोणले महत्व बढेर गएको पाउँछौँ ।

२०४६ सालको जन आन्दोलन पश्चात् देशमा बहुदलीय व्यवस्था स्थापना पश्चात् हेटौँडा नगर पञ्चायतबाट नगर पालिकामा रूपान्तरण भयो ।

२०५२ सालमा सुरु भएको माओवादी आन्दोलनको कारण तराई क्षेत्र र पहाडी क्षेत्रबाट व्यापकरूपमा हेटौँडामा बँसाईसराई क्रम जारीले हेटौँडाको आवादी अनपेक्षित रूपमा गुणात्मक रूपमा बृद्धि पश्चात् हेटौँडा तीब्रगतिमा सहरीकरणतर्फ उन्मुख भएको पाउँदछौँ ।

देशमा लोकतान्त्रिक व्यवस्था स्थापना पश्चात २०७१ सालमा नगरपालिकालाई उपमहानगर पालिकाको रूपमा विस्तार गरी ११ वडालाई क्षेत्र विस्तार गरी १९ वडा पुऱ्याइयो । २०७८ सालसम्म आउँदा हेटौंडा सङ्घीय प्रणाली अन्तर्गत बागमती प्रदेशको राजधानीको रूपमा स्थापित भयो ।

हालको हेटौंडा औद्योगिक क्षेत्र २०२० सालमा स्थापना गरिएको हो । हाल हेटौंडा तेस्रो ठूलो औद्योगिक क्षेत्र पनि हो । यसरी एउटा गाउँ विभिन्न चरणहरू पार गर्दै आज हेटौंडा विभिन्न व्यापार व्यबसायको साथै एउटा औद्यौगिक सहरको रूपमा विकास भएको पाउँदछौं । तर यो सन्तोषजनक विकास भने होइन । हेटौंडाको सन्तोषजनक रूपमा विकास नहुनुको कारण २०१६ सालमा एशियन हाईवेको प्रस्ताव संयुक्त राष्ट्र सङ्घबाट अनुमोदित भै २०६० सालबाट नेपालमा निर्माण कार्य प्रारम्भ भएको एशिया महादेश अन्तर्गत रहेको सम्पूर्ण देशहरूलाई जोड्ने सडक सन्जाल एशियन हाईवे हेटौंडामा कार्यान्वयन नहुनु हो ।

कार्यान्वयन नहुनुको प्रमुख कारण घर जग्गाको क्षतिपुर्तिको मुद्दा हो । यस मुद्दालाई बागमती प्रदेश तथा सम्बन्धित निकायहरूले यससङ्ग सरोकार रहेको जग्गाधनीहरूले क्षतिपुर्ति पाउनु पर्ने हो भने यथाशीघ्र क्षतिपुर्ति दिलाउनु पऱ्यो, पाउनु नपर्ने हो भने कारण सहित स्पष्ट पारी हेटौंडाको भाग्यरेखाको रूपमा रहेको एशियन हाइवेको निर्माण प्रकृया यथाशीघ्र अगाडि बढाउनु पर्दछ ।

अब हेटौंडाको केही वातावरणीय पक्षलाई नियालौं । नेपालको संविधानमा एउटा नागरिकले स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई सुरक्षित गरेको छ । यसै मर्मलाई बुझेर तत्कालीन अवस्थामा स्थानीय निकायमा जनताले ढल,चोक, सडक, बजारमा फालेको फोहरलाई स्थानीय निकायले कुचोले बढारेर गाउँ, बजार, सहरबाट नजिक रहेको जङ्गल, खोला खहरेको छेउछाउमा थुपारिन्थ्यो । फोहर व्यवस्थापनको नाममा फोहरलाई सार्ने काम गरिन्थ्यो । नागरिकहरू पनि स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार अरूबाट खोज्ने तर वातावरणलाई स्वच्छ बनाउने आफ्नो दायित्व र कर्तव्य भुलेर फोहर जथाभावी फालेर अरूको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार प्रति गैरजिम्मेवार हुन्थे । तत्कालीन अवस्थासम्म स्थानीय निकाय एउटा फोहर सफा गर्ने अड्डाको रूपमा स्थापित थियो । नगर क्षेत्र भित्रका हजारौं जनताहरू फोहर जथाभावी फालिरहने, एक्लो स्थानीय निकाय सयौं सफाई कर्मचारी पालेर हजारौंले फालेको फोहरलाई कहिँ कतै डम्पिन्ङ अर्थात् थुपारेर जनताबाट असुलेको कर खर्च गर्नु पर्ने बाध्यता थियो । आज फोहरमैला व्यवस्थापनको मान्यता फेरिएको छ । फोहरलाई फाल्ने होइन पाल्ने, फोहरबाट मोहर कमाउन सकिन्छ, फोहरलाई डम्पिङ हैन फोहरको व्यवस्थापन भन्ने मान्यता स्थापित भएको छ । फोहर उत्पादनको आधारमा नागरिकले दायित्व बहन गर्नु पर्दछ भन्ने मान्यता अनुसार वि.सं.

२०६१ देखि हेटौँडामा शुल्कमा आधारित घर दैलो फोहर सङ्कलन सेवा सुरु गरीं फोहरको व्यवस्थापन गर्दै आएको छ ।

२०५८ सालमा गमभि नामक संस्थाको सहयोगमा हेटौँडाको हरेक टोल टोलमा फोहर मैला व्यवस्थापन तालिम सञ्चालन गरियो ।

तत्कालीन २०५१ सालमा नगरपालिकाका मेयर डोरमणि पौडेलले नगरको मुख्य क्षेत्रस्थित सडकको दाँया बायाँ वृक्षारोपण गरी हेटौँडालाई  हरियाली सहरको रूपमा स्थापित गराइयो । यही कारण हेटौँडालाई स्वच्छ, सफा हरियाली सुन्दर सहरको रूपमा २०५८ सालमा जराजुरी पुस्कारबाट सम्मानित गरियो ।

तत्पश्चात् नगरपालिकाले पहिलो पटक २०५५ सालमा मकवानपुर उद्योग वाणिज्य सङ्घसङ्गको सहकार्यमा पोलेथिन झोलाको बिक्री र प्रयोगमा प्रतिबन्ध गरियो । यो वातावरण सुधारको क्षेत्रमा वृक्षारोपण पछिको दोस्रो महत्वपूर्ण कार्य थियो । तर पोलेथिन झोला प्रतिबन्ध गर्नुभन्दा अगाडि यस विषयमा जनस्तरमा व्यापक छलफल अन्तरक्रिया नगरी हतारमा ल्याइएको यो कार्यक्रमले सफलता हासिल गर्न सकेन ।  यस प्रतिवन्ध कार्यक्रमलाई तत्कालीन हेटौँडा नगरपालिका वडा नं. ६ चौघडा स्थित नवजीवन ज्योति क्लबले नियालिरहेको थियो । जनस्तरमा स्थापना गरिएको सामाजिक संस्था नव जीवन ज्योति क्लबले २०५५ सालमा पोलिथिन झोला प्रतिबन्ध हैन प्रयोग गरेको पोलिथिन तथा प्लास्टिकजन्य फोहरलाई सुईरोको माध्यमले सङ्कलन गरौँ भन्ने आह्वानका साथ प्लास्टिक प्रदुषण विरुद्ध सुईरो अभियान वडा नं ६ मा सुरु गऱ्यो । वडामा सुईरो कार्यक्रम सञ्चालन गरेपश्चात् आँगन, ढल, सडकचोक, खेतबारी यत्रतत्र देखिने प्लास्टिकजन्य फोहर नियन्त्रित भै सुन्दर देखियो  । सङ्कलित प्लास्टिकजन्य फोहर पुनरुत्पादनको कच्चा पदार्थको रूपमा बिक्री गरी क्लबले फोहरबाट मोहर कमाउँ भन्ने उक्तिलाई चरितार्थ गऱ्यो ।

हेटौँडा नगर पालिकाभित्र पहिलो पटक क्लबले समुदायमा ३ दिने फोहर मैला शिक्षा गोष्ठी सञ्चालन गरियो ।  यो गोष्ठी (urban devlopment local efforts - udle) को सहयोगमा सञ्चालन गरिएको थियो । यो गोष्ठीबाट समुदायले फोहर के हो ? फोहरबाट मोहर कसरी कमाउन सकिन्छ ? भन्ने बारे दिइएको तालिम अत्यन्तै शिक्षाप्रद सिद्ध भएको थियो ।

नव जीवन ज्योति क्लबले सञ्चालन गरेको “प्लास्टिक प्रदुषण बिरुद्ध सुईरो अभियान चौघडाबासीको मौलिक पहिचान” नामाकरण अभियान दिनप्रतिदिन सफल हुँदै यसको राष्ट्रिय रूपमा लोकप्रियता हासिल गर्दै गएकै कारण २०५८मा वातावरण तथा जनसङ्ख्या मन्त्रालयले तत्कालीन अन्तर्राष्ट्रिय बीरेन्द्र सभाहल, हालको प्रतिनिधि सभा भवन बानेश्वरमा क्लबलाई वातावरण संरक्षण राष्ट्रिय सम्मान सहित पुरस्कृत गऱ्यो । सोही वर्ष क्लबले

२०५८ जेष्ठ २२ तदनुसार June 5 मा नव जीवन ज्योति क्लबले हेटौंडा नगरपालिका वडा नं ६ लाई स्थानीय टोल विकास संस्था, विद्यालय, वडाबासीहरूको उपस्थितिमा प्लास्टिक प्रदुषण नियन्त्रित क्षेत्र घोषणा गरियो । यसरी एउटा सामाजिक संस्थाको पहलमा सुरु गरेको सुईरो अभियान राष्ट्रिय रूपमा विभिन्न सहरहरूमा सुईरो अभियानको अनुकरण तीब्र गतिमा हुँदै थियो । यो सुईरो अभियानको प्रभावकारिता देखेर हेटौंडा नगर पालिकाको पहलमा २०५८ मंसिर २८ गते नव जीवन ज्योति क्लबको अध्यक्षतामा नगरस्तरीय वातावरण सुधार नगर समन्वय समिति गठन गरियो । तत्पश्चात् ११ वडामा वडास्तरिय वातावरण सुधार वडा समन्वय समिति गठन गरी ११ वडामा प्लास्टिक प्रदुषण विरुद्ध सुईरो अभियान सुरु गरियो । वडास्तरमा रहेको हरेक टोलहरूलाई सुईरो वितरण र सुईरोको माध्यमबाट प्लास्टिक सङ्कलन कार्य तीब्र बनाउँदै क्रमश: हरेक वडालाई प्लास्टिक प्रदुषण नियन्त्रित वडा घोषणा गर्दै अन्तमा २०५९ जेष्ठ २२ मा विश्व वातावरण दिवसको अवसरमा हेटौंडा नगरपालिका वातावरण सुधार समन्वय समितिको आयोजनामा विशाल ऱ्यालीको आयोजना गऱ्यो । नगर भित्र रहेको टोल विकास संस्था, विद्यालय, सरकारी तथा गैरसरकारी सङ्घसंस्था तथा कार्यालयहरू उपस्थित रहेको विशाल जुलुशले नगर परिक्रमा गर्दै परिणत भएको आमसभामा हेटौंडा नगर पालिकालाई राष्ट्रियस्तरमा पहिलो प्लास्टिक प्रदुषण नियन्त्रित सहरको रूपमा विकास गर्ने प्रतिवद्धात्मक हस्ताक्षरको साथमा ऐतिंहासिक घोषणा गरियो । सोही दिन २० माइक्रोन भन्दा पातलो पोलिथिनको कालो झोला बिक्री तथा प्रयोगमा पूर्ण रूपमा प्रतिबन्ध गरियो । जुन आज सम्म उक्त प्रतिबन्ध कार्यक्रम सफल रहेको छ ।

हेटौंडामा वातावरणीय सचेतना जागरण गर्न विद्यालयस्तरमा ईको क्लब गठन, वातावरणीय सचेतना गीति क्योसट, मासिक वातावरण सचेतना जागरण मासिक पत्रिका प्रकाशन, प्लास्टिकलाई विस्थापित गर्न विकल्पको रूपमा कपडाको झोला वितरण, वातावरण सचेतना सडक नाटक प्रदर्शन , फोहर व्यवस्थापन तालिम, वातावरणीय सचेतना हाजिर जवाफ, वक्तृत्वकला, आदि कार्यक्रमहरू सञ्चालन आदि कार्यहरू यसै समन्वय समितिको सक्रीयतामा सञ्चालन गरिएको थियो । यी कार्यक्रमहरू गर्दै जाँदा हेटौंडा नगरपालिका अन्तर्गत रहेको सहयोगी संस्था टोल विकास नगर समन्वय समिति र वातावरण सुधार समन्वय समितिबीच अधिकांश लक्ष्य, उद्देश्य र कार्यमा समानता भएकोले २०६९ सालमा यी दुई संस्थाबीच एकिकरण गरी टोल विकास नगर समन्वय समिति नै नामाकरण गरियो ।

२०७१ सालमा नगरपालिकाभित्र ११ वडा रहेको संरचनामा परिवर्तन गरी १९ वडा सहितको उप महानगरपालिका घोषणा गरियो । हाल पालिका भित्र टोल विकास संस्थाको सङ्ख्या ३७७ पुगेको छ ।  टोल विकास संस्था नगर समन्वय समितिको सक्रीयतामा हरेक बर्ष टोल विकास संस्थाहरूको क्षमता बृद्धिको लागि विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ । विश्वमा विभिन्न कारण अत्यधिक कार्बन उत्सर्जन भएकै कारण विश्वब्यापी बढेको उष्णिकरण (global warming)को कारण भएको जलवायु परिवर्तन (climate change) हुँदै आएको छ । वातावरण संरक्षणको निमित्त नगरबासीलाई सचेत र वातावरण संरक्षणको निमित्त सचेत र सक्रीय  बनाउन समितिले हरेक वर्ष विश्व वातावरण दिवसको सन्दर्भमा साप्ताहिक विभिन्न कार्यक्रम सम्पन्न गर्दै आएको छ । विश्व वातावरण दिवस हेटौंडा नगरवासीको लागि एउटा ठुलो चाडपर्वको रूपमा विगत २३ बर्ष देखि मनाउँदै आएको छ । उक्त दिन हेटौंडास्थित टोल विकास संस्था, विद्यालय, अन्य गैर सरकारी तथा सरकारी कार्यालय तथा सामाजिक सङ्घसंस्थाहरू विभिन्न झाँकी तथा भेषभुषामा सजिएर ऱ्यालीले नगर परिक्रमा गर्ने गरिन्छ । उक्त दिन ऱ्यालीमा उत्कृष्ट सङ्घसंस्थाहरूलाई सम्मान सहित पुरस्कृत गर्ने प्रचलन रहेको छ । यसै वर्ष टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाले वडा नं ६ स्थित रक्षादेवी टोल विकास संस्थालाई नगर स्थित टोलहरू मध्ये पहिलो नमूना टोलको रूपमा घोषणा गरिएको थियो । उक्त प्रस्तावित नमूना टोलले वातावरणीय, सामाजिक, आर्थिक आदि रूपान्तरणको लागि १ बर्षको अवधिमा  विभिन्न सुचकहरू पुरा गरेका थिए । यो नमूना टोलको अभियान रक्षादेवी टोलमा मात्र सीमित हुनु हुन्न । एउटा टोल नमूना हुनु ठुलो कुरा हैन । हामीलाई सिङ्गो हेटौंडा उपमहानगरपालिकालाई राष्ट्रकै उत्कृष्ट नमूना उपमहानगरपालिका बनाउनु छ । अतः हेटौंडा उपमहानगरपालिका र टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाको सहकार्यमा तत्काल पञ्चबर्षीय वार्षिक योजना सीमा अवधि भित्र टोल विकास संस्था अन्तर्गत रहेको ३७७ वटा टोल विकास संस्थाहरूलाई नमूना टोलको लागि न्यूनतम आवश्यक सूचकहरू सम्पन्न गर्नु पर्ने मापदण्ड तयार गरी हेटौंडा उपमहानगरपालिकालाई उत्कृष्ट नमूना पालिकामा रूपान्तरण गर्ने अभियान अगाडि बढोस् । यस अभियानमा सम्पूर्ण हेटौंडावासीको साथ र सहयोग दुवै रहनेछ ।

*(लेखक: तत्कालीन नगरस्तरीय वातावरण सुधार समन्वय समिति, हेटौंडाका अध्यक्ष हुनुहुन्थ्यो ।)*

❑❑❑

# टोल विकास

✍लालचन्द्र प्रजा
टौडा-१९, सानान्टार

नेताहरू भन्छन अघि बढ्न कपट अनि छल चाहिन्छ
म त भन्छु टोल विकास जस्तै समूह को दल चाहिन्छ ।

स्वास्थ्य जीवन बिताउन वातावरण सफा हुन पर्छ
फोहर नियन्त्रण गर्ने बलियो कानुनी दफा हुन पर्छ ।
प्रकृतिले दिएको सुन्दर देश बेथितिले मैलिएको छ
सफा चाहिन्छ भन्छन तर आफैँमा दुर्गन्ध फैलिएको छ ।
देशकै सौन्दर्य बढाउन पहिला सफा स्थल चाहिन्छ
सडक कै लागि पनि त साईडमा नाला र ढल चाहिन्छ ।

वन जङ्गल मास्ने हैन बरु मिलेर बिरुवा पो रोप्नु पर्छ
हातेमालो गर्दै अघि बढी बिसङ्गतिलाई छोप्नु पर्छ ।
सही मार्गमा हिड्न पर्छ गलत कदम चाल्ने हैन
चुरोट को खोल चुईङ्गम चुस्दै जाहाँ तहिँ फाल्ने हैन ।
एक्लै ले गरेर त केही हुँदैन सबैको बल चाहिन्छ
कुर्ता र सलवारलाई पनि त सुहाउन सल चाहिन्छ ।

❑❑❑

# १ देखि १९ नं. वडाका टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण

## १ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | रूपा ढुङ्गाना | अध्यक्ष | ९८४५१२५५३९ |
| २ | गुप्तलाल गिरी | उपाध्यक्ष | ९८४५१२४५७८ |
| ३ | सम्राट सिलवाल | सचिव | ९८४५४०२२३१ |
| ४ | सरस्वती श्रेष्ठ | कोषाध्यक्ष | ९८४५१०३७९९ |
| ५ | पुरुषोत्तम पौडेल | सदस्य | ९८४५०७१०१० |
| ६ | लक्ष्मी आचार्य | सदस्य | ९८४५९०३६७१ |
| ७ | कविता श्रेष्ठ | सदस्य | ९८६५२११८६९ |
| ८ | रामकृष्ण तिमल्सिना | सदस्य | ९८४५४६१७१९ |
| ९ | किसन घिसिङ्ग | सदस्य | ९८५५०७१६५८ |
| १० | निर्जला थिङ श्रेष्ठ | सदस्य | ९८२६२६२१०९ |
| ११ | कमला स्याङ्तान | सदस्य | ९८४०५७४७७३ |
| १२ | लक्ष्मी लामा | सदस्य | ९८४५१२३९२० |
| १३ | प्रविना बज्राचार्य | सदस्य | ९८४१९७२४५२ |

## २ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | अन्जु अधिकारी | अध्यक्ष | ९८४५१२६६७६ |
| २ | चन्डिका गौतम | उपाध्यक्ष | ९८४५०७१०६३ |
| ३ | निरञ्जन विष्ट | सचिव | ९८५१०३३११९ |
| ४ | लक्ष्मी तिमल्सिना | कोषाध्यक्ष | ९८४५३९९५६३ |
| ५ | ईश्वर ढकाल | सहसचिव | ९८४५२२२०९२ |
| ६ | जानुका कँडेल | सदस्य | ९८४५४५५३४९ |
| ७ | सुनिता पाठक | सदस्य | ९८०१०२१०८५ |
| ८ | यशोदा लामिछाने | सदस्य | ९८४५१६४५२९ |
| ९ | विषलाल खड्गी | सदस्य | ९८५५०६७३३४ |
| १० | मिथिला पोखरेल | सदस्य | ९८४५५१३६०६ |
| ११ | विश्वनाथ श्रेष्ठ | सदस्य | ९८५५०३०८७२ |

## ३ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | रोशन गोले | अध्यक्ष | ९८५५०७०७४३ |
| २ | रामकुमारी घलान | उपाध्यक्ष | ९८४५२९७९५२ |
| ३ | बिबेक गौतम | सचिव | ९८४५९७८०२९ |
| ४ | अनिल पाठक | कोषाध्यक्ष | ९८४५२८५२८५ |
| ५ | सन्दिप ढिङ्गाना | सहसचिव | ९८५५०७८६९९ |
| ६ | रामबहादुर तितुङ्ग | सदस्य | ९८११११९८७३ |
| ७ | रिताकुमारी मोक्तान | सदस्य | ९८४५६५९९७८ |
| ८ | रामबहादुर थापा मगर | सदस्य | ९८४५६७९०८३ |
| ९ | राजकुमार राई | सदस्य | ९८४५१०५३८४ |
| १० | सुजन न्यौपाने | सदस्य | ९८४५२६९९३५ |
| ११ | कल्पना तामाङ | सदस्य | ९८४५४८९९०० |
| १२ | किस्नबहादुर गोले | सदस्य | ९८४३८९८९८९ |
| १३ | कृष्णबहादुर लामा | सदस्य | ९८५५०८९७०७ |

## ४ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | राजेन्द्रकुमार बस्ताकोट | अध्यक्ष | ९८५५०३१२५४ |
| २ | शान्ता बिडारी | उपाध्यक्ष | ९८४५१२३५०० |
| ३ | राजेश शर्मा | सचिव | ९८५५०१६४५७ |
| ४ | सुन्दर न्यौपाने | कोषाध्यक्ष | ९८५५०७१९१७ |
| ५ | गिता पौडेल | सदस्य | ९८४९९०२९८२ |
| ६ | दामोदर अधिकारी | सदस्य | ९८५५०८३७३२ |
| ७ | सुमित्रा श्रेष्ठ | सदस्य | ९८४५१४९७१५ |
| ८ | अभयराज अर्याल | सदस्य | ९८५५०७०५७८ |
| ९ | केदारप्रसाद ओझा | सदस्य | ९८५५०६९४५८ |
| १० | इन्द्र थापा मगर | सदस्य | ९८४४०२३९०१ |
| ११ | देवकुमारी ढकाल | सदस्य | ९८४५४८५०७५ |

## ५ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण :

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | टिकाबहादुर खड्का | अध्यक्ष | ९८५५०७२३१७ |
| २ | रीता आचार्य | उपाध्यक्ष | ९८४५८२८००३ |
| ३ | ईश्वरी चालिसे | सचिव | ९८४५५७३८२२ |
| ४ | जानुका सञ्जेल | कोषाध्यक्ष | ९८४५०२७७७९ |
| ५ | इन्द्र कार्की | सदस्य | ९८५५०६८५२८ |
| ६ | देवबहादुर बुढाथोकी | सदस्य | ९८५५०३०३५६ |
| ७ | सरिता अर्याल | सदस्य | ९८४५१६४३७३ |
| ८ | शारदा अधिकारी सुवेदी | सदस्य | ९८४५२८९१४० |
| ९ | कमला खड्का | सदस्य | ९८४५१०६२६४ |
| १० | रजनी पौडेल | सदस्य | ९८४५१६४५४२ |
| ११ | राजुकुमार प्रधान | सदस्य | ९८४५१०७२४६ |
| १२ | गोठी तामाङ राई | सदस्य | ९८४८८४९९२० |
| १३ | करुणा थापा | सदस्य | ९८४५४५८५५७ |

## ६ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण :

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | वासुदेव खतिवडा | अध्यक्ष | ९८५५०६९५५५ |
| २ | रमेशकुमार थापा | उपाध्यक्ष | ९८५५०३२३२८ |
| ३ | राजकुमार फुयाल | सचिव | ९८६१४६०९२० |
| ४ | नानीमाया रुम्बा | कोषाध्यक्ष | ९८६३५५४००१ |
| ५ | जीवकुमारी पौडेल | सदस्य | ९८४५२९३३७७ |
| ६ | शोभा ढुङ्गाना राई | सदस्य | ९७४६२९९८१९ |
| ७ | मदन न्यौपाने | सदस्य | ९८४५४८८९५२ |
| ८ | निर्मला राई | सदस्य | ९८४५३३८९९४ |
| ९ | पवित्रा थापा | सदस्य | ९८६५१२८७५१ |
| १० | पवित्रा गौतम अधिकारी | सदस्य | ९८४५५९८५९९ |
| ११ | सविना गुरुङ | सदस्य | ९८४५१३७५२२ |

## ७ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण :

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | युवराज गौतम | अध्यक्ष | ९८५५०६७१६३ |
| २ | प्रेमप्रसाद चौलागाईं | उपाध्यक्ष | ९८४५०५७२३४ |
| ३ | रेखा मैनाली | सचिव | ९८४१८९२२१८ |
| ४ | हरिशरण पुडासैनी | कोषाध्यक्ष | ९८६९२४८७०१ |
| ५ | जनार्दन पौडेल | सदस्य | ९८४५०३१९४४ |
| ६ | होमप्रसाद अधिकारी | सदस्य | ९८४५१३२७०२ |
| ७ | तुलसा अधिकारी | सदस्य | ९८४५१५९९९० |
| ८ | उर्मिला अधिकारी | सदस्य | ९८४५०७२९०१ |
| ९ | तारा नेपाल | सदस्य | ९८४५१२५७२९ |
| १० | पिंकी तामाङ | सदस्य | ९८४२५०३१६७ |
| ११ | सुजित पोखेल | सदस्य | ९८०१२२५५५० |
| १२ | रामकृष्ण भट्ट | सदस्य | ९८५५०१८७८९ |
| १३ | अम्बिका तिमल्सिना | सदस्य | ९८४५८३०२३१ |

## ८ नं. वडा टोल विकास संस्था वडा समन्वय समितिको कार्य समिति विवरण :

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
**(टोल विकास संस्थाको २५ औं स्थापना दिवसको उपलक्ष्यमा प्रकाशनार्थ टोल विकास स्मारिकाको लागि टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाका उपमेयर तथा न्यायिक समितिका संयोजक श्री राजेश बानियाँज्यूसङ्ग प्रकाशन समितिका संयोजक बालकुमार श्रेष्ठद्वारा लिइएको अन्तर्वाता )**



**यहाँ वडा नं. ५ को अध्यक्ष हुनुहुँदा यहाँले टोल विकास संस्थाहरूसङ्ग के के कामका लागि सहकार्य गर्नुभएको थियो ?**

जब म हेटौँडा-५ को वडाध्यक्ष रहँदा त्यहाँ २८ वटा वडाहरू थिए । कुनै पनि कार्यक्रम तथा नीति निर्माण गर्दा चाहे ती बजेट विनियोजनका कुराहरू, विकासका कुराहरू, समाज सुधारका कार्यक्रमहरू, वातावरणीय हिसाबले सुधारका सबै कार्यक्रमहरू आदि नै किन नहोस, सबै प्रकारका वडास्तरीय कार्यक्रमहरू गर्दा वडा नं. ५ का टोल विकास संस्थासङ्ग जोडिएका थियौं ।

**यहाँ वर्तमान समयमा हेटौँडा उपमहानगरपालिकाको न्यायिक समितिको पनि संयोजक हुनुहुन्छ । नगरवासीको मेलमिलाप र न्यायिक कार्य सम्पादनको लागि यहाँलाई शुभकामना छ । न्यायिक समितिमा रहेर दुईबर्ष काम गर्दा यहाँले कस्ता खालका मुद्दाहरू बढी आएको महसुश गर्नुभयो ?**

यो पछिल्लो समयमा शायद विश्वव्यापी आर्थिक मन्दिको कारणले पनि होला, बढीजस्तो मुद्दाहरू लेनदेन सम्बन्धी मुद्दा आउँछन् । त्यसपछि साँध सिमाना सम्बन्धी मुद्दा आएका छन् । साँध सिमाना सम्बन्धीमा पनि धेरै जस्तो चाहिँ मौखिक रूपमा सहमति गरेको, कुनै लिखित रूपमा कागज नभइकन कमाएका जग्गाहरूको साँधसिमानाका बारेमा लिखत नभए पनि मुद्दाहरू आउँछ । त्यस्ता मुद्दाहरूलाई कानुनी रूपमै किनारा लगाउने हिसाबले भन्दा पनि दुईपक्षीय छलफलका हिसाबले मुद्दा हेर्छौं । त्यसपछि वादी र प्रतिवादी दुवै पक्षले आ आफ्ना कमी कमजोरी स्वीकार गरेको खण्डमा र हामी मेलमिलाप गर्छौं भन्ने आशय आएको

खण्डमा चाहिँ हामी न्यायिक समितिले मध्यस्थता गरिदिई मेलमिलाप पनि गराइदिन्छौँ । खासगरी यस्तै प्रकृतिका मुद्दाहरू बढी आउने गरेका छन् ।

**धेरैजस्तो केशहरू मेलमिलाप भएका छन् कि कस्तो छ ?**

अधिकाँश मुद्दाहरू मेलमिलापबाटै छिनिएका छन् । अहिले पनि संविधानले स्थानीय तहको उपप्रमुखको संयोजकत्वमा न्यायिक समितिको परिकल्पना गरिएको छ र यो व्यवस्था भई केही विवादमा छिनोफानो गर्ने व्यवस्था भए पनि स्थानीय तहको न्यायिक समितिलाई मुद्दा फैसलाको पूर्ण अधिकार अझैं छैन, त्यसका बावजुद पनि अहिले विश्वास र भरोसामा हामीले काम गरिरहेका छौँ । सर्वप्रथम त गुनासो गर्ने पक्ष र प्रतिवादबीचमा न्यायिक समितिप्रति विश्वास जगाउनुपर्ने रहेछ । यो नै ठूलो चुनौतिको विषय हुँदो रहेछ । यहाँ न्यायिक समितिमा पनि हामीसङ्ग भएका  हेर्न मिल्ने र नमिल्ने भनी संविधानले क्षेत्रअधिकार दिइएका मुद्दाहरूमा पनि अधिकतम रूपमा जनविश्वास बढ्दो पनि छ । अलिकति कसैकसैमा चाहिँ अझैंसम्म यो न्यायिक समितिले के न्याय देला र ? यो न्यायिक समिति हो, यसलाई नटेरे पनि के फरक पर्छ र भन्ने खालको बुझाई पनि कतिपयमा रहेको पाएँ । यस्ता भ्रम र वास्तविकताको बिचमा पनि हामीले सबै पक्षहरूलाई यो न्यायिक समितिचाहिँ यस्तो संरचना हो, जसले नागरिकको गुनासो सुनुवाई हुन्छ, नागरिकका विषयमा निर्णय हुन्छ र सार्वजनिक महत्वको विषयमा निर्णय हुन्छ, साथै भन्ने कुरामा हाम्रो अधिकार पनि बुझाउँदै अघि बढेका छौँ ।

**यहाँको विश्वास जगाउने राम्रो कामको लागि यहाँलाई धन्यवाद । त्यसैगरी सामुदायिक विवादको कारण पहिचान र निराकरणको क्रममा यहाँ र यहाँको न्यायिक समितिले टोल विकास संस्थाहरूका व्यक्तिहरूसङ्ग समन्वय गर्नुभएको छ कि छैन ? छ भने कसरी ? छैन भने किन होला ?**

अब यस्तो, अब विगतको प्रचलन चाहिँ के रहेछ भने टोल विकास संस्थाहरूसङ्ग हामी निर्वाचित भएर आइसकेपछि अब हाम्रो नीति तथा कार्यक्रमको तस्रो बर्ष हो । यहाँ टोल विकास संस्थाहरूलाई सिङ्गो नगरपालिकाले वातावरण सुधार र संरक्षणको लागि बर्षभरिका क्रियाशीलता हेरेर वातावरण दिवसको दिनमा व्यापक सहभागिता गराउने, पुरस्कृत गर्ने गरिएको छ । त्यसबाहेक थोरै कार्यक्रमहरूमा मात्र सहभागी गरेको अवस्था रहेछ । तर हामी निर्वाचित भएर आइसकेपछि यो आर्थिक बर्षबाट भनेँ अब हामीले टोलस्तरीय कानुनी शिक्षा

जबसम्म प्रवर्द्धन गर्न सक्दैनौँ, जनजनमा कानुनी शिक्षा प्रभावकारी रूपमा पुऱ्याउन सक्दैनौँ, तबसम्म विवाद र मुद्दाहरू घट्दैन भन्ने हामीलाई लाग्यो । त्यसैले यसप्रकारको टोलस्तरीय कानुनी शिक्षालाई पब्लिक सम्म लाने माध्यम भनेको टोल विकास संस्था नै हो । त्यसले गर्दा टोल विकास समितिहरू न्यायिक समितिसङ्ग नजोडिएको मैले पाइसकेपछि यो बर्ष चाहिँ हामीले टोल विकासको माध्यमबाट हरेक सचेतनाका कार्यक्रम, कानुनी शिक्षाका कार्यक्रमहरू, त्यसमा महिला बालबालिका, विद्यार्थी सबैलाई हुनेगरी नीति तथा कार्यक्रम बनाएका छौँ । विगतमा सिङ्गो नगरपालिकाको माध्यमबाट न्याय सम्बोधन हुने नीति तय गरिने गरिएकोमा यो वर्षदेखि हामी टोल विकास समितिसङ्ग न्यायिक समिति पनि जोडिएका छौँ ।

**हाम्रो हेटौँडा उपमहानगरपालिकामा विभिन्न वडाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलहरू पनि छन् । तिनलाई बजेट विनियोजन गर्दा वडाअध्यक्षहरूबीच नै पनि केही मनमुटाव भएको पाउनुभएको छ त ?**

धार्मिक आस्थाको केन्द्रको आधारमा लगानीको लागि त कुनै पनि सम्प्रदायले वादविवाद गरेको देख्दिनँ । तर यहाँनेर सबै वडाध्यक्षज्यूहरूको हाम्रो वडाभित्रका मन्दिर, गुम्बा, चर्च एवम् सार्वजनिक स्थलहरूको कसरी धेरैभन्दा धेरै भौतिक विकास गर्न सकिन्छ भन्ने कुरामा ध्यान केन्द्रित भएको चाहिँ छ । हामी धर्म निरपेक्ष राज्यमा बसिसकेपछि कसरी सबै सम्प्रदायका पब्लिकहरूहरूलाई समानुपातिक आधारमा विकास गर्न सक्छौँ भन्ने कुरामा न्यायिक समिति र वडाध्यक्षहरू सचेत हुनुहुन्छ । हाम्रो मुलुक नै बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक रूपमा सहिष्णुता कायम भएको मुलुक भएर होला हाम्रा वडाध्यक्षज्यूहरू पनि आफूले जानेजति सन्तुलित विकासका लागि लाग्नुभएको जस्तो लाग्छ । त्यस्तो विवाद कुनै वडामा छैन ।

**कुनै वडामा बजेट बढी, कुनैमा कम हुनाले वडाध्यक्षहरूबीच सामान्य मनमुटाव पनि छैन त ?**

अब त्यो त बजेटको आकार वडाको क्षेत्रफल र जनसङ्ख्याको आधारमा पनि हुन्छ । ग्रामीण भेगबाट बनेका वडाहरू ठूला छन्, त्यहाँ धेरै संरचनाहरू बन्न बाँकी छन् । त्यसो हुँदा त्यस्ता वडाहरूमा केही बजेट बढी जानु स्वभाविक पनि हो जस्तो लाग्छ । बजार क्षेत्रका भौतिक पूर्वाधारहरूमा चाहिँ पुनः निर्माण र आयआर्जनका क्षेत्रमा बजेट आवश्यक हुन्छ ।

त्यसैले बजेट आवश्यकताका आधारमा समानुपातिक हिसाबले नै विनियोजन हुने भएकोले उहाँहरूले पनि त्यो कुरा बुझ्नुहुन्छ ।

**के वडा जनप्रतिनिधि र टोल विकास संस्थाका अध्यक्षहरू तथा समितिबिच समन्वय भएमा धेरै विवादहरू न्यायिक समिति समक्ष आउन नै पर्दैन भन्ने कुरामा तपाई विश्वास गर्नुहुन्छ ? यदि त्यस्तै हो भने कसरी ?**

हाम्रो खाका नै त्यही छ । हामी २०७४ सालमा निर्वाचित भैसकेपछि हामीले नगरसभाबाट पास गरेका छौँ कि नगरमा रहेको नगरस्तरीय टोल विकास समन्वय समिति र वडास्तरमा रहेका टोल विकास समन्वय समिति र टोल विकास संस्था भनेको न्यायिक निरूपणका लागि सहयोगी हात रहनेछन् । त्यस निर्णय तथा कार्यविधिमा टोल विकास संस्थालाई उपमहानगरपालिकाको आधिकारिक अङ्ग मानिएको छ । हाम्रो स्थानीय पालिकाको हरेक मुद्दाको सुरुवात नै टोल विकास संस्थाहरूबाट छलफल गर्ने, त्यसलाई वडास्तरीय मेलमिलाप समितिसङ्ग र टोल विकास संस्थाका प्रतिनिधिहरूसङ्ग बसेर छलफल गर्ने, विवादको कारण बुझ्ने, सुरुमा त्यसका लागि टोल विकास संस्था, वडा समन्वय समिति र नगर समन्वय समितिको सक्रीयतामा सहजीकरण गर्ने भनी व्यवस्था गरिएको छ । पछिल्लो समयमा टोल विकास संस्थाहरूलाई हेर्ने समन्वय समिति र वडा सरकारबिच कतिपय वडाहरूमा समन्वय छँदै छैन, हामीले पनि यो कुरा बुझेका छौँ । अब त्यसमा मानिसको मुण्डमुण्ड बुद्धि कुण्डकुण्ड पानी भनेजस्तो बुझाइ नै त्यस्तो हो की म वडाध्यक्ष हुँदा त मैले सबैलाई समेटेर लगेको हो, तर वडाध्यक्षज्यूहरूमा कतै कतै चाहिँ के देखिन्छ भने हामी वडा सरकार आफैमा वडा समिति पूर्ण छदैछौँ, अब यो टोल विकास पनि त्यति आवश्यक होइन कि भन्नेजस्तो बुझाइ रहेको हो कि जस्तो पनि देखिन्छ । यस्तो भएता पनि उहाँहरूले टोल विकासलाई त्यसरी वेवास्ता नै चाहिँ गर्नुभएको छैन, समन्वयको चाहिँ कमी भएको हो । तर त्यो विस्तारै मिलाएर लाँदाखेरी जस्तो टोल विकास संस्थाहरू, वडा समन्वय समितिहरू र टोल विकास नगर समन्वय समिति हुन्छन् । तिनले पनि जनताकै कामहरू गर्ने हुन् । नगरपालिकाले पनि, वडा सरकारले पनि जनताकै काम गरिरहेका छन् । त्यसैले वडा सरकारले ती नगरपालिकाले तय गरेका टोल विकासहरूसङ्ग समन्वय गरेर काम गर्ने हो भने जनप्रतिनिधिलाई ठूलो सहयोग पुग्छ । अवश्य पनि समन्वयबाट धेरै विवादरहित कामहरू पनि अघि बढाउन सकिन्छ । त्यसैले समन्वय गर्नुपर्छ ।

**हजुर, यहाँको एकदमै स्पष्ट दृष्टिकोण आयो । हाम्रो हेटौँडाको सामाजिक विकास र सामाजिक एकताका लागि न्यायिक समितिको संयोजकको नाताले अब के के कामहरू गर्नुपर्ने देख्नुहुन्छ ?**

अब मुख्य कुरा भनेको सामाजिक हिसाबले अहिले पनि हामीसङ्ग कानुनी साक्षारता र सामाजिक सचेतनाको अभाव छ । यी बनेका जानकारीहरू र कानुनी सचेतनाहरूलाई पनि हामीले घरघरमा पुऱ्याउन सकेका छैनौँ । जस्तै एउटा घरमा आगलागी भयो भने कति नम्बरमा फोन गर्ने भन्ने जानकारी पनि धेरैजस्तो नगरवासीलाई जानकारी छैन जस्तो लाग्छ मलाई । दमकल, एम्बुलेन्स, प्रहरी आदिका नम्बरहरू आकस्मिक सेवाहरू हुन्, यीनलाई सेभ गरेर राख्नुपर्छ भन्ने जस्ता सामान्य भन्दा सामान्य कुराहरू पनि मेरो नगरवासीलाई जानकारी छैन जस्तो लाग्छ । हाम्रोमा के छ भने आगो लाग्दा पनि वडाध्यक्षलाई फोन गर्नुपर्ने, उपमेयरलाई, मेयरलाई फोन गर्नुपर्ने भन्ने जुन बुझाई र प्रचलन छ नि यस्ता सामान्य भन्दा सामान्य जानकारीहरूलाई पनि कानुनी साक्षारता सङ्गसङ्गै लग्यौँ भने सामाजिक क्षति र विवाद दुवै न्यूनिकरण गरेर सङ्गसङ्गै अघि बढाउन सक्छौँ । यी साथै हेटौँडाको समग्र सामाजिक विकासका योजना तथा कार्यक्रमहरू टोल विकास संस्थाहरूसङ्ग समन्वय गरेर तल्लो तहका मानिसहरूसम्म हामी जानुपर्छ । जबसम्म उपमहानगरपालिका त्यसरी जाँदैनौँ, तबसम्म हामीले एकतावद्ध सामाजिक न्याय सहितको विकासका जुन परिकल्पना गरेका छौँ, त्यो कानुनी रूपमा अधुरो रहन्छ । अहिले हाम्रो प्राथामिकता त्यसैमा छ ।

**अब हेटौँडाको समग्र विकास, वातावरण संरक्षण र सामाजिक न्यायका निमित्त टोल विकास संस्थाहरूले जनप्रतिनिधिहरूलाई सघाउने भूमिका कस्तो हुनुपर्ला ? टोल विकास संस्थाले पनि सुधार गर्नुपर्ने केही कुराहरू छन् की ?**

अब यस्तो, जनप्रतिनिधिहरूमा पनि कहिलेकाहीं त राजनीतिक रङ्ग देखिन्छ । त्यो देखिनुहुन्न । वर्तमान नगर समन्वय समितिका अध्यक्षज्यूमा कुनै राजनीतिक रङ्ग देखिएको छैन । उहाँ त त्यस्तो देखिनुहुन्न, उहाँको कमिटी पनि त्यस्तो लाग्दैन तर वडामा चाहिँ के छ भने जनप्रतिनिधि एउटा दलबाट निर्वाचित हुनभएको छ, वडा सदस्य एउटा दलबाट निर्वाचित हुनभएको हुन्छ, टोल विकासको अध्यक्ष अर्को दलबाट हुनु भा छ, अनि वडाध्यक्षलाई टोल विकासका अध्यक्ष आफ्नो पार्टीबाट नपरेको भन्ने कुरामा अलिकति असन्तुष्टि हुन्छ । यस्तो हुनु मानवीय स्वभाव नै हो भन्ने लाग्न सक्छ । तर म के भन्छु भने

त्यो होइन, हामीले समग्रमा के भनेँ विकास दलसङ्ग जोडिँदैन । विकास व्यक्तिसङ्ग जोडिँदैन । हामीले सुधार गर्न खोजेका कुराहरू मनदेखि आउनुपर्छ । चाहे त्यो हेटौँडा उपमहानगरपालिकाका प्रमुख नै किन नहुन्, उपप्रमुख म आफैँ किन नहोस्, आदरणीय वडाध्यक्षहरू नै किन नहुनुहोस् समग्र विकास गर्नका लागि एकपक्षीय ढङ्गले विकास कहिले पनि हुँदैनँ । हामी भन्छौँ नि एक हातले ताली बज्दैन, भनेको जस्तै गरी, एकोहोरो रोटी पाक्दैन भने जस्तै गरी हामीले सबै कुराहरू मेलमिलापको माध्यमबाट मन र हृदय खुल्ला गरेर गरेमा सबै चिजको सम्भव देख्छु ।

**दृष्टिकोण अत्यन्तै सकारात्मक लाग्यो । अन्त्यमा यहाँको हाम्रो टोल विकास स्मारिका, २०८१ को लागि केही थप भनाइहरू छन् कि ?**

यहाँहरूले रजत जयन्तीको अवसरमा महोत्सव बर्षमा जुन स्मारिका निकाल्दै हुनुहुन्छ । टोल विकास संस्थाले सुरु गरेका अभियानहरू स्वर्ण जयन्तीसम्म यही स्पिरिटमा अघि बढोस । टोल विकास नगर समन्वय समितिले थप सयौँ वर्ष मनाउन सफल रहोस् । हार्दिक शुभकामना छ ।

**यहाँको अमूल्य समय र संवादका लागि यहाँलाई धेरै धेरै धन्यवाद ।**

यहाँलाई पनि धन्यवाद र सुस्वागतम् ।

# दिगो, आत्मनिर्भर र समन्यायिक विकासका लागि टोल विकास संस्था



✍ भीमप्रसाद तिमल्सिना

## पृष्ठभूमि :

गाउँनगरको अन्तर सम्बन्ध विकास गर्दै गरिवी न्युनीकरणमा टेवा पु-याउने उद्देश्यले वि.सं.२०५६ मा साविक यस हेटौंडा नगरपालिका सहित मुलुकका १२ वटा नगरपालिकाहरूमा राष्ट्रसङ्घीय विकास कार्यक्रम अन्तर्गत गाउँनगर साझेदारी विकास कार्यक्रम (Rural Urban Partnership Programme- RUPP) सञ्चालन गरिएको थियो । नगर क्षेत्रसङ्ग जोडिएका नगरोन्मुख ग्रामीण बजार केन्द्रहरूमा उद्यम समूहहरू खडा गरी विशेषगरी कृषि उत्पादनमा जोड दिने र नगरमा बजार व्यवस्थापन गरी उत्पादन र बजारीकरणलाई सङ्गैसङ्गै लानको लागि तत्कालीन यस नगरपालिका र वरपरका भीमफेदी, मकवानपुरगढी र हाँडीखोला गा.वि.स.मा यो कार्यक्रम लागू गरिएको थियो । उद्यम विकास सङ्गसङ्गै कार्यक्रम अन्तर्गत समुदायलाई सङ्गठित गरी समुदाय स्तरमा रहेका विविध सामाजिक समस्याप्रति स्थानीय जनतालाई नै जागरुक बनाई जनताकै तहबाट समाधानका प्रयासहरू अघि बढाउन तथा समुदाय स्तरको विकास प्रक्रियामा जनतालाई जोड्न घरधुरी सङ्गठनको अवधारणा अघि सारिएको थियो । पछि घरधुरी सङ्गठनलाई टोल विकास संस्थाको रूपमा नाम परिवर्तन गरियो । समुदाय परिचालनका सन्दर्भमा देखिएको सकारात्मक प्रभावलाई हेरेर क्रमशः मुलुकका सबै स्थानीय तहहरूमा सामाजिक परिचालनका लागि एक महत्वपूर्ण औजारको रूपमा टोल विकास संस्था गठन र परिचालनलाई अघि बढाइएको पाइन्छ । मुलुक सङ्घीय संरचनामा गएपश्चात् कानुनी रूपमै टोल विकास संस्थालाई सम्बोधन गरिएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा टोल विकास संस्था गठन र परिचालनमा वडा समितिलाई प्रत्यक्ष संलग्न गराएको छ ।

## के हो टोल विकास संस्था ?

टोल विकास संस्था भुगोलमा आधारित एक स्वायत्त, स्वयम्सेवी र स्वतस्फूर्त क्रियाशील हुने अविच्छिन्न उत्तराधिकारवाला सामाजिक संस्था हो । संस्थाको सिमाना चारकिल्ला भित्र रहेका सबै घर परिवार संस्थाका अनिवार्य सदस्य हुन्छन् । स्थानीय पालिकाको स्वीकृत

कानुन बमोजिम स्थानीय पालिकामा दर्ता हुन्छन् । आफ्नो टोलको सुधारका लागि, टोलमा सद्भाव र सुसंस्कार प्रवर्धनका लागि स्थानीय श्रोतको अधिकतम प्रयोग गरी सुधारात्मक कार्यहरू सञ्चालन गर्दछन् । टोलबासीका बीचमा सुख दुःखमा एउटै परिवार जसरी खुसी तथा दुःख साटासाट गर्दछन् । भावनात्मक रूपमा एकताबद्ध हुन्छन् । विशेषगरी स्थानीय तहको योजना तथा नीति अनुरूप स्थानीय स्तरको विकास प्रक्रियामा सहभागी हुन्छन् । विभिन्न अभियानहरूलाई घरदैलो तहसम्म पुऱ्याएर सार्थक परिणाम निकाल्न सहयोग गर्दछन् । विकास तथा सुधारका लागि टोल टोल बीच प्रतिस्पर्धात्मक ढङ्गले क्रियाशील हुन्छन् । पहुंच तथा अवसरबाट वञ्चित टोलबासीलाई विशेष ख्याल गर्दै शिक्षा, स्वास्थ्य लगायत अन्य आधारभूत पक्षको प्राप्तीमा समन्वयकारी भूमिका खेल्दछन् । संस्थाको संस्थागत विकास र गतिशिलताका लागि पालिकाले स्वीकृत गरेको कानुन अनुरूप वडा तथा नगर स्तरमा समन्वय समितिहरू निर्माण गरिएको हुन्छ । नगर समन्वय समितिले पालिका स्तरमा तथा वडा समन्वय समितिले वडा स्तरमा समन्वय गरी पालिकाको विकास प्रक्रियामा सहकार्य गर्दछन् ।

## हेटौँडाको सन्दर्भमा टोल विकास संस्थाको अवस्था र सहकार्य :

हेटौँडा उपमहानगरपालिका र टोल विकास संस्था बीचको सम्बन्ध अत्यन्त सुमधुर छ । अभिभावक र सन्तान बीचको सम्बन्ध जस्तो छ । उपमहानगरपालिकाकै स्वीकृत कार्यविधि बमोजिम गठीत टोल विकास संस्था उपमहानगरपालिकाको सहयोगी संस्थाको रूपमा रहेको छ । विशेषगरी वडा समिति अन्तर्गत प्रत्यक्ष जोडिएर योजना तर्जुमा, कार्यान्वयन, अनुगमन लगायतका कार्य र समुदायको रूपान्तरणका लागि सञ्चालन गरिने विभिन्न सामाजिक अभियानहरूलाई जनताको अभियान बनाउन र घरदैलोमा पुग्नको लागि टोल विकास संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । टोल विकास संस्थाहरूको सक्रीयताबाट नगरबासीमा स्वयम्सेवी भावनाले आफ्नो टोल क्षेत्रको समग्र विकासमा चासो बढाएको छ, सहभागिता बढाएको छ, कर्तव्यबोध गराएको छ । समुदाय स्तरमा एकताभाव मजबुत भएको छ । मानवीयता बढाएको छ । यिनै सबल पक्षहरूको सदुपयोग गर्न उपमहानगरपालिकाले टोल विकास संस्थासङ्गको सहकार्य बढाउँदै लगेको छ ।

## टोल विकास संस्थाहरूलाई परिचालन गर्ने उपमहानगरपालिकाको नीति

बागमती प्रदेशको राजधानी हेटौँडा भू अवस्थितिका आधारमा असाध्यै राम्रो सम्भावना बोकेको सहर हो । मुलुकको प्रवेशद्धार बीरगञ्ज र सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने मुलुकको करीव बीच भागमा अवस्थित र ४ राष्ट्रिय राजमार्ग र निर्माणाधीन

फास्टट्र्याकसङ्ग कनेक्सन भएको सहर हो । मुलुककै ठूलो र पुरानो औद्योगिक क्षेत्र सहित २ औद्योगिक क्षेत्र सहितका प्रशस्त ठूला र मझौला उद्योगहरू रहेको औद्योगिक सहर हो । ४८ प्रतिशत भन्दा बढी वन क्षेत्रले ढाकिएको मानव बसोबासका लागि राम्रो हावापानी भएको, स्वच्छ र सफा सहर हो । खानेपानीको आपूर्ति तथा श्रोत प्रशस्त रहेको र छोटो दूरीमा फरक जलवायु प्राप्त गर्न सकिने सहर हो । ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा र नजिकका दूरीमा प्रशस्त पर्यटकीय सम्भावना बोकेका स्थान र सम्पदाहरू यस सहरमा छन् । स्थानीय आर्थिक विकासका सम्भावनाका रूपमा रहेका उद्योग तथा पर्यटनका अतिरिक्त स्थानीय उद्यम, कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणको सहज अवस्था जस्ता सबल पक्षहरू यस नगरका पहिचान दिनसक्ने विषयहरू हुन् । यी सम्भावनालाई अधिकतम नगरको विकासमा उपयोग गर्न सबै नगरबासीहरूको सामुहिक प्रयास, सकारात्मक मन र भावना आवश्यक छ । नगरबासीहरूको मनहरूलाई एकत्रित गरी त्यो शक्तिलाई सकारात्मक दिशामा प्रयोग गराउन टोल विकास संस्था सक्रीय हुन जरुरी छ । उपमहानगरपालिकाले विगतका बर्षहरूदेखि नै टोल विकास संस्थालाई संस्थागत सामर्थ्य विकास गर्दै परिचालन गर्ने नीति लिएको छ ।

### टोल विकास संस्था सञ्चालनमा देखिएका चुनौतिहरू

उपमहानगरपालिकामा गठित ३७७ वटा टोल विकास संस्थालाई हेर्दा आधा भन्दा बढी संस्था औसत रूपमा चलायमान र क्रियाशील नै छन् । टोल विकास संस्था गठनका प्रारम्भिक समयमा मुख्य बजार क्षेत्रमा गठन भएका केही टोल विकास संस्थाहरू र केही विस्तारित वडाहरूमा गठन गरिएका टोल विकास संस्थाहरू सक्रीय हुन सकेका छैनन् । मुख्य बजार क्षेत्रका टोल विकास संस्थाका भुगोलहरू मिलाएर टोल विकास संस्थाको आकारलाई व्यवस्थित गराई सक्रीय बनाउनुपर्ने र उपमहानगरपालिकाका ग्रामीण भेगका वडामा रहेका टोल विकास संस्थाहरूको संस्थागत क्षमता विकास गरी सक्रीय बनाउनुपर्ने चुनौति देखिएको छ । टोल विकास संस्थाको विशेष जोड बचत सङ्कलन गर्न र पूर्वाधार निर्माणका योजना माग्न तथा दवाव दिनमा बढी भएको सन्दर्भमा समुदायको प्रयासबाट गर्न सकिने टोल तहका सुधारमा टोल विकासको परिचालन बढाउनुपर्ने देखिन्छ । टोल विकास संस्थाहरूले सञ्चालन गर्ने गरेको मासिक बचत कार्यक्रममा बचतको आकार बढ्दै जांदा हुनसक्ने वित्तीय जोखिम कम गर्न बचतको आकारलाई सानो बनाउनुपर्ने देखिन्छ । ऋण परिचालन तथा बचत सम्बन्धी नीतिगत स्पष्टता तथा एकरूपता ल्याउन जरुरी छ । वडा समितिको प्रत्यक्ष नजिक रहेर समन्वयकारी ढङ्गले काम गर्नुपर्ने संस्था टोल विकास हुँदाहुँदै कतिपय वडामा अझै वडा समितिले टोल विकास संस्थालाई परिचालन गर्न खासै महत्व

नदिँदा वडा र टोल विकास संस्थाका बीचमा असमभ्रदारी कायम रहेको देखिन्छ । यसले गर्दा संस्थाको भूमिका प्रभावकारी बनाउन केही हदसम्म समस्या रहेको छ । कतिपय अवस्थामा टोल विकास संस्थाको कार्य समिति चयन गर्दा राजनैतिक प्रभाव बढी हावी हुन गई टोल विकासमा आवद्ध फरक फरक विचारका व्यक्तिहरूको समान सक्रीयता कायम गराउन चुनौति देखिएको छ । सबै वडा समन्वय समिति उत्तिकै सक्रीय नहुँदा वडा अन्तर्गतका टोल विकास संस्थाहरूको नियमित साधारण सभा सञ्चालन नभै रहेको अवस्था छ । आफ्नो टोलमा देखिने समस्यामा आधारित रहेर स्वस्फूर्त टोल सुधार तथा सरसफाइका अभियानहरू अझै पनि नियमित रूपमा सञ्चालन गराउन सकिएको छैन । संख्यात्मक रूपमा आकार बढेसँगै गुणात्मक बनाउन र टोल विकास संस्थाभित्रका बचत व्यवस्थापन, सुरक्षण र सञ्चालनमा चुनौति पनि बढ्दै गएको छ ।

**अबको बाटो :**

टोल विकास संस्था एक सशक्त नागरिक संस्थाको रूपमा स्थापित भएको छ । उपमहानगरपालिकाका सबै घरधुरी अनिवार्य रूपमा कुनै न कुनै टोल विकास संस्थामा आबद्ध गराउने उद्देश्यले टोल विकास संस्थाले आगामी दिनमा उपमहानगरपालिकाको समन्वय, सहयोग र सहकार्यमा आफ्नो भूमिका थप क्रियाशील गर्नुपर्ने देखिन्छ । टोल विकास संस्था गठन र परिचालनका सन्दर्भमा मुलुकमै पुरानो स्थानीय तह भएको नाताले नगरमा पुराना तथा परिपक्व र सङ्गठित भईसकेका टोल विकास संस्थाहरूले नयां संस्थाहरूलाई क्रमश: सिकाई हस्तान्तरण गर्दै स्वच्छ प्रतिस्पर्धात्मक विकास तथा सुधार आफ्नो आफ्नो टोलबाटै अघि बढाई सिङ्गो हेटौंडा उपमहानगरपालिकालाई उत्कृष्ट स्थानीय तह बनाउन टोल विकास संस्थाको भूमिका तथा परिचालन अपरिहार्य छ । विशेषगरी स्वच्छ र सफा सहरको पहिचान आर्जन गरेको यस नगरको बासिन्दा हुन पाएकोमा हामीले गर्दै आएको गर्वलाई अझ थप उचाईमा पुऱ्याउन टोल टोलमा सरसफाइ, हरियाली र फुलैफूलको अभियानलाई टोल विकास संस्थाले पहिलो प्राथमिकता बनाउन जरुरी छ । यसका अतिरिक्त टोल क्षेत्रभित्रको विविध विषयका तथ्याङ्क तथा अद्यावधिक विवरण टोल विकास संस्थाले राख्ने व्यवस्था हुँदा वडा तथा पालिकाको योजना तर्जुमामा सहजता हुनजान्छ । साथै लक्षित वर्गलाई प्रदान गरिने सेवा, सहयोग तथा अवसर सम्बन्धित व्यक्तिमा पुऱ्याउन सहज हुन्छ । त्यसैगरी उपमहानगरपालिकाले प्रभावकारी बनाउन नसकेका घर बहाल कर लगायत अन्य कर सङ्कलनमा टोल विकास संस्थाको समन्वयकारी भूमिका महत्वपूर्ण हुनसक्छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत हाल रिटर्नी स्वयम्सेवकहरूले गर्दै आएका घरदैलो र वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका

व्यक्ति तथा परिवारलाई आवश्यक सहयोग प्राप्तिका लागि पालिका समक्ष आइपुग्न सहजीकरण आफ्नो टोलभित्र टोल विकास संस्थाले गर्नसक्छ । टोल क्षेत्रभित्र सरकारी तथा अन्य निकायबाट सञ्चालित कार्यक्रम तथा योजनालाई अधिकतम प्रतिफलदायी बनाउन टोलबासीको चासो बढाउन सक्छ । सरकारी निकाय तथा सङ्गठित संस्थाबाट प्रवाह गरिएका सेवा प्रवाहलाई उचित अनुगमन र सुझावका माध्यमबाट थप प्रभावकारी बनाउन सक्छ । असजिलोमा परेका र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति तथा परिवारलाई पालिका तथा अन्य निकायसङ्ग समन्वय गरी आवश्यक सहयोगको प्रबन्ध गर्नसक्छ ।

अन्तमा, छाता संस्थाको रूपमा रहेका नगर तथा वडा समन्वय समितिको संस्थागत क्षमता बृद्धि गर्दै उपमहानगरपालिकाका विभिन्न संरचनामा टोल विकास संस्थालाई जोड्दै जानुपर्छ । विकास जनताका लागि र जनताद्धारा हुनुपर्दछ भन्ने विकासको मान्यता अनुसार सहभागिता बिनाको विकासमा जनताले अपनत्वबोध गर्दैन । त्यस्तो विकासले जनताको मन नजित्ने भएकोले जनताको व्यापक सहभागिताबाटै नगरको दिगो, सन्तुलित र समन्यायिक विकास हासिल हुन्छ भन्ने पक्षमा उपमहानगरपालिका रहेको हुँदा जनतालाई सङ्गठित गरी परिचालन गर्दै हेटौंडाको समृद्धि र समग्र विकासका लागि सहकार्य गर्दै अघि बढ्नु आजको आवश्यकता देखिन्छ ।

*(लेखक हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाका प्रमुख हुनुहुन्छ ।)*

❑❑❑

# हाम्रो हेटौँडा, राम्रो हेटौँडा

✍गणेशकुमार श्रेष्ठ

हाम्रो हेटौँडा राम्रो हेटौँडा भनेको सुनेको हामीले धेरै भयो
राम्रो पार्न खोजिएका तमाम प्रयासहरू त्यतिकै खेरै गयो ।
सडकको दायाँ वायाँ रोपिएका रूखहरू काट्नु परेकोछ
प्लास्टिक प्रदुषण मुक्त सहर हो भनेर कति ढाँट्नु परेकोछ ।

राप्तीतटमा फोहर पोल्दा स्थानीय वासिन्दा मर्कामा छन्
हेटौँडा, शिवम्, ऋध्दिसिध्दि सिमेण्टको धुलो उडेकोछ झन् ।
नगरका ढल सिधै खोलामा मिसाउँदा नदी प्रदुषित भएको छ
अव्यबस्थित क्रसरहरूको नदी दोहनले जोखिम बढिरहेको छ ।

भूमिगत ढल, सडकमा सौर्य बत्ती वजेट पचाउने खेल भो
ऋण काढी ल्याएको श्रोत दुरूपयोग हुँदा जिम्मेवार को ?
साँघुरा सडकमा ट्राफिक जाम हुन्छ प्रदेशको राजधनीमा
चर्को करको दरले बर्सेनी वढ्दो छ नगरको आम्दानीमा ।

दिगो विकासको दीर्घकालीन योजना विना हुन्छ काम यहाँ
यस्तै सुस्त गतिले लक्षित गन्तव्यमा पुगिएला र खै कहाँ ?
अर्ति र ओखति तितो भए नि आखिरमा त राम्रै गर्दछ
प्रशंसामा मख्ख पर्ने होईन आलोचना नि सुन्न सक्नु पर्दछ ।

जबसम्म सम्वोधन हुँदैनन यी समस्याहरूको एक एकगरी
स्वच्छ, सुन्दर, हराभरा हेटौँडा हेर्ने सपनानै हुनेछ सधैभरी ।
त्यागौँ आफू र आफन्त पोस्ने कुरा नीतिमा चल्न सिकौँ
म सबैको सबै मेरा भावले काम गरौँ नौलो विचार झिकौँ ।

समस्यामै छ काम गर्ने अवसर स्वीकारौँ सारा चुनौतिलाई
योजनावद्ध, पारदर्शी र जिम्मेवारीपनले चुम्नेछ उन्नतिलाई ।
भ्रष्टाचाररूपी प्रदुषणले आक्रान्त समाज विकृति बढ्दो छ
दुरदृष्टि, दृढ अठोट, सत्कर्मको सङ्कल्प नै उपाय भरपर्दो छ ।

हातेमालो गरौँ प्रदुषित वातावरण स्वच्छ हराभरा वनाउन
तब सार्थक हुनेछ हर्षोल्लासले वातावरण दिवस मनाउन ।

❑❑❑ हेटौँडा-४, चिल्ड्रेनपार्क । २०८०/२/१६

# टोल विकास संस्था : एक जानकारी



✍ शिवहरि दाहाल

सबै घरधुरीहरूको प्रतिनिधित्व रहने गरी नगरपालिकाको तल्लो र मजबुत इकाईको रूपमा रहेको वैधानिक रूपमा स्थापित अभिन्न सहयोगी संस्थागत स्वरूप नै टोल विकास संस्था हो । समुदाय परिचालन मार्फत् टोल समाज तथा समुदायको संस्थागत, सामाजिक, आर्थिक तथा मानवीय विकासका लागि सङ्गठित एक घर एक सदस्यको मान्यतामा गठन गरिएको नगरपालिकाको सेवा घरधुरीसम्म प्रभावकारी रूपमा पुऱ्याउने एक सशक्त माध्यम नै टोल विकास संस्था हो ।

स्थानीय तहको विकास निर्माणका काममा प्रत्यक्ष अनुगमन, समन्वय, सहयोग र साझेदारी गर्न प्रत्येक टोलमा टोल विकास संस्था गठन गरी परिचालन गरिएको छ । स्थानीय तहका जनप्रतिनिधिले प्रत्यक्ष निगरानी र समन्वय गर्नेगरी स्थानीय तहको सबै प्रकारको विकासमा सहयोगी भूमिका निर्वाह गर्न यसको भूमिका महत्वपुर्ण छ । समाजमा विकास निर्माण र सुशासन स्थापित गर्ने कार्यमा टोल विकास संस्थाको महत्वपूर्ण भूमिका हुने भएकाले टोल तथा बस्ती स्तरदेखि नै विकासमा नागरिकको सहभागिता सुनिश्चित गर्न टोल विकास संस्थाको अवधारणा अगाडि सारिएकोमा दुईमत छैन । स्थानीय तहका जनप्रतिनिधिलाई सहयोग गर्नेगरी स्थानीय तहको विकासमा आम नागरिकको सहभागिता सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७२ को दफा १०२ अनुसार स्थानीय तहहरूको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि निर्माण गरी टोल विकास संस्था गठन गरी परिचालन गरिएको हो ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम अन्तर्गत समुदायको आर्थिक, भौतिक र सामाजिक विकासमा स्थानीय सरोकारवालाहरूको सहभागिता अभिबृद्धि गर्ने उद्देश्यले संचालित गाँउ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत २०५७ साल देखि घरधुरी सङ्गठनको नामबाट सुरु भई स्थानीय रूपमा उपलब्ध श्रम, सिप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी आफ्नो टोल समुदायको विकासका लागि सामुहिक प्रयत्न अघि बढाउन,

जनसहभागिताका माध्यमबाट समतामूलक, समावेशी र वातावरणमैत्री दिगो विकास हासिल गर्न, सामुदायिक भावना विकास, पारस्पारिकता, सद्भाव विकास गर्दै बचत सङ्कलन र परिचालनबाट स्वावलम्बन सृजना गर्दै नगर क्षेत्रकै गरीबी न्यूनीकरणमा टेवा दिन र हेटौंडा उपमहानगरपालिकाले अङ्गिकार गरेको स्वच्छ, उत्पादनशील, समृद्ध सहरको दुरदृष्टिका माध्यमबाट मानवीयताको सहर निर्माण अभियानमा टोल समुदाय तहबाट योगदान गर्न तथा टोलका जनसमुदायहरूलाई संस्थागत रूपमा विकास गर्ने वातावरण सिर्जना गर्न नगरमा टोल विकास संस्थाहरू स्थापना गरी सञ्चालन भईरहेको छ ।

स्थापना पश्चात् बचतको माध्यमबाट आफ्नो समुदायको सामाजिक तथा आर्थिक विकासमा टोल विकास संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको पनि छ । टोल विकास संस्थाको स्थापनासङ्गै महिलाहरूको नेतृत्व विकासको उचित अवसर प्राप्त, वित्तीय पूँजी परिचालनबाट आर्थिक विकासमा टेवा, सङ्गठित संस्कारको विकासमा सहयोग पुगेको कुरालाई नकार्न सकिदैन ।

गाउँ नगर साझेदारी विकास कार्यक्रम अर्न्तगत गठित टोल विकास संस्थाहरू नगरपालिकामा हस्तान्तरण भएसङ्गै नगरपालिकाद्वारा स्वीकृत कार्यविधि तथा विधान बमोजिम नगरवासीको आधारभूत तहसम्म आआफ्नो भौगोलिक सीमाभित्र उपलव्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आफ्ना सदस्यहरूको आर्थिक समृद्धि, समुदाय परिचालन, भौतिक निर्माण र जनचेतना अभिवृद्धि हुने विभिन्न गतिविधि सञ्चालन भई आएको र यसले सामाजिक विकास, समुदाय परिचालन, उद्यमशीलता, आय आर्जनका साथै नगरपालिकाको टोल स्तरीय योजना छनौट र सञ्चालनमा विगतदेखि निर्वाह गर्दै आएको भूमिकालाई मध्यनजर राखी त्यस्ता टोल विकास संस्थालाई सङ्गठित, जनउत्तरदायी र जिम्मेवार तथा सक्षम नेतृत्व सहित एकीकृत संस्थाको विकास गर्न वडा स्तरमा वडा समन्वय समिति तथा नगरमा नगर समन्वय समिति गठन भई कार्य सम्पादन भइरहेको छ ।

हेटौँडा नगरपालिकाको क्षेत्र विस्तार भई उपमहानगरपालिका निर्माण भईसके पछि यसलाई विस्तारित क्षेत्रमा व्यवस्थित गर्न तथा विगतदेखि सञ्चालनमा रहेको वातावरण सुधार समन्वय समितिको कार्य प्रकृति र उद्देश्य समेत एकरूपता भएबाट दुबै संस्थालाई २०७२ भदौं २१ गते प्रथम एकताको नगर अधिवेशन सम्पन्न गरी सोही अधिवेशनको उद्देश्य र भावना अनुरूप संस्था गठन, सञ्चालन र परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको

छ । तत्कालीन नगरपालिका हुँदा १८३ को सङ्ख्यामा रहेको टोल विकास संस्था हाल ३७७ रहेको छ । हाल सम्म १७ वटा वडामा वडा समन्वय समिति गठन भएको छ ।

स्थानीय सरकारको रूपमा रही सहरी सुशासन प्रवर्द्धनको नेतृत्व प्रदान गर्ने नगरपालिकाको आफ्नो सेवा तथा सुविधा प्रवाह गराउने सशक्त संस्थागत इकाईको रूपमा टोल विकास संस्थाले काम गर्न सक्ने भएको हुँदा नगरपालिकाको श्रोत परिचालनमा टोल विकास संस्थाको भूमिका अझै महत्वर्पूण छ ।

टोल विकास संस्थाले नगरपालिका तथा वडा कार्यालयको सहयोग एवम् समन्वयमा गरिबी न्यूनीकरणका अतिरिक्त स्वच्छता प्रर्वद्धन, वातावरण संरक्षण, सार्वजनिक सम्पदाको संरक्षण नागरिक सर्वोच्चतामा जोड दिने र सामाजिक सद्भाव बढाउँदै सिक र सिकाऊ, काम गर र कमाऊ आत्मनिर्भर बन भन्ने कुरामा सहयोग र जोड दिँदै आएको छ । कोभिड-१९, डेङ्गु लगायतको विभिन्न रोगको संक्रमण र महामारीको बेला टोल विकास संस्थाहरूले सचेतना र विपद् व्यवस्थापनका लागि उल्लेखनीय भूमिका खेलेको बिर्सन सकिदैन । वडा तथा नगरको योजना छनौट एवम् कार्यान्वयन, पारदर्शिता र सुशासनको क्षेत्र लगायत स्थानीय स्वायत्त शासन ऐन २०५५ एवम् स्वायत्त शासन नियमावली २०५६ को भावना र मर्मअनुसार टोल विकास संस्थाहरूले आफ्नो कार्य क्षेत्रमा जवाफदेहिताको उदाहरण प्रस्तुत गरेको छ ।

समुदायको जीवनस्तर उठाउनका लागि ऋण लगानी गर्दै सहरी समाज परिचालन प्रक्रिया मार्फत् विकेन्द्रीकरण सहरी सुशासन तथा जनसहभागिता प्रवर्द्धन गरी आर्थिक र सामाजिक विकासका लागि उचित वातावरण सिर्जना गर्ने र गरिबी न्यूनीकरणमा मद्दत पुर्‍याउने लक्ष्य राखेको छ ।
विकाससङ्ग सम्बन्धित कार्यहरूमा साझेदारी गर्ने, स्थानीय बासिन्दाहरूलाई अधिकारमा आधारित सेवा सुविधाको पहुँच सुनिश्चिता गरी स्वायत्त शासन पद्दतिको प्रवर्द्धनमा जोड दिने तथा सिक्दै र कमाउँदै जस्ता कार्यक्रमको थालनी गर्ने लक्ष्यसमेत टोल विकास संस्थाले लिएको छ ।

**(लेखक टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाका वर्तमान महासचिव हुनुहुन्छ ।)**

-o-

# उसलाई खबरदार

✍रिजन राना

"उफ् ! कस्तो गर्मी हो,
न पानी पर्छ, परेपनि बाढी नै जान्छ ।"
उम्लिएको पृथ्वीमा
उसिनिएको मान्छे छट्पटाँउदै बर्बराउँछ ।

उसको स्मृतिमा केही
श्यामश्वेत चित्रहरू चलिरहेकाछन्
'हरियो वन, डाँडापखेरा सभ्फाँइरहेको,
कलकल बगेको खोला,
सदियौंदेखि उसको पुर्खाका तिर्खा
मेटाइरहेको,
चराहरू धुरन्धर सङ्गितकारजस्तो
कर्णप्रिय सुसेलीको धुनमा चिर्बिराइरहेको,
पारी सेतै हाँसेको हिमालसङ्ग
प्रभाती किरण पिरती खेलिरहेको,
बालखाहरू तीन तारे तित्रिक्क,
अहो, तित्रै जस्तो टाठा !
सुन्दर बालकाल सवार गरिरहेको ।'

प्रायश्चित गरेभ्फैं, ऊ मनमनै गुन्छ,
"सायद मनुवाहरू वन फाँडेर
आफैं वनकर नभइदिएको भए,
सिद्धार्थ गौतमले पिपलकै बोट मुनि
बुद्धत्व पाएको सम्भिफएको भए,
$O_2$लाई $CO_2$ले हरण गर्ने थिएन,
आज सासै फेर्न नसक्ने गरी ऐठन पर्ने
थिएन ।"

पढ्नलाई उसले पढेको छ,
कविशिरोमणिको बसन्त व्याख्यान,
वातावरण संरक्षण ऐनको प्राक्कथन ।
सुनेको छ,
वातावरण दिवसमा दिइने प्रवचन,
डाइनासोरहरू बिलाएको कथन,
हिमालमा हिउँ हराएको विज्ञापन ।
देखेकै छ,
१९९२को पर्यावरण सन्धिमा गरिएको
हस्ताक्षर ।

उसलाई थाहा छ,
मानिसलाई आवासको नाउँमा
प्रकृतिको निवास मासिएपछि,
धान फल्ने खेतमा कंक्रिट सहर
उम्रिएपछि,
डाँडो काटेर समृद्धिको भ्युटावर
तब न हो, हाम्रो धरातल भासिएको ।

तर,
यो सबैबीच उसको लगन भिन्नछ,
जमिन पुरेर आलिसान घर ठडाउने,
उसको एउटा सपना छ ।
नदीकिनार खनेर वालुवा खानी
चलाउने धन्दा छ ।
साथमा मान्छे भएको
अभिमानी भ्फण्डा छ ।

उसले देखेको वनमा, डाँडापखेरोमा,
समथरमा,
जलथलमा, सुनको अण्डा छ ।
उसलाई त्यहाँ खन्नुछ, त्यही खोज्नुछ ।
उसले उर्वर भुँईलाई मरूभूमि बनाएर
भुँडी भरेकोछ,
स्वार्थारोहणको होडबाजीमा
तँछाडमछाड,
ऊ नै अघि लागेको छ ।

उसको छिमेकी झनै उग्र छ,
त्यसले तेल निकालेर
फुस्रा रेत छोडेको छ,
खनिज खोतल्न पहाड अनि
शक्ति देखाउन बम फोडेको छ,
ऐश्वर्य विलास गर्न पर्यावरणीय
सन्तुलन खल्लास पारेको छ,

मानवको दुख विसर्जन गर्ने खोजमा
हानिकारक रसायन उत्सर्जन गरेको छ ।

प्रविधिको जमाना भएपनि
उसले नबुझ्ने विधिमा
हिजोसम्म शान्त पर्यावरण
आज मुर्मूराएको छ ।
उम्लिएको पृथ्वीमा
उसिनिएको उस्लाई भन्छ:
“म छैन त तेरो अस्तित्व रहने छैन,
उसो त,
म पग्लिए तेरो उचाइ अग्लिने छैन,
खबरदार !
तैंले म माथिको दोहनकारी क्रिया नबदले,
मेरो प्रतिक्रिया बद्लिने छैन ।”

❑❑❑

टोल विकास संस्था स्थापनाको २५औं रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**दामोदर गौतम**

**वडा अध्यक्ष एवम्**

**७ नं. वडा कार्यालय**

**हेटौंडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औं रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामकृष्ण थापा**

**वडा अध्यक्ष एवम्**

**८ नं. वडा कार्यालय**

**हेटौंडा उपमहानगरपालिका, परिवार**

# सडक बालबालिकाको प्यारो घर : हेटौंडाको मामाघर



✍अर्पण पराजुली

**अभियानको सुरुवात :**

मिति २०६८ कार्तिक २७ गते हेटौंडाको बसपार्क क्षेत्रमा केही मानिसहरू मःमः खाँदै गरेका थिए र केही बालबालिकाहरू जो हेर्दा फोहरी, चुरोट तानिरहेका, कपाल लामो लामो र टाटेपाटे भएका, बाटो हिँड्ने बटुवाको खुट्टा ढोग्दै पैसा मागिरहेका, तास खेली रहेका र प्लास्टिकको झोलामा डेन्ड्राइड सुँघिरहेका हुन्थे र जब मानिसले मःमः खाएर प्लेट भुँइमा राख्थे, अनि खोसाखोस गरेर जस्ले पहिला भेट्छ उसैले त्यो जुठो प्लेट चाट्न थाल्थे । निकै बेरसम्म त्यो दृश्य हेरिरहेका हेटौंडाका युवा अर्पण पराजुलीको मनमा अनेक कुराहरू खेल्न थाल्यो । यही सहरमा कोही आज ताजा खाना के पाइन्छ भन्दै छानीछानी खाइरहेका हुन्छन् कोही अरूले फालेको खाएर बाँचिरहेका छन । यो सहर सभ्य सहर हुन सक्छ ? बाल अधिकार खै ? सामाजिक न्याय खै ? यस्ता प्रश्नहरूले घेर्न थाले पछि अर्पणलाई त्यो रातभरि निंद्रा लागेन । भोलिपल्ट ती सडक बालबालिकालाई पेट भरी मःमः खुवाउन भनेर बसपार्कमा पुगेका अर्पणले भेटेजति सबै सडक बालबालिकालाई मःमः खुवाए र भोलि पनि खुवाउने प्रतिवद्दता व्यक्त गरे ।

भोलिपल्ट बसपार्क पुगेका अर्पणले उपस्थित बालबालिकालाई मःमः खुवाए र पर्सिपल्ट पनि बसपार्कमा पुगे पछि अर्पणले सडक बालबालिकालाई फुट्पाथमा गोलो बनाएर राखेर परिचय गर्न अनुरोध गरे । परिचय भन्ने शब्द नै नयाँ लागे जस्तो गरेर सबै बालबालिका चुपचाप बसेपछि अर्पणले परिचय भनेको आफ्नो बारेमा भन्ने हो भन्दै आफ्नो नाम र ठेगाना बताए । उनको नाम सुनेपछि सबै बालबालिका कानेखुसी गरेजस्तो गरेर गलल हांसे । किन हाँसेको भनेर सोध्दा सडक बालबालिकाको ग्याङ (समूह) हुने र हेटौंडामा पनि कोब्रा, बीचछु र भ्यान्टे गरी ३ वटा ग्याङ (समूह) भएको बताए । लागु पदार्थ सेवन नगरेको बेला कुनै खुला ठाउँमा गएर जुध्ने र जस्ले सबैलाई पिट्न सक्छ उही अर्कोपल्ट नजुध्ने बेलासम्म समूह नेता (डन) हुने चलन भएको बताए । हाल ग्याङ(समूह)को नेता (डन) प्रशान्त ढकाल भएको बताए । अनि ती बाबुको मावली पराजुली हो त्यही भएर हाँसेको भने पछि अर्पणले

तेसो भए म पनि मामा भएँ नि त भने पछि त्यो डन(समूह नेता)ले चोरी औंला ठडाउँदै ओइ सबैले मामा भन भने पछि अर्पणलाई सबै बालबालिकाले मामा भन्न थाले । त्यो दिन सडक बालबालिकासँगको संवादले तरक्क आँसु झारेर फर्किएका अर्पण रातभरि निदाउन सकेनन् । भोकै नाङ्गै सडकमा तड्पिइरहेका बालबालिकाको ठुलो घर बनाउने सपना पनि छैन, ठुलो पदमा पुग्ने चाहना पनि छैन । अब म यीनीहरूको जीवनलाई नयाँ बाटोमा हिंडाउँछु भन्ने प्रण गर्दै अर्पण सडक बालबालिकाको बारेमा सोच्न लागे ।

सडक बालबालिकाप्रति आकर्षित भएका पराजुलीलाई सबैले मामा भने पछि झन नजिक हुने नै भए र सडक बालबालिका सम्बन्धी एउटा अनुसन्धान गर्ने निश्चय गरे । केही प्रश्नावली बनाएर हेटौँडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर , जिल्ला प्रहरी कार्यालय मकवानपुर आदिबाट मौखिक अनुमति लिएर अनुसन्धानको लागि तयार भए । पुरानो कपडा लगाएर, झोलामा प्रश्नावली र केही पैसा बोकेर सडकमा पुगे र आफू पनि सडक बालक झैँ बनेर हेटौँडाको सडकमा ३ महिना बिताए । पिएचडी गर्ने तयारीमा रहेका अर्पण एक्कासी सडक बालबालिकाको समूहमा हिँड्न लागेपछि चिनेजानेकाहरूले धेरै पढेपछि मान्छे बौलाउँछ भन्थे अर्पण बौलाएछ भन्न थाले । तर हिम्मत हारेनन् र उनले बालबालिकाको आनिबानी परिवर्तन, सभ्य शब्दको प्रयोग, लागू औषध प्रयोगमा कमी जस्ता कुराहरू लागू गर्दै गए । अनेक दुःख सुख भोग्दै सडक बालबालिकाको अनुसन्धान गरिरहेका अर्पणलाई कयौं मानिसले बौलाएर सडकमा बस्न थालेको पनि भन्न भ्याए । ३ महिना पछि अनुसन्धानको प्रतिवेदन तयारी गरेर हेटौँडा नगरपालिकामा पुगे, नगपालिकाका अधिकृतले सरोकारवालाहरूबीच यो प्रतिवेदन प्रस्तुति गर्नु पर्छ भने पछि नगरपालिकाकै आयोजनामा त्यो प्रतिवेदन प्रस्तुति गरियो । भोलिपल्ट सञ्चाारका माध्यमहरूबाट यो अनुसन्धानको बारेमा प्राथमिकताका साथ प्रकाशन/ प्रशारण भयो । प्रतिवेदन प्रस्तुति भएको भोलिपल्ट नगरपालिकामा बसेर सडक बालबालिका व्यवस्थापन सम्बन्धी छलफल भयो र संस्थागत रूपमा सडक बालबालिकाको व्यवस्थापन गर्ने निधो भयो । यसको लागि हेटौँडा नगरपालिकाले घरभाडा तिर्ने , तत्काल सुरु गर्न केही आर्थिक सहयोग दिने र यस्को नेतृत्व अर्पण पराजुलीले गर्ने सहमति भयो । अन्य केही गैरसरकारी संस्थाले पनि सहकार्य गर्ने सल्लाह भयो । त्यही दिन नै सडक बालबालिकाले पनि अर्पण लाई मामा मामा भन्ने गरेको र नेपाली बालबालिकाको लागि मामाघर प्यारो पनि हुने भएकोले संस्थाको नाम चाहिँ मामाघर राखुँ भन्ने कुरा आयो । अनि मामाघर नाम राख्ने निधो भयो र सुरु भयो सडक बालबालिका व्यवस्थापन गर्ने अभियान । मकवानपुरका

विभिन्न युवाहरूको सक्रीयतामा केही समय पछि सम्बन्धित निकायमा संस्था दर्ता/सुचीकरण गर्ने सन्दर्भमा “मामाघर नेपाल मकवानपुर” नामकरण गरी दर्ता गरियो ।

**कार्यक्षेत्र र सञ्चालन विधि**

अभियानको नारा: “सडक बालबालिका मुक्त समाज बालमैत्री घर
सभ्य र समृद्ध राष्ट्र निर्माणको बलियो आधार”

सडक बालबालिका देशको जुनसुकै स्थानमा कष्टकर जीवन बाँचिरहेको छन भन्ने थाहा पाउने बितिकै मामाघर नेपालले उद्दारको प्रक्रीया सुरु गर्छ । सुरुवातमा १४ जना सडक बालबालिकालाई उद्दार गरेर मामाघर नेपाल सुरु भयो । यस्ता बालबालिका राख्यो भने गाउँ टोल बिग्रन्छ भनेर घर भाडामा दिन पनि धेरैजना हिच्किचाए । बल्ल बल्ल घर पाएपछि खाना, कपडा, औषधीउपचारको व्यबस्था आदि गर्न समस्या पर्ने नै भयो । सडकमा आउने बालबालिकाको सङ्ख्या दिनहुँ बढीरहको थियो । बिस्तारै मानिसहरू मामाघर अवलोकन गर्न आउन थाले अनि जन्मदिन, वैबाहिक उत्सव, सङ्घ संस्थाको वार्सित्कोत्सव आदि अवसरमा मामाघर नेपालमा आएर सहयोग गर्नेको सङ्ख्या बढ्न थाल्यो ।

उद्दार गरिएका बालबालिकालाई परामर्श प्रदान गर्दै सममजिकीकरणको प्रयास गर्दै जाने क्रममा बालबालिका बिद्यालय जान तयार भए स्थानीय भुटनदेवी मा.बि.ले निशुल्क पढाउने सहमति गरेपछि बालबालिका बिद्यालय प्रवेश भयो । हाल मामाघरको संरक्षणमा रहेका बालबालिका आनन्द भैरव आधारभुत विद्यालय, हेटौंडा ११, त्रिभुवन मा.वि., हेटौंडा ११, भुटनदेवी मा.वि., हेटौंडा ४ र हेटौंडा क्याम्पस हेटौंडामा अध्ययन गरिरहेका छ्न । स्थानीय कसैले पोशाक किनिदिए, कसैले झोला अनि कसैले कापीकलम किनिदिए । मकवानपुर कलिउड कलाकेन्द्रले नि:शुल्क नृत्य प्रशिक्षण गराउन थाल्यो । हेटौंडा अस्पताल र हेटौंडा मेडिसिन सेन्टरले नि:शुल्क औषधोपचार गरिरहेको छ । उद्दार, परामर्श, आवासीय सुविधा, औपचारिक शिक्षा, सिप र पारिवारिक पुनर्स्थापनाको कार्य गर्दै आएको मामाघर नेपाल मकवानपुरले अत्यन्तै दु:खद जीवन बाँचिरहेका २,२६२ जना सडक बालबालिकाको उद्दार गरिसकेको छ । जहिलेसम्म भाडाको घरमा बस्न पर्‍यो, हेटौंडा उपमहानगरपालिकाले घर भाडा तिरिदियो । हेटौंडा उपमहानगरपालिका ममाघर नेपाल मकवानपुरको वास्तविक अभिभावक बनिरहेको छ । हाल सयौं व्यक्तिहरू स्वयम्सेवकको रूपमा मामाघर अभियानमा जोडिएर सेवा गरिरहनु भएको छ ।

## उपलब्धि

स्थानीय दान, चन्दा, उपहार र सहयोगमा सञ्चालित मामाघर नेपाल मकवानपुरले गरेका उपलब्धिहरू :-

१. हाल सम्म २,२६२ जना सडक बालबालिकाको उद्दार र १४३ जनाको पारिवारिक पुनर्स्थापना,

२. स्थानीय समाजसेवी सिद्दिलाल श्रेष्ठले जग्गा दान दिए पछि "एक ब्यक्ति एक इट्टा" अभियान सञ्चालन गरि हेटौँडा ११ मा २१ कोठे सुबिधासम्पन्न बालमैत्री भवन निर्माण,

३. आवासीय सुविधा लिइरहेका सबै बालबालिकालाई औपचारिक शिक्षाको व्यबस्था,

३. हकि खेलको राष्ट्रिय टिममा ४ जना खेलाडी यहि मामाघर नेपाल मकवानपुरका संरक्षणमा रहेका बालबालिका मध्येबाट रहेका,

४. मकवानपुरका सबै पालिकाहरूमा बाल क्लब निर्माण र परिचालन गरी बालअधिकार प्रवर्द्धनमा स्वयम्सेवी भूमिका निर्वाह गरिरहेको,

५. सडक बालबालिका न्यूनीकरण र बालसंरक्षणमा सहयोग पुग्ने गरी जिम्मेवार अभिभावक शिक्षा नामक सचेतना कार्यक्रम सञ्चालन गरिरहेको

६. २०६६ सालदेखि हरेक बेलुकी ९ बजे देखि ११ बजे सम्म हेटौँडाको सडकमा रात बिताउने घरवारविहीन मानवहरूलाई खाना र कपडा बितरण गरिरहेको,

७. बालबालिका सम्बन्धी कुनै समस्या आइपर्दा त्यो व्यवस्थापनका लागि तुरुन्तै पहल कदमी लिने गरेको,

८. बिपन्न अवस्थाका बालबालिकालाई औपचारिक शिक्षा प्राप्तिमा सहयोग,

९. शैक्षिक संस्थाहरू, सहकारी, सामाजिक सङ्घ संस्थाहरू र विभिन्न समुदायमा नेतृत्व विकास, चेतनामूलक र सशक्तीकरणमा सहयोग पुग्ने भेला, गोष्ठी र तालिमहरू सञ्चालन,

१०. पूर्व सडक बालबालिकाहरू सिप र तालिम सिकेर आय आर्जन गर्दै सामान्य मानिस सरह सम्मानित जीवन बाँच्न सफल भएका छन् ।

## कार्यक्रमको प्रभाव

हेटौँडाको सडकमा मामाघर नेपाल स्थापनापूर्व ठुलो सङ्ख्यामा बालबालिकाहरू सडक बालबालिकाको रूपमा बाँच्न बाध्य थिए । सडक बालबालिकाहरू असामाजिक र आपराधिक गतिविधिमा समेत सहभागी हुने गरेको कारण आफुले दुःख पाउनुका साथै समुदाय समेत असुरक्षित थियो । हाल हेटौँडाको सडकमा बालबालिका देखिँदैनन् भने कयौं प्रकारका

असामाजिक आपराधिक गतिविधिमा न्यूनीकरण भएको छ । कोही बालबालिका अलपत्र अवस्थामा भेटिएमा जो कोहीले मामाघर नेपालमा खबर गरिहाल्छन् । एक प्रकारले मकवानपुर जिल्ला सडक बालबालिकामुक्त झैँ भैसकेको छ । चिनेजानेका सबैले अर्पण पराजुलीलाई मामा भनेर सम्बोधन गर्छन् भने बालबालिका सम्बन्धी केही हुने बित्तिकै मामाघर नेपाललाई सम्झन्छन् ।

मामाघर नेपाल मकवानपुरले हेटौँडा बसपार्कबाट सुरु गरेको अभियान अहिले मकवानपुर जिल्ला र वरिपरिका जिल्लामा समेत सेवा पुऱ्याइरहेको छ । मामाघर नेपालले भविष्यमा ७ ओटै प्रदेशमा शाखा विस्तार गरी सडक बालबालिकामुक्त समाज निर्माण गर्ने अभियानलाई निरन्तरता दिने सोच रहेको अभियन्ता अर्पण पराजुलीले बताउनु भएको छ ।

"घरवारविहीन मानव व्यवस्थापनमा सरकार र नीजि क्षेत्रको सहभागिता" विषयमा विद्यावारिधी अध्ययनरत अर्पण पराजुली सडक बालबालिकाको मामा मात्रै बनेका छैनन्, उनको नेतृत्वमा स्थापित मामाघर नेपाल मकवानपुरले कैयौं बालबालिकाको भविष्य निर्माण गरिसकेको छ । कवाडीको थुप्रोमा भाग्य र भविष्य खोजिरहेका सडक बालबालिकाहरूको सशक्तीकरण, सामाजिकीकरण र अर्थपूर्ण जीवन बाँच्न महत्वपूर्ण योगदान पुगेको छ । नाम, थर, गोत्र, वंश केही थाहा नभएका, दुनियाँको छिःछीः र दुर्दुर् अनि अपमान सहेर केवल पेट भर्नकै लागि छट्पटाइरहेका बालबालिकालाई सामाजिक मुलधारमा ल्याउन अहं भूमिका खेलेको देखिन्छ । यो संस्थाले  विभिन्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सम्मान/पुरस्कार समेत पाइसकेको छ ।

यो अभियान बालअधिकार प्रवर्द्धन र सडक बालबालिकामुक्त समाज निर्माणमा अत्यन्तै सान्दर्भिक देखिन्छ । संस्थाको आफ्नै भवन निर्माण भएको, समाजका सबैको पुर्ण समर्थन र साथ रहेको, पारदर्शी र विवादरहित तरिकाले काम गरिरहेकोले यो अभियान मकवानपुरवासीको गर्वको अभियान बनेको देखिन्छ । बालअधिकार प्रवर्द्धन र सामाजिक न्यायको सवालमा यो अभियान उदाहरणीय देखिन्छ । आजसम्म सबैको साथ र सहयोग प्राप्त भए झैँ भविष्यमा पनि सबैले हातेमालो गर्न सके पक्कै सडक बालबालिका मुक्त समाज निर्माण गर्न सकिन्छ ।

❑❑❑

# विकास

किशन पौडेल

विकास,
दशकौँपछि
तिलस्मी पोको बोकेर
बुल डोजर लिएर
गाउँ पस्यो ।

र
ढालिदियो
हजुरबुबाले आस्थाले रोपेको
बाटो छेउको बर-पिपलको चौतारी
बाजेहरूको पसिनाको बुँदले भरिएको
काकाकुल गाउँको साझा इनार,
भत्काइदियो
एउटा बलियो विश्वासका
जगमा उभिएको पुस्तैनी किलो
बाटो छेउको बाटुले घर ।
उखेलिदियो
कला, सभ्यता र सम्पदाका धरोहर ।

हराउँदै गए
हरियाली बाग बगैँचाहरू
हरिया खेत र पाटे बारीहरू
मेटिए सिमसार र बुट्यानहरू
विस्थापित भए पाटी, पौवा र सत्तल ।

विकास,
दशकौँपछि गाउँ पस्यो
र
रोपिदियो
एउटा कलहको बिउ
थोपरिदियो मुआब्जाको लालच
र देखायो समृद्धिका सपनाहरू ।

आजकल
कङ्क्रिटका गन्तव्यहीन
बाटाहरूले जेलिएका छन् फाँटहरू
बढेको छ जग्गाको भाउ
खस्केको छ मान्छेको भाउ
फराकिला भएका छन् बाटाहरू
साँगुरिँदै गएका छन् मनहरू
फैलिएका छन् गोरेटाहरू
खुम्चिएका छन् सम्बन्धहरू,

सम्पन्नताले उचाई छुँदै जाँदा
खस्किँदै गएका छन्
मानवीय संवेदनाहरू
मेटिएको छ पहिचान
हराएको छ मानवता ।

हो, वास्तवमै
विकास आएपछि
सुरु भएको छ
प्रकृतिको विनाश ।

हेटौँडा-४, (९८५५०७०४५५)

# स्वयम्लाई प्रेम गरौं.....



✍ **ब्रह्माकुमार विजय राज सिग्देल**

**हेटौँडा,मकावनपुर**

जब तपाईंको समय खराब हुन्छ नि,हरेक निर्णयले  कहिले काहिँ गलत परिणाम दिन थाल्दछ वा भनौं निर्णय उल्टो पर्न थाल्दछ । यति खराब समय पनि आउन थाल्दछन, तपाईका हरेक कुराहरूको मतलव पनि उल्टो निकाल्न थाल्दछन् । तपाईंले आशाको जुन ढोकाहरू खटखटाउन थाल्नुहुन्छ, ती पनि बन्द फेला पार्नुहुन्छ । तपाईले जसलाई पनि मद्दतका लागि आवाज दिनु हुन्छ, तपाईका आवाजहरू लाई सुनेको नसुन्यै गरिदिन्छन् । तपाईंलाई लाग्न थाल्दछ, अरे, यति धेरै मानिसहरू छन, के उनीहरूलाई म देखिइरहेको छैन ? मेरो उदासी, मेरो नाकामी, मेरो एक्लोपन, समस्याहरू, कसैले देखिरहेका छैनन् । म सबैको खराब समयमा साथ थिएँ, आज मेरो साथमा कोही छैनन् । जति जति बेला तपाईंलाई यस्तो सोच मनमा आउन थाल्दछ , अब, यति कुरा याद राख्नु, जसरी तपाईंले अरूको खराब समयमा साथ दिनु भएको थियो, हो, यसैगरी तपाईंले तपाई स्वयम्लाई साथ दिनु छ । अरू तपाईंको साथमा भएनन् भने के भयो त ? तपाईं त आफु त हुनुहुन्छ नि । तपाईंको साथ तपाईका लागि पर्याप्त छ । जब कि यति धेरैको खराब समयमा तपाईंले उनीहरूलाई सम्हाल्नु भयो भने, बाँकि तपाईंले आफुलाई सम्हालिहाल्नु हुन्छ नि । यो वास्तवमा तपाईको खराब समय नहुन पनि सक्छ, यो त तपाईले आफुलाई र तपाईका भनाउनेहरूलाई चिन्ने समय हो । परीक्षाको घडी हो, हुनसक्छ,  यसमा सबै असफल हुन सक्छन्, तर तपाईंलाई हर हालतमा सफल हुनु छ ।

माथिका यी सुन्दर पंक्तिहरू टिकटकमा मलाई कसैले अति प्रेमले पठाइदिएको कोसेली थियो । भावका साथ हिन्दी भाषामा प्रस्तुत शैलीले पंक्तिकारलाई पनि एकछिन गहिरो सोचमा डुबाइदियो । प्रेरित भएँ । अनेकौं मनुष्यहरूका लागि प्रेरणाका बोलहरूबाट जीवनको गन्तव्य वा मार्ग प्रशस्त गर्ने सौभाग्य प्राप्त हुँदै आएको छ । यद्यपि अरूलाई प्रेरणा दिनु फगत स्वयम्को मनोभावनालाई तरोताजा बनाइरहनु पनि हो । अरूलाई प्रेरणा दिनुका

लागि स्वयम् उमङ्ग उत्साहको स्टकमा सजिएर रहनु पर्ने हुन्छ । शब्द के थियो भन्नु भन्दा पनि ती शब्दहरू कसले बोलेको हो भन्ने कुराले ठुलो अर्थ राख्ने भएकोले, शब्दलाई भन्दा पनि मनको आन्तरिक स्थितिलाई मजवुत बनाइरहनु अति आवश्यक कुरा हुँदोरहेछ ।

समय र नियतिले सर्न्दभलाई कहिलेकाहीँ फरक अर्थ लगाईदिन्छ । सर्न्दभले अर्को अर्थ नराख्दासम्म सय प्रतिशत समर्थन जनाउनेहरू पनि, कहिलेकाहीं स्वार्थको कोणमा एकाकार नहुने देखेपछि, फरक अर्थ लगाएर सय प्रतिशत विमति राख्न पनि पछि पर्दैनन् । हो जस्तो पनि लाग्यो, यदि तपाँई आफ्नो लक्ष्यमा हिँडिरहनु भएको छैन भने, अरूको लक्ष्यमा तपाँई जीवनभर हिँडिदिइरहनु पर्ने हुन्छ, मुल्य चुकाउनु पर्ने हुन्छ । लक्ष्यमा भ्रमित हुनेहरू घटनालाई घटित गराउनु भन्दापनि परिणाममा बहस गर्नु मज्जा मान्दा रहेछन् । यो स्वभाव हो औसत मनहरूको ।

गन्तव्यमा पुग्नका लागि साथ र सहयोगको अपेक्षा राख्नु स्वभाविक हो तर अन्तरमनमा यो पनि सत्यको गाँठो बाधिराख्नु पर्दो रहेछ ,कारण अकारण लक्ष्य पछ्याई राख्दा, बीचबाटोमा फर्केर हेर्दा ,तपाईं आफुमात्र एक्लो हिँडिरहेको अवस्था पनि आउन सक्छ । र पनि हिँडिरहन पर्छ । पटक पटक लक्ष्यले तपाई भित्रको अथाह साहस, संभावना, प्रेम तथा लगनको अग्नि परीक्षा लिइरहन्छ । अन्ततः तपाई एक्लो पनि हुनुपर्ने अवस्था आउन सक्छ र पनि हिक्मतसङ्ग सम्झौता गरिहाल्नु हुँदैन । प्रायः सिहासंनमा, मुर्दाघरमा, शौचालयमा र गन्तव्यमा तपाई एक्लै रहनु पर्ने हुन्छ ।

वास्तवमा तपाईं एक्लो हुनु भएको हुँदैन, मनको भ्रम मात्र हुन्छ । स्कुटरको स्ट्याण्ड सिधा राखेर, बाटोमा दौडिरहेको अवस्थामा तपाईलाई ईशारा गरेर स्ट्याण्ड सिधा छ भन्न आतुर गर्नेहरू कति धेरै हुन्छन् नि । हो, जीवनको वास्तविकता पनि यही हो, केही गर्न थाल्नुस, अगाडि बढनुस, औंल्याइदिनेहरू अनगिन्ति देखिनेछन् । तर यदी तपाईले त्यो स्कुटरलाई नचलाइकन , आँगनमा सजाएर मात्र राख्नुस, प्रायः कसैले ईशारा गरिरहन नै पर्दैन ।

आफ्नो सपनाको प्रेमी बनौँ । उमङ्ग र उत्साहको पखेटा फिजाइराखौँ । उमङ्ग छ भने धुलो पनि धन हुन्छ, अन्यथा धन पनि धुलोमा समाहित हुन्छ ।  आफ्नो सत्य सपनाको पुष्टि गरिहन पनि समय खर्च नगरौँ । सत्य कुराको प्रमाण दिइरहन खोज्नु पनि एक प्रकारको पाप हो । सत्यको तथ्य खोजिरहन नै पर्दैन । फगत आफ्नो साथ नछोडौँ । अरूलाई सघाउन पर्छ भन्ने संस्कारमा हुर्केका हामी, आफुलाई  आइपर्दा सघाउन पछि पर्नु पर्दैन भन्ने भाव थियो त्यो टिकटकको ।

छोटो तर सन्देसमुलुक त्यो टिकटकले मनोदशालाई ठिकठाक राख्न मद्दत पुग्दछ । लामो उपदेशात्मक सन्देशहरू श्रवण गर्न धैर्यताको निकै खाँचो पर्छ र अनि, सन्देश थोरैमा पनि काफी भइनै हाल्दछ । मनुष्यलाई पनि त्यही कुरा मीठो लाग्दछ, जुन मनोदशाबाट ऊ गुज्रिरहेको हुन्छ । यो ब्रह्माण्डीय नियम हो ।

अतः एकछिन पर्खनुहोस, साथ दिनेहरूलाई स्वागत गर्नुहोस, सदभाव व्यक्त गर्नुहोस, कारणवश यात्रामा लक्ष्यलाई सामुहिक भावनामा एकात्मकता बनाउन सक्नु भएन भने, साथ दिनेहरूको भुल नहुन सक्छ । सपनाकारले लक्ष्यलाई सामुहीककरण गर्न सक्नु पर्ने हुन्छ यदी बहुहितका लागि हो भने । घटना घटित हुनुपूर्व नै पर्याप्त तथा उचित चिन्तन, मनन र गृहकार्य गरेर सामुहिक लक्ष्य निर्धारण गर्नु नसक्नु सम्भावित दुर्घटनालाई निम्ता दिनु पनि हो । यदि यसको वावजुद पनि तालमेल मिलाउन सकिने अवस्था रहेन भने, ठान्नु पनि पर्छ । यो यात्रामा निकै चुनौतिहरू आइपर्ने छन । सहर्ष स्वीकार गर्दै तपाई अगाडि बढ्न मानसिक रूपमा तयार हुनु पर्ने हुन्छ , समय बलवान छ, यदि सामुहिक र सदभावले भरिपूर्ण यााात्रा हो भने क्रमशः हिजो बाटोमा छुटेकाहरू, पुनः हिजो हामीले नै सुरुवात गरेको हो, हामी जिम्मेवार थियौं भनेर क्रेडिट लिन आउने छन् । शुभारम्भमा बेवास्ता गर्नेहरू समय भएपछि फल टिप्न आइपुग्ने पनि छन् । यो मानवीय नियति हो । स्वीकार गर्दै अगाडि लम्किरहुँ ।

तपाईंको पछाडि एउटा ठुलो झुण्ड छ । नियालिराखेको छ तपाईलाई अनि तपाईद्वारा भइरहेका प्रगतिलाई । ऊ अब आफुपनि केही गरौं भन्ने मनस्थितिमा देखिदैन किनभने अदम्य आँटको अभाव छ, उमङ्ग उत्साह पटक्कै छैन । चुनौतिलाई झेल्ने अथाह मनोवलको खडेरी परेको छ । न स्वीकार गर्न सक्छ न त आफुले आँट नै । दुविधात्मक मनोदशाको शिकार भएको अवस्थामा एकप्रकारको छटपटि हुनपुग्छ । जित्न नसके पनि हार्न पनि सक्दैन । यस्तो द्वन्दात्मक अवस्थामा रचनात्मक शक्ति क्षीण वा कमजोर भइदिन पुग्दछ । कालान्तरमा हुन सक्ने सफलताको भन्दा पनि वर्तमानमा भएको उन्नतिले पीडा महसुश गराउँछ । यो पीडालाई कम गर्नका लागि आक्रात्मकताको गन्तव्यलाई रोज्न पुग्दछ । अरूको आलोचना गर्ने, कहिँ कतै कमजोरी छ कि भनी खोतल्ने, असहयोगको वातावरण बनाइदिने, अगाडि महिमा पनि गर्ने तर पछाडि पर्याप्त लाञ्छना लगाइरहने, अनिर्णयको भावमा पुग्ने आदि हर्कतहरू देखिन पुग्दछन् ।

तपाई खुशी हुनुहोस, यो तपाईको लागि अन्तिम अवसर हो, तपाई कति ग्राउण्डेड अवस्थामा हुनुहुन्छ, जीवनको बक्ररेखालाई कसरी लिइरहनु भएको छ । सफलताको यात्रामा

यो साइडसिनहरू सबै आउँछन् नै । तर पनि यसलाई खेल सम्झिदै यो पेचले तपाईलाई थप कसिलो बनाउने छ, अनुभवी बनाउने छ, स्वयम्सङ्गको एकाकारपनलाई सुदृढ तुल्याउने छ । जीवनको महत्व बुझ्नुहुनेछ । अवश्य पनि आजको समय भन्दा भोलि तपाईका लागि राम्रो हुने छ । आफुसङ्गको तपाईको आन्तरिक संवादको गुणात्मकतालाई थप सकारात्मक बनाउँदै लैजानुहोस् ।

यो अनि मात्र सम्भव छ, जब निरन्तर तपाई एउटा शक्तिको टावरसङ्ग सम्पर्कमा रहनु हुनेछ । तपाईको मात्र मनोवलले कहिलेकाहीँ साथ नदिन पनि सक्छ, अतः ईश्वरीय ऊर्जालाई जीवनको सम्पति बनाउनुहोस् । ईश्वर पिता तपाईको सुरक्षाको कवच हुनुहुनेछ । तपाईको सोच्ने दिमाग नै उस पितालाई सुम्पिदिनुहोस्, शरणागतिको अवस्थामा पुग्नुहोस, तपाईले अब के सोच्ने भन्ने कुराको पनि जिम्मेवारी उस पिता परमात्माको जिम्मेवारीमा जानेछ । यो अवस्थालाई संस्थागत गर्नका लागि केही आधारभूत मापदण्डहरू अपनाउनु पर्ने देखिन्छ ।

१) सात्विक डाइट

२) दिव्यगुणको एक्सरसाइज

३) ईश्वरीय याद

४) स्वयम्सँगको प्रेम

**सात्विक भोजन(डाईट) :**

मनरूपी पेटका लागि निरन्तर सकारात्मक, ऊर्जाशील, उत्प्रेरणात्मक तथा रचनात्मकता आवश्यकता पर्दछ । सोच नै जीवनको खोज, मोज र भोज हो । मनुष्यको सोचमा पूर्णता नहुन सक्छ किनकी मनुष्यमा आफैमा पूर्णता छैन । ऊ पनि कसैको रचना हो । रचयिता पिता परमात्मा, जो ज्ञानको सङ्गर समेत हुनुहुन्छ, आफैमा पूर्ण हुनुहुन्छ जसलाई परमपिता परमात्मा शिव भनिन्छ । उहाँ अजर, अमर र अविनासी समेत हुनुहुन्छ । सत्यम, शिवम र सुन्दरम् । उहाँबाट प्रेसित ज्ञानको नित्यश्रवणले जीवनमा मौलाएको फूल पुनः फक्रिन थाल्दछ । सङ्गित सगिङ्न हुन थाल्दछ । विचारसञ्चारको प्रगाढता ह्वात्तै बढन थाल्दछ । जीवनको गुरुत्वले आकार लिन थाल्दछ । धन्य हुनपुग्छ जीवन । ब्रह्माकुमारी शाखाहरू यसैको एउटा प्रयोगात्मक स्थलहरू हुन जहाँ सहजै ज्ञानको भोजनलाई ग्रहण गर्ने अवसर प्राप्त हुने गर्दछ ।

**दिव्यगुणको एक्सरसाइजः**

ज्ञानलाई शक्तिमा रूपान्तरण गर्नका लागि नित्य कसरत अत्वाश्यक छ भन्ने कुरामा कुनै पुष्टाई दिइरहन पर्दैन । निरन्तर एक्सरसाइज विना जीवन निरोगी हुन सक्दैन , यसैगरी अरूको राम्रो गुणलाई समेत अपनाउँदै, पूर्वजका दिव्य संस्कार र स्वभावलाई जीवनको डिएनए हो भन्ने महसुस गर्न सक्नु जीवनको दिव्यता हो । हामी कसैका होइनौ, कोही हाम्रा होइनन्, हामी सबैका हौँ, सब हाम्रा हुन, राम्रा हुँदासम्म सब हाम्रा हुन भन्ने मुल मन्त्रलाई जीवनमा अपनाउँदै अगाडि बढ्न सक्नु बुद्धिमता हो । अरूको राम्रो कुरालाई राम्रो हो भन्न सक्नु पनि दिव्यता नै हो । जीवन खाली पन्ना मात्र हो, यसका हरेक पन्नामा कति राम्रा दिव्य चित्रहरू बनाउने हो, ईश्वरपिताले हामी मनुष्यलाई दिव्यताको कलम हातमा थमाइदिनु भएको छ, फगतः रोजाई तपाईको हो । दिव्यतालाई अपनाउन पनि शक्ति चाहिन्छ जुन निरन्तर सकारात्मक दृष्टिकोणबाट मात्र सम्भव हुनेगर्दछ । यसका लागि सानो सानो अरूको कुरामा महिमा गरीहालौ, प्रशंसा गर्न अलिकति पनि कञ्जुसाई नगरौ । दिएपछि नै पाउने हो । यो अकाट्य नियमलाई आत्मासात् गरिहालौं ।

**ईश्वरीय याद :**

स्मृतिले मानसिक स्थिति, अनि स्तिथिले वृत्ति, वृत्तिले कृत्ति, कृत्तिले संस्कृति र अन्त्यमा संस्कृतिले प्रकृति र प्रवृत्तिमा प्रभाव पार्ने भएकाले तपाईं कसको स्मृतिमा हुनुहुन्छ भन्ने कुराले जीवनमा महत्व राख्दछ । तपाई को हो ? भन्नु भन्दा पनि तपाईको कसको सङ्गतमा हुनुहुन्छ भन्ने कुराले जीवनमा अर्थ राख्दछ । याद जीवनरूपी गााडीको स्टियरिङ्ग हो, जस्लाई तपाई कता मोडदै हुनुहुन्छ, गन्तव्य यसैको आधारमा निर्धारण हुने गर्दछ । ईश्वरपिता मनुष्य मात्रको शिक्षक, सदगुरु र पिता भएका कारण उहाँको आभा मण्डलमा डुब्नु नै जीवनलाई ऊर्जाशील बनाउनु हो । निष्ठापूर्वक आह्वान गर्दे उहाँमा पूर्णरूपेण समाहित हुन रहर पलाउनु जीवनको यात्रामा स्वयम्लाई स्वीकार गर्ने पहिलो र अन्तिम मापदण्ड हो । सहजताका लागि ब्रह्माकुमारी शाखाहरू नै मनुष्यआत्मारूपी ब्याट्रिलाई रिचार्ज गर्ने स्टेसनहरू हुन् । यी पवित्र धामहरूको समयमा सदुपयोग गर्नु आजको आवश्यकता हो ।

**स्वयम् सङ्गको प्रेमः**

स्व प्रेम, जीवन जीउने अन्तिम आधार । अरूलाई दिन पनि पहिला आफुसङ्ग हुनुपर्ने हुन्छ । स्वयम् भित्रको प्रज्ञालाई प्रज्वलन गर्नका लागि समय खर्चिनु पर्ने हुन्छ ।

आफुतिर फर्कियौं र प्रश्न गरौं, अन्ततः तिमि को हौ ? यसको खोजी गरौं । यो कसैले भनिदिएर ,तपाईले मानिदिएर हुने कुरा होइन । महसुश गर्ने कुरा हो । तपाई आफूलाई कति प्रेम गर्नुहुन्छ, यसैको आधारमा अन्यले पनि तपाईंलाई यसैको औसतमा प्रेम गर्ने हो । र त स्वयम्सङ्ग प्रेम गरौं । सकारात्मक संवाद र स्वीकारभाव नै प्रेमका आधारहरू हुन् ।

यी चार उपायले तपाईको गन्तव्यको यात्रामा निरन्तरता दिइरहन थप सहयोग गर्ने छ । तपाँईले आँटेको लक्ष्यसङ्गको असिमित प्रेम र ईमानले सफलतालाई गलाको हार बनाइदिन्छ । फगतः स्वयम्लाई प्रेम गरौं ।

अन्त्यमा, हेटौंडा उपमहानगरपालिका भित्र रहेका टोल विकास संस्थाहरूको हितमा क्रियाशील नगर टोल विकास संस्थाको २५ औं बार्षिकोत्सवको अवसरमा प्रकाशित स्मारिका मार्फत् यस संस्थाको उत्तरोत्तर प्रगति, सफलता एवम् यस संस्थाको यात्रामा थप श्रीवृद्धि हुन सकोस्, सम्पूर्ण आध्यात्मिक यात्रामा समर्पित ब्रह्माकुमारी अभियन्ताहरूका तर्फबाट मङ्गलमय शुभभावना । ओम्शान्ति ॥

–०–


टोल विकास संस्था स्थापनाको २५औं रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**अनिलकुमार बानियाँ**

**वडा अध्यक्ष एवम्**

**१८ नं. वडा कार्यालय**

**हेटौंडा उपमहानगरपालिका, परिवार**

# प्लास्टिकको भयङ्कर कुरुप राज्य

✍वैकुण्ठ लामिछाने

रेटिरहँदा प्लास्टिकले निरन्तर माटोको घाँटी
यो बुझ्नु जरुरी छ
हामी आफैँ रेटिइ रहेका हुनेछौँ
भोकको चक्रब्युमा

प्लास्टिकले भान्सामा साम्राज्य बिस्तार गर्नुअघि नै
सुध्रिएर रोक्न सक्यौं भने मस्तिस्कको मुल ढोकामा
गिजोल्ने छैन प्लास्टिकको त्रासले भान्साको सौन्दर्य
पछ्याउने छैन प्लास्टिकले साना नानीबाबुका स्कुलका तुम्लेट टिफिन सम्म
र
देखिनेछैन प्लास्टिकको भयङ्कर
कुरूप राज्य
छरपष्ट सडकको छातीमा

महोदय
बाबा कोठाको प्लास्टिकको फुलले किन बास्ना दिदैन ??
तपाई कलिलो मष्तिस्कको प्रश्नको कठघराको उभिएर
के जवाफ दिनुहुन्छ ??

पढाउन सक्यौ भने कलिलो मस्तिस्कलाई माटोको माया
सिकाउन सक्यौं भने जीवनको चेतना
जाग्न सक्यो भने घर घरबाट
प्लास्टिकको विरुद्ध बिद्रोह
गाउँ सहर सफा हुनुको
विकल्प हुने छैन

दैनिक प्रकृति, हरियाली चिनाउनुस
जब उसले बिस्तारै माटोको सुगन्ध बुझ्नेछ
बिस्तारै चिन्नेछ प्रकृतिको शाश्वत सत्य
र
कम्तिमा तपाइँलाई तपाइँको नानीबाबुले सोध्ने छैनन्
बाबा चिउराको बोट कस्तो हुन्छ ??

डिजेल बतासले निसास्सिएको दैनिक सहरको प्राणको पुनर्जिवनका लागि
कङ्क्रीटको जङ्गल चिथोरिरहने तातो कम्तिमा रोप्न सक्यौ भने
जन्मोत्सवमा सबैले एक एक बिरुवा
उमङ्गले खोलाको छाती
कञ्चन देखिनेछ ।

फालेनौं भने सुटुक्क खोल्सीमा घरको फोहर
देख्ने थिएनौं
कुकुरका बच्चाहरू प्लास्टिक अडकिएर मरिरहेका
गाईका बाच्छाहरू प्लास्टिक चपाउँदै गरेका
चरा चुरुङ्गिहरू प्लास्टिकको भयाबहमा फस्दै गरेका

प्लास्टिक रोगको पोकै बोकेर घर आउँछ
माटो, पानी र हावा बिना जीवन सम्भब छैन
यत्ति बुझाउन सक्यौं भने आफैले आफैलाई
हामीसङ्गै प्रकृतिले आनन्दको श्वास फेर्थ्यो कि ??

❑❑❑

# हेटौंडामा बालमैत्री अभियानमा भएका प्रयास



✍ विष्णुकुमारी लामिछाने

नेपाल सरकारले वि.सं.२०८७ सम्ममा सबै स्थानीय तहहरूलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउने लक्ष्य लिएको छ । सोही अनुरूप हेटौंडा उपमहानगरपालिकाले पनि नगरस्थित सरोकारवालाहरूको छलफल पश्चात पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिकाको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि उपमहानगरपालिकाले नीति तथा कार्यक्रम बनाउँदै वडा र नगरस्तरमा बजेट विनियोजन गरी विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली २०७८ लगायतका कानुनले गरेको व्यवस्था बमोजिम स्थानीय तहमा बालअधिकार सुनिश्चित गर्न ल्याइएको अवधारणा नै "बालमैत्री स्थानीय शासन" हो । बालमैत्री स्थानीय शासन अभियान सञ्चालन सहजीकरणको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ जारी गरेको छ ।

नेपाल सरकारले जारी गरेका कानुनको परिधिमा रही हेटौंडा उपमहानगरपालिकाले बाल समूह सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६, बालबालिका सम्बन्धी ऐन, २०७७, बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७७, बालकोष (स्थापना र सञ्चालन) कार्यविधि २०७९, बालअधिकार संरक्षण नीति, २०७९ लगायतका नीति तथा कानुन पारित गरी कार्यान्वयन गर्दै आएको छ ।

यतिबेला बालमैत्री अभियान उपमहानगरको प्रत्येक घर घरमा पुगेको छ । सबै वडामा एक एक जना बालमैत्री सहजकर्ता नियुक्त भई कार्यरत छन् । उनीहरूले वडामा रहेका प्रत्येक परिबारमा पुगेर बालविवाह, बालश्रम तथा धुम्रपान, सूर्तिजन्य तथा मदिराजन्य पदार्थको खरिद बिक्रीमा बालबालिका प्रयोग नगर्न नगराउनको लागि पत्राचार सहित सचेत गराउँदै

आएका छन् । टोल टोलमा सचेतनामूलक कार्यक्रमहरू नियमित रूपमा भइरहेका छन् । स्वास्थ्य संस्था, विद्यालय र स्थानीय सङ्घसंस्थाहरूलाई पनि बालबालिकाको क्षेत्रमा संवेदनशील बन्न आव्हान गरिएको छ ।

आवश्यक समन्वय गर्दै बालमैत्री स्थानीय शासन प्रणाली सञ्चालन गर्न तथा मजबुत बनाउन पालिका तथा वडास्तरमा विभिन्न संरचनागत व्यवस्था गरिएको छ । नगरप्रमुखको संयोजनमा बालमैत्री स्थानीय शासन नगर समिति, नगर उपप्रमुखको संयोजकत्वमा बालअधिकार समिति तथा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यान्वयन सहजीकरण समिति गठन भइ क्रियाशील भइरहेका छन् । त्यसैगरी वडामा वडाअध्यक्षको संयोजकत्वमा बालमैत्री स्थानीय शासन वडा समिति र बालअधिकार समिति गठन भइ नियमित रूपमा काम गरिरहेका छन् । वडाले पूरा गर्नुपर्ने जिम्मेवारी र सूचकको बारेमा वडास्तरमा र नगरले पूरा गर्नुपर्ने सूचकको बारेमा नगरस्तरका समितिहरूमा छलफल गर्दै समस्या समाधानमा निरन्तर प्रयास गरिँदै आएको छ ।

उपमहानगरपालिका र सबै वडाहरूमा बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणाका लागि कार्ययोजना तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । वडा र नगरमा यस अभियानमा सरोकारवालाको प्रतिबद्धता सहितको हस्ताक्षर सङ्कलन गरिएको छ । बालमैत्री स्थानीय शासन अबलम्बन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्थहरूसङ्ग समेत समन्वय गरिएको छ । सङ्घसंस्थाहरूले प्रतिबद्धता जनाउँदै यस अभियानमा सहयोग गर्दै आएका छन् ।

उपमहानगरक्षेत्रभित्र रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्न बालगृहहरूको अनुगमन गरिएको छ । स्थानीय बालअधिकार समितिले उपसमिति गठन गरी बालगृह मापदण्ड बमोजिम सञ्चालन भए नभएको अनुगमन गर्दै सुझाव समेत प्रदान गर्दै आएको छ ।आश्रय लिइरहेका बालबालिकाहरू बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालगृहमा राख्नैपर्ने अवस्थाका हुन् या होइनन् अर्थात प्रकृयाबमोजिम आएका छन् या छैनन् भन्ने विषयमा समेत बालअधिकार समित संवेदनशील बन्दै आएको छ । त्यसैगरी श्रमिक बालबालिकाको उद्धार तथा पुनर्स्थापना गर्नको लागि सबै वडामा बालश्रमिकको तथ्याङ्क सङ्कलन गरिएको थियो । सो तथ्याङ्क अनुसार ६३ जना बालबालिका श्रममा रहेको पाइएकोमा उनीहरूलाई बालमैत्री स्थानीय शासन वडा समिति मार्फत पारिवारिक पुनर्स्थापनाका लागि रोजगारदातालाई अनुरोध तथा पत्राचार भएको थियो । जानकारी पश्चात पनि बालश्रमिक परिबारमा पुनर्स्थापना नगर्ने व्यवसायीलाई बालअधिकार समितिमार्फत उपसमिति गठन गरी

सो उपसमितिले बालबालिकाको उद्धार गरी अल्पकालीन रूपमा बालहेल्पलाईनमा राखी रोजगारदातालाई श्रम तथा रोजगार कार्यालय मार्फत कानुनी कारवाही गरी बालबालिकालाई पारिवारिक पुनर्स्थापना गरिएको छ ।

बालबालिकालाई निर्धक्कका साथ आफ्नो कुरा व्यक्त गर्न पाउने, बालबालिकाका समस्याहरू सुनाउन पाउने तथा केही सिकाइ हासिल गर्न समेत सक्ने गरी नगरपालिकामा र प्रत्येक वडामा बालमैत्री सम्पर्क कक्षको स्थापना गरिएको छ । वडामा वडा सहजकर्ताको अलावा जनप्रतिनिधी मध्ये १ जनालाई बालमैत्री सम्पर्क व्यक्तिको नियुक्ति प्रदान गरिएको छ । यसको साथै सबै वडा सदस्यलाई भौगोलिक रूपमा वडाको क्षेत्र विभाजन गरिएको छ । यसले उक्त क्षेत्रका बालबालिकाका समस्याहरूलाई सम्बोधन गर्न सजिलो बनाउँदछ । हरेक विद्यालयमा बालमैत्री संरक्षक शिक्षक नियुक्त भएका छन् ।

नगरस्तरीय बालसमूह सञ्जालको बैठक कक्ष पुष्पलाल पार्कमा व्यवस्थापन गरिएको छ जहाँ बालमैत्री सिकाइ स्रोत केन्द्र समेत रहेको छ । बालमैत्री सिकाइ स्रोत केन्द्रमा हाललाई केही पठन सामाग्रीहरू राखिएको छ र त्यहाँ अन्य थप सामाग्री राख्नको लागि सरोकारवालाहरूलाई जानकारी समेत गरिएको छ ।

बालमैत्री अभियान सशक्त रूपमा अघि बढिरहँदा पनि उपमहानगरक्षेत्रमा बालबालिका सम्बन्धी केही समस्याहरू रहेका छन् । तिनीहरूमा बालश्रम, बालविवाह, अभिभावकविहीन बालबालिका, बेबारिसे अबस्थामा भेटिएका बालबालिका, सडक बालबालिका ( अभिभावकसहित), लागूपदार्थ दुर्व्यसनीमा लागेका र विद्यालय बीचैमा छोड्ने बालबालिकाहरू पर्दछन् । विद्यालय टाढा हुनु, अभिभावकले शिक्षामा जोड नदिनु, बालबालिकामा विद्यालय/पढाइप्रति वितृष्णा पैदा हुनु जस्ता कारणले बालबालिकाले बीचैमा विद्यालय छोड्ने अनि अभिभावकको मञ्जुरीभन्दा पनि स्वेच्छाले विवाह गर्ने परिपाटी पनि देखिन्छ । यदाकदा अभिभावकले बालबालिकालाई माग्ने काममा पनि प्रयोग गर्ने गरेको भेटिन्छ । अभिभावकको मञ्जूरविना ट्याक्टरमा हिँड्ने, निर्माण कार्यमा संलग्न हुने, घर छोडेर हिँड्ने तथा मञ्जुरीमा केही पैसा अभिभावकले लिने गरी अन्य पालिकाबाट श्रममा आबद्ध हुन आउने बालबालिका पनि रहेका छन् । उचित पारिवारिक संरक्षणको अभावमा बालबालिकाहरू लागू पदार्थ, सूर्तिजन्य पदार्थ तथा धुम्रपान गर्ने खराब आचरणमा पनि लाग्ने गरेका छन् ।

बालमैत्री स्थानीय शासन अभियानले समाजमा जागरुकता ल्याएको छ, यसको अलावा पारिवारिक रूपमा केही कठिनाई भएका बालबालिकाको परिवारका सदस्य, छिमेकी वा

आफन्तले उचित व्यवस्थापन नगरी बालगृहमा पठाउन पहल गर्ने गर्दछन् । केही अभिभावकहरू छोराछोरीलाई शिक्षा भन्दा कमाउनका लागि जोड दिन्छन् । स-साना छोराछोरी प्रतिको जिम्मेवारी वहन नगरी अर्को विवाह गर्दछन् । बालबालिका जोखिममा परेको देख्दा देख्दै पनि चुपचाप बसिदिन्छन् ।यस्ता केही पक्षहरूले गर्दा बालमैत्री स्थानीय शासन अभियानलाई केही चुनौति दिएको छ ।

यस्ता बालबालिकाका समस्यालाई समाधान गर्न पालिकाले विभिन्न गतिविधि सञ्चालन गरेको छ । समुदायस्तरमा अभिभावक, शिक्षक, जनप्रतिनिधि र बालबालिकासङ्गै राखेर छलफल गर्ने, अभिभावक विहीन बालबालिकालाई शिक्षामा निरन्तरताको लागि भत्ता उपलब्ध गराउने, सडक र श्रममा रहेका बालबालिकालाई उद्धार तथा पुनर्स्थापना गर्ने, कठिन परिस्थितिमा रहेका बालबालिकालाई बालकोषबाट आवश्यकताअनुसार सहयोग गर्ने, शैक्षिक सामाग्री वितरण गर्ने, हुँदै गरेका वा हुन लागेका बालविवाह रोक्ने लगायतका कार्यहरू नियमित रूपमा भैरहेका छन् । आगामी दिनमा बालबालिका कुनै पनि समस्यामा नपरुन भनेर टोलस्तरीय बालसमूह, विद्यालयस्तरीय बालसमूह तथा बालसमूह सञ्जाललाई सक्रीय बनाउँदै सचेतनाका कार्यहरू बालबालिकाकै संलग्नता र अगुवाइमा गरिँदै आएको छ ।

बालसहभागितालाई अभिवृद्धि गर्न, रचनात्मक कार्यहरूमा सहभागी गराउन, विचार र भावनाको कदर गर्न, सामाजिक कृयाकलापमा सम्लग्न गराउन टोल टोलमा बालसमूह, विद्यालयस्तरमा बालसमूह, वडास्तरमा वडास्तरीय बालसमूह सञ्जाल र नगरस्तरमा नगरस्तरीय बालसमूह सञ्जाल गठन गरी परिचालन गरिएको छ । टोलस्तरीय २ सय ७० वटा र विद्यालयस्तरीय १ सय ६ वटा गरी जम्मा ३ सय ७६ वटा बालसमूह, १९ वडामा वडास्तरीय बालसमूह र १ नगरस्तरीय बालसमूह सूचीकृत भई कृयाशील रहेका छन् । समस्या समाधान र सम्भावना गरी २ क्षेत्रमा बालबालिकाहरू समूह/सञ्जालमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गर्दछन् ।

५१ सूचकहरूलाई आधार मानी प्रश्नावली तयार गर्दै सफ्टवेयर निर्माण गरी पालिकामा बालबालिकाको अवस्था विश्लेषण गरेर सोही बमोजिम योजना बनाई कार्यान्वयन गर्न बालवस्तुगत विवरण सङ्कलन कार्य सम्पन्न भएको छ । यसको लागि ३० जना तथ्याङ्क सङ्कलकहरू नियुक्त गरी परिचालन गरिएको थियो । यसले वडा वडामा र नगरमा बालमैत्री स्थानीय शासनका सूचक मापन र विश्लेषणमा सहयोग पुऱ्याउनेछ । करिब ३९

हजार घरपरिवारको तथ्याङ्क सङ्कलन भएको छ । जुन उपमहानगरपालिकाको वेवसाइटमा प्रकाशन गरिएको छ ।

यसरी विभिन्न तह र तप्काबाट हेटौँडा उपमहानगरपालिकामा बालमैत्री अभियान सञ्चालन भएको छ । पालिकाका विभिन्न महाशाखा र शाखामा पनि कार्य विभाजन भएको छ भने सरकारी निकाय, गैर सरकारी संस्था, टोलविकास संस्था, आमा समूह लगायतले सहयोग गर्दै आइरहेका छन् । वडा कार्यालयको विशेष पहलमा सकृयताका साथ गतिविधिहरू सञ्चालन भइरहेका छन् । यतिले मात्र पर्याप्त नहुने भएको हुँदा सम्पूर्ण अभिभावकहरू आ आफ्नो बालबालिकाप्रति संवेदनशील भई बालमैत्री बन्नसक्नुपर्दछ । परिवारभित्र बालमैत्री आचरण, बोली, व्यवहार र संरचना बन्न सकेमा मात्र यो अभियानले सार्थकता प्राप्त गर्न सक्छ ।

हरेक मानिस एकैपटक ठूलो हुने र सबै कुरा बुझ्ने हुन सक्दैन । जन्मिनु, हुर्किनु, बढ्नु, प्रौढ हुनु, ज्येष्ठ हुनु अनि मर्नु नियमित प्रकृया हुन । बाल्यावस्थामा जस्तो वातावरण र संस्कार प्रदान गर्न सक्छौँ त्यसले जीवनपर्यन्त प्रभाव पार्दछ । बालबालिकालाई सबल, सक्षम र संस्कारयुक्त बनाउन अभिभावक, परिवार, विद्यालय, छिमेकी, राज्य मात्र नभई प्रत्येक व्यक्तिको जिम्मेवारी हुन्छ । हामी सबैले आ आफ्नो स्थानबाट सक्षम भावी पुस्ता निर्माणको लागि बालबालिकाप्रतिको जिम्मेवारी र कर्तव्य निर्वाह गरौँ ।

जय बालबालिका !

*(लेखक हेटौँडा उपमहानगरपालिकाको निर्देशक हुनुहुन्छ ।)*

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**जुना दाहाल**

**वडा अध्यक्ष एवम्**

**११ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**अर्जुनप्रसाद तिवारी**

**वडा अध्यक्ष एवम्**

**१२ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

# टोल विकासमा महिला सशक्तीकरण



✍ माया पौडेल

सर्वप्रथम टोलविकास, टोल + विकास २ वटा शब्द मिलेर बनेको छ जहाँ आफू बसिन्छ त्यो समूह टोल र सो ठाउँको सकरात्मक सुधार हुनु वा परिवर्तन हुनु निश्चित रूपमा विकास हो ।

महिला सशक्तीकरण के हो? भन्ने प्रश्नको जवाफ भेग छ यसलाई छोटोरूपमा महिला सशक्तीकरण एक प्रक्रिया हो स्वतन्त्र हुन पाउनु स्रोतसाधनमाथि आफनो नियन्त्रण हुनु, निणर्य मा पहुँच कानुनको कार्यन्वयन भएको वा नभएको अनुभूति आदि ।

टोल विकाससङ्ग महिलाको सामीप्यता त्यसमा पनि हेटौँडा उपमहानगरपालिकाभित्र रहेका टोलविकास र टोलविकासमा महिलाको सशक्तीकरणका बारेमा चर्चा गर्नु सान्दर्भिक हुन्छ । यस अगाडि नेपालमा कानुन कहिले आयो ? कुन कानुनले महिलाको हितमा बोल्यो र लैङ्गिक सम्बन्धका कुरा थोरै पक्कै पनि खोतल्न जरूरी ठानेकी छु ।

वि.सं. २००४ सम्म नेपालमा राणा शासन थियो । वि.सं. १९१० मा जङ्गबहादुर राणाले मुलुकी ऐन जारी गरे । यो नेपालको पहिलो लिखित कानुन थियो । यो हिन्दु धर्मबाट अति प्रभावित कानुन थियो । यसमा लैङ्गिक असमानताका थुप्रै पक्षहरू रहेका छन् ।

नयाँ मुलुकी ऐन २०२० ले भने केही हदसम्म महिलाको पक्षमा बोलेको देखिन्छ । २०४६ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् बनेको नेपाल अधिराज्य को संविधानले महिला र पुरुषलाई समान अधिकार भनी उल्लेख गरेको पाइन्छ ।

त्यस्तै गरेर नेपालको संविधान २०७२ ले महिलाको हकअधिकारलाई महत्वपूर्ण स्थान दिएको छ । तर कार्यान्वयन हुन सक्यो वा सकेन यसलाई थाती राख्दै अब टोलविकासमा यहाँका महिलाको अहम् भूमिका रहेको छ । महिलाहरू अति सशक्त रूपले लागेका छन् भन्दा अत्युक्ति नहोला ।

हाल हेटौँडा उपमहानगरपालिका भित्र १ देखि १९ नम्बर वडासम्म ३७७ वटा टोलविकास संस्था गठन भइसकेका छन् । स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले व्यवस्था गरेको अधिकार प्रयोग गरी यस हेटौँडा नगरीमा टोल विकास संस्था गठन र सञ्चालन निर्देशिका तयार गरी लागू गरिएको २५ बर्ष जति भैइसक्यो । यहाँ २०५८/५९ सालदेखि टोल विकास गठन गरियो । टोलविकास मार्फत् टोलको समितिमा अधिकांश महिला नै बस्नुभयो । उहाँहरूले थोरै पूँजी सङ्कलन गर्न थाल्दै जानुभयो । बिस्तारै आयआर्जनको क्षेत्रमा लगानी गर्न थाल्नु भयो । प्राप्त ब्याज पूँजीमा जोडिन थाल्यो । बचतमा पनि प्रायः टोल विकासले वृद्धि गर्दै गए । सामाजिक क्षेत्रमा सरसफाई, प्लास्टिकजन्य वस्तुको न्यूनीकरण, वृक्षारोपण कार्यक्रम, प्लास्टिकलाई सुइरोमा उनेर जम्मा गर्ने काम गर्दै आइयो । यसको श्रेय हेटौँडावासी महिलालाई जान्छ । लगभग सङ्ख्यात्मक रूपमा ८० प्रतिशत भन्दा माथि महिलाको प्रतिनिधित्व रहेको थियो र अहिले पनि लगभग कायमै छ । त्यत्तिमात्रै होइन टोलविकास सञ्चालन गर्ने, टोलको नेतृत्व गर्ने काम महिलाहरूले गरेकै कारण राजनीतिक प्रभाव पनि यहाँका टोलवासी महिलाकोहरूमा ज्यादै देखियो । यसको ज्वलन्त उदाहरण यस नगरीमा महिला उपमेयर हुनु, मेयर हुनु, हाल महिला उपमेयर हारेपनि उहाँको भोट धेरै हुनु त्यसैगरी वडाअध्यक्ष लगायत थुप्रै महिला सदस्य जनप्रतिनिधि छान्न सफल हुनु भएको छ । यसको श्रेय पनि टोलविकासका महिलालाई दिँदा पक्कै न्याय हुन्छ ।

बिगत १२/१३ बर्षदेखि टोल विकास संस्थामा वचतमा पनि वृद्धि, लगानी ऋणमा पनि वृद्धि बार्षिक आय व्यलाई अडिट गराएर मात्रै साधारणसभा अधिवेशन गर्नुपर्ने बाध्यता, जसका कारण लेखा तालिम, नेतृत्व विकास तालिम, कार्यलय व्यवस्थापन तालिम, घरेलु हिंसा विरुद्धको तालिम, जुत्ता चप्पल बनाउने तालिम, क्रिष्टलका गहना बनाउने तालिम, ब्युटिसियन प्लास्टिक झोला न्युनीकरण गर्न कपडाको झोला निर्माण गर्ने तालिम आदि विषयको तालिमको माग स्वयम् टोल विकासका नेतृत्वकर्ता महिलाहरूले गर्नु भयो र सोहिबमोजिम विभिन्न ठाउँमा विभिन्न समयमा यस्तो तालिम टोलविकासकै आयोजनामा, वडा समन्वयको आयोजनामा र टोल विकास नगर समन्वय समितिको आयोजनामा तालिम व्यवस्थापन गरी प्रदान गरियो र गरिँदै छ । धेरैले तालिम प्राप्त गरिसक्नुभएको छ । यस्ता तालिममा महिलाको सहभागिता धेरै धेरै रहेको छ । त्यत्ति मात्रै नभएर हेटौँडामा विभिन्न सङ्घसंस्थाले महत्वपूर्ण कार्यक्रमहरू सञ्चालन गर्दैछन् भने त्यसको लागि टोलविकासकै सहभागिताको माग गरिन्छ । त्यसमा महिलाहरू नै अग्रसर भइदिनुहुन्छ । विश्व वातावरण दिवसमा हजारौँ महिलाहरूको सहभागिता देशकै वर्षदेखि रहँदै आएको छ । विश्व वातावरण

दिवस मनाइरहँदा केही आरोप समेत सहभागी महिलाले खेप्नुपरेको छ । बर्षभरि केही नगर्ने ३६५ दिनमा १ दिन मनाएर के हुन्छ ? भन्ने प्रश्नको झटारो आरोप महिलाले खेप्नुपरेको छ । वास्तविकता त्यो होइन महिलाले ३६५ दिन नै टोलविकासको प्रतिनिधित्व गरेका छन् आफ्नो घरआँगन, टोल सबै सफा गर्ने, वृक्षरोपण गर्ने, विकास नभएका ठाउमा विकास माग गर्ने, सामाजिक सङ्घसंस्थाको बैठक तालिममा आफ्नो टोलभित्र निर्णय गरी सहभागिता गराउने व्यवस्थित गर्ने काम गर्दै जुन ५ लाई विश्व वातावरण दिवस वातावरणीय स्वच्छता कायम राखौं भन्ने अभिप्रायले गरिएको थियो र सहिरहेको छ ।

महिलाहरूले बचत गरेका रकम नेतृत्वकर्ता महिलाले हिनमिना गरेको भन्ने सूचना अहिलेसम्म पाइएको छैन् । लगानी गरेको ऋण उठाउन पनि सफल नै देखिन्छन् । एकाध ठाउँ बाहेक नेतृत्व हस्तान्तरण पनि हुने गरेको छ । स्थानीय स्तरमा उपलब्ध स्रोतलाई परिचालन गरी स्थानीय सिप, क्षमताको विकास गर्ने र आफ्नो टोलसमूहमा परिवर्तन ल्याउने ठाउमा आज हेटौंडावासी महिला र नेतृत्वमा रहने सबै टोलविकासका सङ्गठन उभिएका छन् । त्यसैको परिणाम हाम्रो हेटौँडा उपमहानगरपालिका बेला, बेला पुरस्कृत पनि हुन सफल भएको छ । त्यसैले हेटौँडा उपमहानगरपालिका र यहाँ रहेका टोल विकासमा आबद्ध महिलाहरूमा निर्णयमा पहुँच छ । ठुलो सङ्ख्यामा महिला सशक्तीकरण भएको छ भन्ने आभास पाईन्छ । यसप्रति सरोकारवालाहरूले अझ बढी ध्यान दिनु जरुरी देखिन्छ ।

*( लेखक टोल विकास सँस्था नगर समिति सदस्य पनि हुनुहुन्छ ।)*

❑❑❑

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**सुकराम के.सी.**

**वडा अध्यक्ष एवम्**

**९ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**फूर्वा दोर्जे लामा**

**वडा अध्यक्ष एवम्**

**१० नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**



# फोहर व्यवस्थापनमा हेटौंडा उपमहानगरपालिका

✍ ई. चन्दा खड्का
(वातावरण ईन्जिनियर, हेटौंडा उपमहानगरपालिका)

## पृष्ठभूमि

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । त्यसैगरी दिगो विकास लक्ष्यले दिगो उपभोग तथा उत्पादन र पन्ध्रौं योजनाले समेत फोहरमैला व्यवस्थापनलाई प्राथमिकता राखेको छ । वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी वातावरण संरक्षण ऐन, २०७६, बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७, वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, फोहरमैला व्यवस्थापन ऐन, २०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७०, फोहरमैला नीति २०७९ कार्यान्वयनमा रहेका छन् । "फोहरमैला व्यवस्थापन ऐन, २०६८" को दफा ३ र ४ ले फोहरमैलाको प्रबन्ध तथा व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने व्यवस्था गरेको छ भने दफा ५ बमोजिम व्यक्ति, संस्था वा निकायको फोहरको उत्पादन कम गर्नुपर्ने कर्तव्य रहेको उल्लेख गरेको छ।

## हेटौंडा उपमहानगरपालिकाको फोहर सङ्कलन प्रक्रिया

१९ वटा वडामा विभाजित हेटौंडा उपमहानगरपालिकाले सार्वजनिक निजी साझेदारी अवधारणा अन्तरगत हेटौंडा नगर क्षेत्र भित्रका सडक संजाल पुगेका सबै घरधुरी, व्यापारिक, आवासीय क्षेत्र, संस्थागत क्षेत्र सम्पूर्ण क्षेत्रमा उपमहानगरपालिकाको घोषित नीति अनुरूप दिगो फोहरमैला व्यवस्थापन कार्यक्रम गर्दै आएको छ । घरधुरी, व्यापारिक तथा आवासीय क्षेत्र, संस्थागत क्षेत्र, लगायतका सम्पूर्ण नगर क्षेत्रबाट निस्कने फोहरको श्रोतमा नै वर्गीकृत गर्ने नीति अनुरूप हाल वडाहरूलाई ३ समूहमा विभाजन गरिएको छः सहरी, अर्धसहरी तथा ग्रामीण वडा। वडा नं १ को केही भाग र वडा नं २,४,५ र १० सहरी वडाहरू पर्दछ भने वडा नं १ का बाँकी भाग, वडा नं ३, ६, ७,८,९, र ११ अर्ध सहरी वडाहरू पर्दछन् भने बाँकी रहेका १२, १३, १४, १५, १६, १७,१८ र १९ नं वडाहरू ग्रामीण प्रकृतिका वडाहरू रहेका छन् । ग्रामीण प्रकृतिका वडाहरू भनिएपनि यी वडाहरू सम्पूर्ण रूपमा ग्रामीण वडाहरू भने होइनन् । वडाहरू क्रमशः १,२,४ र १० को घरधुरी, व्यापारिक तथा आवासीय

क्षेत्र, संस्थागत क्षेत्र लगायतका सम्पूर्ण क्षेत्रमा श्रोतमा वर्गीकरण पश्चात हप्तामा ४ दिन (दुई दिन जैविक तथा दुई दिन अजैविक फोहर) तालिका बनाइ घरदैलो सङ्कलन गर्ने गरिएको छ ।

हेटौँडा उपमहानगरपालिकाले फोहर गर्नेले नै तिर्नुपर्ने सिद्धान्त "पोलुटर्स पे प्रिन्सिपल" अनुरूप सार्वजनिक निजी साझेदारी (PPP model) मा साझेदार संस्था मार्फत सशुल्क फोहर सङ्कलन तथा व्यवस्थापन गर्दै आइरहेको छ । मुख्य बजार क्षेत्रको सडक सरसफाइ तथा फोहर व्यवस्थापनको अनुगमन पालिकाले गर्ने गरेको छ । उपमहानगरपालिकासङ्ग व्यवस्थित फोहरमैला विसर्जन गर्न उपयुक्त ल्याण्डफिल साइट नभएपनि साविक नगर पञ्चायतको (२०२६ फाल्गुण) बोर्ड बैठकको निर्णयबाट राप्ती नदी तटमा फोहर विसर्जन तथा व्यवस्थापन गर्ने गरेको छ । फोहर सङ्कलन पश्चात् सेग्रिगेशन सेन्टरमा राखिएको कन्भेयर बेल्टको प्रयोग बाट पुनः प्रयोग र पुनः चक्रण हुने फोहरलाई वर्गीकृत गर्ने गरिएको छ ।

*(स्रोत : हेटौँडा उपमहानगरपालिका कार्यालय, वातवरण शाखाको प्रतिवेदन, २०७९)*

## हेटौँडामा फोहरको अनुपातिक स्थिति

हेटौँडा उपमहानगरपालिकाले बार्षिक रूपमा उठाउने फोहरको प्रकृति हेर्दा जैविक फोहर ६१ प्रतिशत रहेको छ अन्य फोहरहरू प्लास्टिक जन्य १७ प्रतिशत, कागज तथा कागज जन्य सामाग्री ५ प्रतिशत, सिसाजन्य फोहर ६ प्रतिशत, धातुजन्य २ प्रतिशत, कपडा ३ प्रतिशत, रबर तथा लेदर ३ प्रतिशत, काठजन्य फोहर २ प्रतिशत तथा अन्य १ प्रतिशत रहेको छ ।

## वातावरण प्रदुषणको असर

अव्यवस्थित फोहर व्यवस्थापन पनि जलवायु परिवर्तन को कारक हो । जैविक फोहरको विघटन हुँदा मिथेन ग्यास उत्पन्न हुन्छ, जुन $CO_2$ भन्दा २८ गुणा बढी शक्तिशाली हरितगृह ग्याँस हो । विश्वको तथ्याङ्क हेर्ने हो भने, ल्यान्डफिल र फोहर व्यवस्थापन प्रणालीहरूबाट ११% मिथेन उत्सर्जन हुन्छ । त्यसै गरी फोहर जलाउँदा वा इन्सिनरेशन गर्दा $CO_2$, Dioxin / Furan जस्ता स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने ग्यास उत्सर्जन हुन्छ ।

## फोहर व्यवस्थापनको विश्वव्यापी अपेक्षा

आजको आवश्यकता भनेको बृहत्तर अर्थतन्त्र (CircuaLr Economy) हो जुन परम्परागत तहगत अर्थतन्त्र (Linear Economy) को विपरीत छ, जसमा उत्पादन, उपभोग, र नष्ट गर्ने (cradle to grave) प्रक्रियालाई पछ्याइन्छ । वृहत्तर अर्थतन्त्रमा उत्पादनको हरेक चरणमा

सामग्रीहरूको लामो समयसम्म कुशल प्रयोग गर्नेगरी डिजाइन गरिन्छ भने स्रोतहरूको अधिकतम उपयोगको प्रयास, बस्तुको मर्मत संहार, पुनः प्रयोग, पुनः चक्रण, पुनःनिर्माण गरी वातावरणीय प्रदूषणको न्यूनीकरण गर्नु हो ।

## फोहोर व्यवस्थापनमा टोल विकास र उपमहानगरपालिकाको साझेदारी

हेटौँडा उपमहानगरपालिकाको हकमा टोल विकास संस्थाहरू वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा क्रियाशील रहेका छन् भने विगतमा पनि प्लास्टिक झोला सङ्कलन गर्ने सुइरो अभियान देशभरीमा नै उत्कृष्ट अभ्यास मानिएको छ । आर्थिक वर्ष २०७९/८० हेटौँडा उपमहानगरपालिकाले सफा हेटौँडा अभियान लागू गरी टोल विकासहरू मार्फत सफा स्वच्छ र प्लास्टिक मुक्त बनाउने अभियानमा निरन्तर टोलवासीहरू खटिरहनुभएको छ । हेटौँडा उपमहानगरपालिकाको फोहर व्यवस्थापनमा प्रमुख चुनौति भनेकै पूर्णरूपमा श्रोतमा फोहर वर्गीकरण गर्न नसक्नु, पुनःचक्रण केन्द्रहरूको स्थापना हुन नसक्नु र फोहरमैला व्यवस्थापन गर्ने उचित स्थान तथा वातावरणमैत्री प्रविधि जडान गर्न नसक्नु हो । जैविक फोहरलाई कम्पोस्टिङ गरी मल बनाई बजारीकरण गर्न सकियो भने वा फोहरबाट उर्जा (Waste to Energy) उत्पादन गर्न सकियो भने यसले जैविक फोहरको मात्रा घटाउन, कृषिमा उपयोगी मलको आपूर्ति गर्न र वैकल्पिक उर्जा प्रर्वद्धनमा मद्दत पुग्छ ।

## उपसंहार

फोहर व्यवस्थापनका लागि प्रभावकारी उपायहरू अपनाउन सकेमा जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्दछ । पुनःचक्रणले नयाँ सामग्री उत्पादनको लागि आवश्यक ऊर्जा घटाउँछ, हरित ग्यास उत्सर्जन घटाउँछ र ठोस फोहरको मात्रा कम गर्न मद्दत पुऱ्याउँछ । फोहरमैला व्यवस्थापनमा वातावरण मैत्री प्रविधिको प्रयोग सहितको नीतिगत निर्णय एवम् समायानुकुल कानुन तर्जुमा गर्न आवश्यक देखिन्छ ।

*(लेखक हेटौँडा उपमहानगरपालिकाको वातावरण ईन्जिनियर, तथा वातावरणा महाशाखा प्रमुख हुनुहुन्छ )*

❑❑❑

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**पेम्बा लामा**

**वडा अध्यक्ष एवम्**

**१३ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**दिपक खड्का**

**वडा अध्यक्ष एवम्**

**१४ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

# हेटौँडाः सफा सहर घोषणा र टोल विकास संस्था



✍ बि.के. महर्जन

**पृष्ठभूमिः**

फोहरमैला व्यवस्थापन कार्यलाई विश्वका अधिकांश सहरहरूको प्रमुख समस्या वा चुनौतिको रूपमा स्वीकार गरिएको छ । यो समस्यालाई सम्वोधन गर्ने क्रममा अपनाइएका व्यवस्थापन प्रणालीहरूलाई नजिकबाट हेर्दा विकसित, विकासशील र अल्प विकसित देशका विधि पद्धतिहरू फरक फरक देखिन्छ । अध्ययन अनुसन्धान वा अन्य विविध प्रयोजनका लागि हाल सम्म मैले यो गोर्लार्द्धभित्र रहेका करिव २८ देशका विभिन्न सहरहरूको अध्ययन अवलोकन गर्ने क्रममा फोहरमैला व्यवस्थापनलाई मूलतः दुई वटा प्रवृति र अवस्थालाई नजिकबाट हेर्ने, विवेचना गर्ने, दृष्टिकोण निर्माण गर्ने अवसर प्राप्त भयो । विकसित देशरुका सहरहरूमा सडक सफा गर्ने, वढार्ने वा कुचो लगाउने कोही मान्छे देखिदैन तर ती देशका सहरहरू तुलनात्मक रूपमा सफा देखिन्छन तर विकासशील वा अल्प विकासित देशका सहरहरू विशेषत दक्षिण एशिया क्षेत्रका देशहरू जस्तै भारत, वङ्गलादेश, नेपाल जस्ता देशका सहरहरूमा दैनिक सयौँ, हजारौ सङ्ख्याका सफाइकर्मीहरूले सहरका सडक नाली, चोक गल्ली सफा गरिरहेका देखिन्छन तर ती देशका सहरहरू नै तुलनात्मक रूपमा फोहर देखिन्छ । यो अवस्थाले मेरो मनमा एउटा जिज्ञासा उठिरह्यो की विकसित देशका सहरहरू जहा सफा गर्ने सफाई कर्मचारी वा सफाई मजदुर नभए पनि सहर सफा हुने तर हाम्रो र हामी जस्ता देशहरूमा प्रत्येक दिन हजारौ सफाईकर्मीहरूले दिनरात सफाइ गर्दा पनि हाम्रा सहरहरू किन सफा हुँदैन ? यस जिज्ञासाको समाधान खोज्ने क्रममा मैले अनुभूति गरेको विषय भनेको **"कुनै पनि सहर सफा गरेर सफा हुने होइन, फोहर गर्ने क्रमलाई रोक्न वा नियन्त्रित गर्न सकियो भने तुलनात्मक रूपमा सफाईको स्तर सुधार गर्न सकिन्छ"** भन्ने निष्कर्ष नै हेटौँडालाई सफा सहर निर्माणको आधारस्तम्भ हो ।

**फोहर र फोहर व्यवस्थापनः**

फोहर र फोहर व्यवस्थापन सम्वन्धी अभ्यासमा रहेका प्रणाली वा पद्धति समग्र जीवन जगतका लागि प्राकृतिक वा कृत्रिम विधिबाट हुने **"उत्पादन, उपभोग र पुन उत्पादन प्रणाली"** सङ्ग अन्तर सम्वन्धित छ । फोहर र फोहर व्यवस्थापनलाई दर्शनशास्त्रको आँखाबाट हेर्ने हो भने हामी जुन वस्तुलाई फोहरमैला भनिरहेका छौँ, वास्तवमा फोहर वस्तु नभई निश्चित चरणमा निश्चित प्रयोजनका लागि उपयोगविहीन तर अन्य प्रयोजनका लागि उपयोग हुन सक्ने प्रवल संभावना रहेको वस्तु मात्र हो । विश्व व्रह्माण्डको उत्पादन प्रणालीलाई नजिकबाट नियाल्दा हामी मानव वा अन्य चराचर जगतले उपभोग गर्ने वस्तु प्रकृतिबाट आफै उत्पादन हुन्छ जसलाई हामी प्राकृतिक

भन्ने गर्दछौँ भने कुनै कृत्रिम विधि पद्धति प्रयोगबाट उत्पादन हुने वस्तुलाई कृत्रिम उत्पादन भन्ने गर्दछौँ । मानव वा चराचर जगतले आफ्नो अस्तित्व रक्षाको लागि उपभोग गर्ने प्राकृतिक होस वा कृत्रिम वस्तुको उपभोग निश्चित चरणमा निश्चित प्रतिशत मात्र हुन्छ, सत प्रतिशत उपभोग वा उपयोग हुँदैन । यसरी प्राकृतिक होस वा कृत्रिम वस्तुको निश्चित चरणमा निश्चित प्रतिशतमा उपभोग हुने र शेष रहेको भाग अन्य प्रयोजनमा उपयोग नगरी त्यही चरणमा विसर्जन गरिएको वा उपयोगविहीनको अवस्थामा राखिएको वस्तु नै हाम्रो वोलीचालीमा **"फोहर"** को रूपमा परिभाषित गर्न सकिन्छ । उदाहरणका लागि "सुन्तला" यो सुन्तलाको विरुवामा फल्ने एक प्राकृतिक फल हो, जव हामी सुन्तलाको उपभोग गर्छौं, केस्रा केलाएर खान्छौँ, बाँकी रहेको वोक्रा र वीजको अन्य प्रयोजनको सम्भावनालाई पूर्णतः नजर अन्दाज गरी विसर्जन गर्छौं । यस उदाहरणमा सुन्तलाको वोक्रा तथा विज हाम्रो अभ्यासमा फोहरवस्तुको रूपमा बुझ्छौँ । यसै गरी अर्को उदाहरण मिनरल पानीको वोटललाई लिन सकिन्छ, मिनरल पानीको वोटल कृत्रिम उत्पादन हो, यसको पनि सत प्रतिशत उपभोग हुन सक्दैन, वोटलभित्रको पानी खाइसकेपछि वाकी रहेको प्लास्टिकको वोटल र विर्को अन्य प्रयोजनका लागि उपयोग हुन सक्ने संभावनालाई नजरअन्दाज गरी तत्काल विसर्जन गर्नु नै फोहर हो ।

**रङ्गमा आधारित फोहरको श्रोत वर्गीकरण र बारमा आधारित सङ्कलन प्रणालीः-**

यही दर्शनलाई मनन गरी सन २०१२ को सुरुवाती समयमा हेटौँडा उपमहानगरपालिकाको वस्तुस्थिति विश्लेषण गर्ने काम सुरु गरिएको थियो । हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्रबाट के कति फोहर निष्काशन हुन्छ, त्यो फोहरभित्र जैविक अजैविक फोहरको मात्रा के कति रहेको, नगरपालिकाको सङ्कलन दायरा के कति रहेको, आवासीय, व्यवसायिक तथा संस्थागत क्षेत्रबाट के कति, कु प्रकृतिको फोहरजन्य पदार्थहरू निष्काशन भइरहेको भन्ने यकिन तथ्याङ्कको लागि सन २०१२ मा एशियाली विकास बैंकको आर्थिक सहयोगमा तत्कालीन फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रले नेपालका ५८ नगरपालिकाहरूमा गरिएका अध्ययन प्रतिवेदनलाई नै आधार बनाई कार्ययोजना तर्जुमा गरिएको थियो । जस अनुसार हेटौँडाको प्रतिदिन प्रतिव्यक्ति फोहर निष्काशन २५६ ग्राम रहेको, निष्काशित फोहरमा करिव ६० प्रतिशत जैविक अर्थात कुहिने फोहर र ४० प्रतिशत अजैविक अर्थात नकुहिने फोहर रहेको, अजैविक फोहरभित्र पनि कागज तथा प्लास्टिकजन्य फोहरको मात्रा अधिक रहेको, निष्काशित फोहरको केवल ४० प्रतिशत मात्र सङ्कलनको दायरामा रहेको, आवासीय, व्यवसायिक र संस्थागत क्षेत्रको फोहरको फरक फरक मात्रा सम्बन्धी तथ्याङ्क समावेस थियो । यो प्रतिवेदनको गहन अध्ययन, विश्लेषणको आधारमा जैविक फोहर र अजैविक फोहरलाई फरक फरक तरिकाबाट निष्काशन, सङ्कलन, ढुवानी, जैविक फोहरबाट कम्पोष्टमलको उत्पादन, अजैविक फोहरभित्र पुनः प्रयोग, पुनः चक्रण योग्य फोहरलाई दोश्रो चरणको सुक्ष्म वर्गीकरण र प्रयोग विहिन फोहरलाई नियन्त्रित विसर्जन केन्द्रमा उपचार सहित व्यवस्थित विसर्जन गर्ने गरि एकीकृत दिगो व्यवस्थापन प्रणालीको रूपमा **"हरियो, निलो र रातो रङ्गमा आधारित श्रोत वर्गीकरण र हप्तामा २ दिन अजैविक र ५ दिन जैविक फोहर सङ्कलन गर्ने, सङ्कलित फोहरलाई अन्तिम विसर्जन गर्नु पूर्व दोश्रो चरणको शुक्ष्म वर्गीकरण प्रणालीको विकास र न्युन मात्राको फोहरमात्र अन्तिम विसर्जन केन्द्रमा विसर्जन गर्ने प्रणालीको अवधारणागत प्रारूप"** तयार गरिएको थियो ।

**सफा सहर घोषणा र टोल विकास संस्थाहरूको योगदानः**

यसरी तयार भएको प्रारम्भिक अवधारणा प्रारूपलाई कार्यान्वयनका लागि सरोकारवालाहरू विशेष गरी समुदायको प्राय सवै घरपरिवारको प्रतिनिधित्व रहेको टोल विकास संस्थाका पदाधिकारीहरूसङ्गको चरणवद्ध छलफल चलाइएको थियो । नगरक्षेत्रभित्र कवाडी सङ्कलन गर्नेहरूको अध्ययन गरिएको थियो । मकवानपुर उद्योग वाणिज्य सङ्घ, विभिन्न शैक्षिक संस्था, विभिन्न पेशा व्यवसायसङ्ग सम्वन्धित सङ्घसंस्थाहरू, सरकारी तथा गैरसरकारी क्षेत्रसङ्गको चरणवद्ध छलफलको निष्कर्षको रूपमा वडा नं.२ मा **"हरियो, निलो र रातो रङ्गमा आधारित श्रोत वर्गीकरण र हप्तामा २ दिन अजैविक र ५ दिन जैविक फोहर सङ्कलन गर्ने गरी बारमा आधारित सङ्कलन प्रणाली"** को पहिलो चरणको नमूना परीक्षणमा अभ्यास गर्ने निर्णय भएको थियो । यसका लागि आवासीय क्षेत्र तथा व्यवसायिक क्षेत्रले हरियो र निलो डष्टविन प्रयोगमा ल्याउने, स्वास्थ्य प्रदायक क्षेत्रले हरियो, निलो र रातो रङ्गको डष्टविन प्रयोगमा ल्याउने, आवासीय क्षेत्रमा जैविक फोहर सङ्कलनका लागि एक थान हरियो डष्टविन नगरपालिकाले उपलव्ध गराउने, अजैविक फोहर राख्नको लागि निलो रङ्गको एक थान डष्टविन स्वयम्ले व्यवस्थापन गर्ने, व्यवसायिक क्षेत्रमा अजैविक फोहरका लागि एक थान डष्टविन नगरपालिकाले उपलव्ध गराउने र स्वास्थ्य संस्थाहरूमा लागत सहभागितमा हरियो, निलो र रातो डष्टविन उपलव्ध गराउने सहमति अनुसार पहिलो चरणमा टोल विकास संस्थाका पदाधिकारीहरूलाई अभिमुखीकरण, टोल विकास संस्थाबाट एक एक जना सहजकर्ताहरूको छनौट, सहजकर्ताहरूको क्षमता विकासका लागि प्रशिक्षण कार्यक्रम, डष्टविन वितरण अभियान सञ्चालन, व्यानर, होर्डिङ्गवोर्ड, प्रचार प्रसार, टोल टोलमा नगरपालिकाबाट खटिएका सरसफाई निरीक्षकहरूबाट नियमित अनुगमन, कारवाही जस्ता चरणवद्ध प्रयासको परिणाम स्वरूप वडा नं.२ मा श्रोत वर्गीकरणको अभियानलाई सफलतापूर्वक सञ्चालन गरिएको थियो । वडा नं.२ मा गरिएको नमूना परीक्षण ८० प्रतिशत सफल भएको निष्कर्ष सहित दोश्रो चरणमा नगरपालिका कै सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं.४ मा विस्तार गरिएको थियो । वडा नं.४ मा यो अभियान सञ्चालन गर्दा पहिलो चरण अन्तर्गत वडा नं.२ मा सकृय सहभागिता जनाएका सहजकर्ताहरूलाई वडा नं.४ बाट छनोट भएका सहजकर्ताहरूलाई सहयोग गर्ने संयुक्त रूपमा परिचालन गर्ने रणनीति बनाइएको थियो । दोश्रो चरण अन्तर्गत वडा नं.४ को परीक्षण सफल भए पश्चात वडा नं.५, वडा नं.१० र वडा नं.१ को राप्ती वारीको क्षेत्रमा समेत विस्तार गरिएको थियो ।

यस सन्दर्भमा वडा नं.१० को आदर्श टोल विकास संस्थाका संस्थापक अध्यक्ष एवम् टोल विकास संस्था नगर समन्वय समितिका संस्थापक अध्यक्ष स्व.रमेशरत्न स्थापितज्यू र भुटनदेवी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूको योगदानलाई पनि उच्च सम्मान गर्नु सार्न्दभिक ठान्दछु । स्व.रमेशरत्न स्थापित र भुटनदेवी सामुदायिक वन उपभोक्ता समितिको संयुक्त पहलमा हालको एकीकृत फोहर व्यवस्थापन केन्द्रलाई साविकमा कम्पोष्ट मल उत्पादन केन्द्रको रूपमा सञ्चालन गर्नको लागि भौतिक संरचना निर्माण गरिएको थियो तर घरदैलो तहबाट जैविक फोहर वर्गीकरण नभएसम्म सो कम्पोष्ट मल केन्द्र सञ्चालनमा आउन सकिरहेको थिएन भने नगरक्षेत्रबाट निस्कने सवै फोहर राप्ती किनार नदी उकास जमिन जो भुटनदेवी सामुदायिक वन क्षेत्रमा जथाभावी फालिएको अवस्था थियो । यी परिवेशलाई एकीकृत र दिगो व्यवस्थापनको

माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ कार्यान्वयनमा ल्याएको जैविक फोहर र अजैविक फोहरलाई फरक फरक तरिकाबाट निष्काशन, सङ्कलन, ढुवानी, जैविक फोहरबाट कम्पोष्टमलको उत्पादन, अजैविक फोहरभित्र पुन प्रयोग, पुनः चक्रण योग्य फोहरलाई दोश्रो चरणको सुक्ष्म वर्गीकरण र प्रयोग विहीन फोहरलाई नियन्त्रित विसर्जन केन्द्रमा उपचार सहित व्यवस्थित विसर्जन गर्ने गरि एकीकृत दिगो व्यवस्थापन प्रणाली सहितको **"हरियो, निलो र रातो रङ्गमा आधारित श्रोत वर्गीकरण र हप्तामा २ दिन अजैविक र ५ दिन जैविक फोहर सङ्कलन गर्ने गरी बारमा आधारित सङ्कलन प्रणाली"** को सफल कार्यान्वयनबाट एकातिर जैविक फोहरको कम्पोष्ट उत्पादन भई कृषि तथा अन्य कार्यमा उपयोग हुने र अर्को तिर खुल्ला रूपमा विसर्जन गर्दा मिथेन ग्यासको उत्सर्जनबाट मानव शरिरमा पर्ने नकरात्मक असर न्युनिकरण गर्न मद्धत पुगेको थियो । यसै गरी समुदायमा रहेको भिश्रित रूपमा फोहर निष्काशन गर्ने आनीबानीलाई क्रमशः जैविक तथा अजैविक रूपमा वर्गीकरण गर्ने र सोही अनुसार सङ्कलनमा सहयोग गर्ने परम्पराको विकास भई समुदायको व्यवहारमा समेत क्रमिक रूपान्तरण भएको थियो । यसै गरी वर्गीकृत फोहरको उपयोगको स्तर वृद्धि भई फोहरलाई श्रोतको रूपमा उपयोग गर्ने वातावरण सृजना भएको, गरिव तथा निम्न वर्गका जनसमुदायलाई आधारभूत स्तरको राजगारीको अवसर सृजना भएको थियो । अर्कोतिर जनसमुदायमा फोहरमैला व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था, सहरको सरसफाई स्तर सुधारका लागि नगरपालिका, फोहर उत्पादकहरूको दायित्व तथा जिम्मेवारी, पद्धति जस्ता पक्षहरूमा अवधारणागत बुझाईमा सुधार आएको थियो ।

यसरी घरको फोहर सडकमा, सडकको फोहर गाडीमा र गाडीको फोहर जङ्गल वा नदी किनारमा खुल्ला रूपमा फाल्ने, जलाउने परम्परागत पद्धतिमा जवरजस्त हस्तक्षेप गरी समुदाय विशेषतः टोल विकास संस्थाहरूको प्रत्यक्ष नेतृत्व र सकृय सहभागितामा घरमा नै जैविक तथा अजैविक फोहरको वर्गीकरण, वर्गीकृत फोहरको वर्गीकृत सङ्कलन, ढुवानी, जैविक फोहर र अजैविक फोहरको अधिकतम उपयोग पश्चात् अत्यन्त न्यून मात्रामा रहेको विसर्जनयोग्य फोहरमात्र नियन्त्रित प्रणाली मार्फत उपचार सहित अन्तिम विसर्जन गर्ने पद्धतिलाई लगातार २ वर्षको अथक प्रयासको नतिजाको नेपाल सरकारले गरेको मूल्याङ्कनको निष्कर्ष हो, सन २०१४ को विश्व वातावरण दिवसको अवसर पारेर हेटौंडालाई नेपाल भरिको सफा सहरको रूपमा घोषणा गरी नगद पुरस्कार समेत प्रदान गरिएको थियो । यस महान यज्ञमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका सवै सरोकारवालाहरू विशेषत टोल विकास संस्थाहरू, वडा समन्वय समिति, टोल विकास संस्था नगर समन्वय समिति लगायत सवैमा कृतज्ञता ज्ञापन गर्दछु ।

❑❑❑

# फोहरमैला व्यवस्थापनमा स्थानीयको कार्य वा भूमिका



✍आदित्य चौलागाँई
बालजागृति ई. बो. स्कुल, कक्षा:९

फोहर भनेको के हो ? फोहरमैला कहाँबाट र कसरी उत्पत्ति भयो ? फोहरमैलाका कति प्रकारहरू रहेका छन् ? फोहरमैलाको व्यवस्थापन गर्न को को जिम्मेवार हुनु पर्दछ र किन ? फोहरमैलाको व्यवस्थापन गर्न स्थानीयको भूमिका के के हुनु पर्दछ र किन भन्ने सबै कुराको जानकारी हुन अति आवश्यक छ र यो सबै व्यवस्थापन गर्न सरोकारवाला पक्षलाई थाहा भई यसको व्यवस्थापनको जवाफदेही हुनु पर्दछ ।

**१) परिचय**

फोहरमैला भनेको घिन लाग्दो पदार्थ. वस्तु वा दुर्गन्ध आउने चिजबिज र मलमूत्र धूलो मयललाई बुझाउँछ । यो नकारात्मक र सकारात्मक दुवै हुन्छ । सामान्य अर्थमा यो ठोस पनि हुन्छ र तरल पनि हुन्छ । हो, फोहरमैला भनेको दुर्गन्ध आउने वस्तुहरू हो तर यो विभिन्न ठाउँमा प्रयोगमा आउन सक्छ र अहिले हामी यस्लाई कसरी प्रयोगमा ल्याउने बारेको कुरा गर्छौं । फोहरमैलाको उदाहरणहरू धेरै छन् । ती मध्ये केही मुख्य छन् । जस्तै प्लास्टिक, कागज, मरेका जनावरको कुहिने शेष, कोइला, धुवाँ, धुलो, माकुराको जाली, तरकारीको बोक्रा आदि । २०६८ सालको ऐन अनुसार यो सबैको व्यवस्थापनको जिम्मा सरकारले स्थानीय निकायहस्लाई दिएको छ । त्यसैले सबै स्थानीय निकायहरू चनाखो हुनुपर्दछ । सङ्घले हरेक स्थानीय निकायलाई बजेट दिएको हुन्छ ।

**२) ठोस फोहर मैला**

ठोस फोहर मैलाको बारेमा नकारात्मक सोचहरू बढी छन् मान्छन् कि ठोस फोहरमैला भनेको हाम्रो घरवरिपरिबाट निस्केका फाल्तु वस्तु र उद्योग कलकारखानाबाट निस्केको फाल्तु वस्तु र खेतिबारी गर्दा उत्पादित भएर फ्याँकिने वस्तुहरू हुन् । तर यसको हामीले राम्ररी प्रयोग र फेरी निर्माण गर्ने क्षमताको विकास भयो भने यस बाट विभिन्न

कच्चा पदार्थ, यसलाई छुट्टयाई कुहिने र नकुहिने फोहरको फोहर राख्ने चिज जस्तै बाल्टिहरू प्रयोग गरी कुहिने फोहरलाई अल्टाई, पल्टाई कम्पोस्ट मल बनाउन सक्छौं । हामीले यो सबै फोहरको व्यवस्थापन गर्न सक्यौं भने हाम्रो वातावरण पनि स्वच्छ हुन्छ र हामी पनि स्वस्थ हुन्छौं र हामीले यस्ता चिजबिज कबाडी वा अन्य कलकारखानामा गएर दियौं भने हामीलाई राम्रो रकम पनि आउँछ ।

**३) फोहरमैलाका प्रकार**

फोहरमैलाका विभिन्न स्रोतहरू त छन् तर ती स्रोतहरूको उदाहरणलाई छुट्टाइने वा वर्गीकरण चाहिँ दुई प्रकारले गरेका छन् ।

**१) जैविक फोहर :**

मानिसले हरेक फोहरमैलालाई एकै स्थानमा राख्दछन् । तर अबदेखि हामीले यस्तो कुरो गर्नु हुँदैन । यस्तो कुरा हामीले गऱ्यौं भने हामीलाई थाहा नै हुँदैन कुन जैविक र कुन अजैविक फोहर भनेर । जैविक फोहर भनेको चाहिँ यस्तो फोहरमैला हुन् जस्ले आफ्नो पुरै शेष गुमाएर माटोमा मिसिन्छन् । सामान्य अर्थमा कुहिने फोहरलाई जैविक फोहर भनिन्छ ।

उदाहरणको लागिः मांस (जनावरको शरीर) जुन कुहिन्छ । तरकारीको बोक्रा, झारपात, पराल, घाँस आदि हुन् । यस्लाई हामीले अल्टाई पल्टाई कम्पोष्ट मलको रूपमा प्रयोग गर्न सक्छौ ।

**२) अजैविक फोहर :** यस्ता यस्ता फोहरमैला जुन चाहिँ कुहिँदैन, जुन हामीले निलो फोहर बाल्टिमा राख्छौं । उदाहरण को लागि प्लास्टिकका कागज, सिसाकलम, झोला, कपडा, सिरानी, तन्ना आदि । यस्ता बस्तुहरूबाट कम्पोष्ट मल बन्दैन, यस्ता बस्तुहरूलाई हामीले उद्योग कलकारखानातिर गएर दियौं भने राम्रो र धेरै पैसा पाउन सक्छौं । यसलाई पग्लाई आल्मुनियमसङ्ग मिसाई अल्टाई पल्टाई गरी नयाँ वस्तुको निर्माण हुन्छ ।

**४) फोहरमैलाका स्रोतहरू**

फोहमैला त विभिन्न स्रोतहरूबाट उत्पत्ति हुन्छ । यो निकै र अगणित छ । तर मुख्य यसका ४ स्रोतहरू छन् :

**१) घरबाट निस्केको फोहर मैला :** घरबाट निस्किने धेरै फोहरहरू छन् । जस्तै माकुराको जाली, धुलो, मयल, सिसाकलम, तरकारीको बोक्रा, फाटेको कपडा आदि ।

**२) भान्सा :** भान्साबाट निस्किने धेरै फोहरहरू छन् । जस्तै तरकारीको बोक्रा, कोइला, प्लास्टिक, धुलो, हड्डी, मसलाहरू, कुहिएको खाना आदि ।

**३) घरबाहिरबाट निस्किने फोहरहरू :** घरबाहिरबाट अनेक फोहरहरू निस्किने गर्दछ । जस्तै उदाहरणको लागि हड्डी, जनावरको मलमूत्र, धूलो, धुवाँ आदि हुन् ।

**४) बजारबाट निस्किने फोहरहरू :** सबैभन्दा मुख्य र सबैभन्दा बढी व्यवस्थित गर्ने फोहरहरू बजारबाट आउँछ । बजारबाट विभिन्न कलकारखानाबाट, उद्योगधन्दाबाट, बजारको पोस्टर र पसलहरूबाट आउने गर्दछ ।

**५) फोहरमैलाका असरहरू र समस्या**

फोहरमैलाले हाम्रो शरीरलाई मात्र हानीनोक्सानी नगरी पूरै विश्वलाई हानीनोक्सानी गर्दछ । यसले पुरै वायुमण्डलीन वातावरणलाई नोक्सान गर्दछ । अब अझै भन्नु पर्दा फोहरमैलाले विविध असरहरू र समस्या उत्पन्न गर्दछन् । झिङ्गा, जस्ता अन्य किराहरू फोहर भएका ठाउँमा गएर बस्छन् । हामीलाई आएर सार्छन् । यस्ले गर्दा हामी विविध रोगहरूसँग लड्नुपर्ने बाध्यता हुन्छ । पुरानो बेला फोहरमैलालाई नदीमा फ्यालिने र जलाउने राम्रो मानिन्थ्यो तर त्यही नदीको पानी खाएर र प्रयोग गरेर हामी दुषित भएको छौं । त्यही फोहर जलाएर हामीले अहिले धुवाँ र विभिन्न रोगहरूको सिकार हुँदै आइरहेको छौं । त्यही भएर हामीले फोहरहरूलाई व्यवस्थापन गर्नुपर्दछ ।

**६) फोहर मैलाको व्यवस्थापन गर्ने उपायहरू/समस्याको समाधान**

फोहरमैलाका विविध समस्याहरूको चर्चा त गरिसक्यौं । अब हामीले ती समस्यालाई कसरी समाधान गर्ने विषयवस्तुमा केन्द्रित हौं । फोहरमैला व्यवस्थापन गर्न हामीले कुहिने र नकुहिने फोहरहरू छुट्ट्याउनुपर्दछ । हामीले हरेक घर घरमा गएर फोहर व्यवस्थापनको बारेमा छलफल गरी ऱ्याली वा योजनाको तयारी गर्नुपर्दछ । विभिन्न ठाउँमा फोहर थुपार्न र जम्मा गर्न पाइँदैन र अझै भन्दा फोहर व्यवस्थापनमा सरकारले स्थानीय निकायलाई कडा ऐन कानुन र जिम्मेवारीका साथ यी सबै फोहरमैला प्रति कार्यक्रमको उद्घाटन गर्न सकेमा हाम्रो हे.उ.न.पा. सुन्दर र सफा नगरको रूपमा चिनिन्थ्यो । हामीले विविध फोहरमैलाबाट उर्जाको निर्माण पनि गर्न सक्छौं । जसरी काठ्माडौंको मेयर बालेन शाहले यस्तो कार्य गर्नुभएको थियो त्यही बेलाबाट अलि अलि फोहर मैला व्यवस्थित हुन थाल्यो । त्यसरी नै हाम्रो जनप्रतिनिधिहरू राम्रो र असल हुनपर्दछ जस्ले फोहरहरूको बारेमा कार्यक्रमको आयोजना गर्न सक्छन् । जसले विभिन्न

टोल विकास सस्थालाई फोहरमैलाका बारेमा आफ्नो टोल र वडा सफा पार भन्ने जिम्मेवारी दिन्छ, त्यही नगर मात्र सफा र सुन्दर नगरको रूपमा चिनिन्छ ।

**७) फोहरमैला व्यवस्थापनमा स्थानीयको भूमिका**

फोहरमैला व्यवस्थापन भनेको फोहरमैला व्यवस्थित गर्न वा आफ्नो निकाय स्वच्छ र मानिसहरू स्वस्थ हुनु वा व्यवस्थित गर्ने कार्य हुन् । यो फोहरमैला व्यवस्थापनमा स्थानीयको भूमिका धेरै रहेका छन् । ती मध्ये केही ५ ओटाको व्याख्या गर्न गइरहको छु ।

**१) स्थानीय सहभागि र सचेतना :** विभिन्न ठाउँका निकायहरूले आफ्नो निकायका नागरिकहरूलाई विभिन्न यस लगायत कार्यक्रममा सहभागि हुने मौका दियो भने फोहरमैलाको व्यवस्थापन हुन सक्छ र फोहरमैला प्रति विभिन्न सचेतना कार्यक्रम राख्यौं भने पनि फोहरमैला व्यवस्थापन हुन सक्छ ।

**२) सजग नागरिकको भूमिका :** सजग नागरिकको कुनै पनि कार्यक्रममा सहभागी भयो भने सजग नागरिकले फोहरमैला व्यवस्थापन गर्ने ज्ञान, सिपहरू प्रदान गर्छ । सजक नागरिकको भूमिका धेरै महत्वपूर्ण रहेको छ । उसले आफ्नो वरिपरिको वातावरण शुद्ध र सफा राख्छ ।

**३) स्थानीय सरकारको सहकार्य :** सरकारले बजेट स्थानीयलाई वितरण गरेपछि विभिन्न सहकार्यबाट मात्र यो सबै चिजबीज सफल हुन सक्छ । सरकारको सहकार्यले विभिन्न स्थानीय निकायले आफ्नो नगर वा वडालाई सफा र फोहरमैला व्यवस्थापनमा विभिन्न प्रयासहरू गर्न सक्छन् ।

**४) सम्मुदायको कार्यबैठकमा सहभागी :** समुदायको कार्यबैठकमा सहभागिता देखायो भने विभिन्न कार्यक्रमको सुरुवात हुनु सक्छ । समुदायले हामीलाई विभिन्न कुराको ज्ञान र सिप दिन्छ । हामीले सबै मिलिजुली प्रयास गरी र्‍याली जाने, फोहरहरू हटाउन सफा गर्ने, विश्व वातावरण दिवसको दिन विभिन्न प्रोग्राम र कार्यक्रम सञ्चालन गर्ने आदि कुराको ध्यान दिनु पर्दछ ।

**५) घरायसीस्तरमा फोहरमैला व्यवस्थापन :-** घरायसी स्तरमा गर्न भने हामीले कुनै ठाउँमा सहभागी हुनुपर्दैन । आफुले आफै आफ्नै घरको फोहरमैला सफा र व्यवस्था गर्न सक्यौं भने हामीले अरू ठाउँको फोहरमैला सफा गर्नुपदैन । हामीले नै फोहरमैला नफालेपछि कसरी हाम्रो नगर दुषित हुन्छ त ?

## ८. निस्कर्ष

अब म मेरो विभिन्न सुझावहरू दिन गइरहेको छु । जसरी हामीले आफैले विभिन्न फोहरमैलाको व्यवस्थापन गर्न सक्छौँ, त्यसरी नै आफै नै फोहर मैला व्यवस्था हुन्छ । अब म चाहिँ फोहरमैलाको विभिन्न व्यवस्था गर्न विभिन्न चर्चाहरू गर्न गइरहेको छु ।

फोहरमैलालाई हामीले कम्पोष्ट मल बनाई त्यस्को विभिन्न क्षेत्रमा प्रयोग गर्न सक्छौँ । फेरि बनाएको गाडीहरूलाई सेकन्डह्यान्ड भनी प्रयोग गर्नै पर्दछ । विभिन्न कम्पनीहरूले यसका बारेमा बुझी लगानी पनि हाल्नुपर्दछ र मुख्य चाहिँ हामीले विभिन्न शिक्षा लगायत यसको बारेमा किताबमा हाल्नैपर्दछ । यसरी सानै देखि विद्यार्थीहरू सचेत र फोहर काहीँ फ्याल्नु हुँदैन है भन्ने कुराको ज्ञान समेत हुन्छ ।

र अन्त्यमा फोहर व्यवस्था गरी हाम्रो हेटौँडा उ.म.न.पा एउटा चिनोको रूपमा रही विभिन्न ठाउँमा पुरस्कृत हुन पाउनु पर्दछ भन्ने एउटा श्लोक तयार पार्दा मेरो मन धेरै उत्साही भइरहेको छ ।

हाम्रो हेटौँडा, राम्रो हेटौँडा !

धन्यवाद ।

*(५२औँ विश्व वातावरण दिवसको अवसरमा टोल विकास संस्था नगर समन्वय समिति, हेटौँडाले मा.वि. विद्यालयहरूको छात्रछात्राहरूबीच आयोजना गरेका निबन्ध प्रतियोगितामा प्रथम भएको निबन्ध ।)*

❑❑❑

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

## टोल विकास स्मारिका-२०८१

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**सुनिल मुक्तान**

**वडा अध्यक्ष एवम्**

## १५ नं. वडा कार्यालय

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

## टोल विकास स्मारिका-२०८१

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**रामकृष्ण कोइराला**

**वडा अध्यक्ष एवम्**

## १६ नं. वडा कार्यालय

**हेटौँडा उपमहानगरपालिका, परिवार**

हेटौँडा उपमहानगरपालिका

# हेटौँडा राजपत्र

खण्ड: ३ सङ्ख्या: २ मिति: २०७६।०८।१९

## भाग-३

## टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:**

टोल विकास संस्थाहरूले सामाजिक परिचालनका माध्यमबाट यस उपमहानगरपालिकाको विकास प्रक्रियामा हालसम्म पुऱ्याएको योगदानलाई अक्षुण राख्दै सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न एवम् बृहत्तर हेटौँडाको अवधारणा बमोजिम विस्तारित क्षेत्रमा समेत समुदाय परिचालनका माध्यमबाट समावेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासील गर्न यस्ता संस्थाहरूको स्थापना तथा सञ्चालनलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन वाञ्छनीय भएकोले साविकमा क्रियाशिल रहेको टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७१ खारेज गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) छ (१०) ले दिएको अधिकार प्रयोग गरी हेटौँडा उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।७।१७ को बैठकबाट टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७६ तयार गरी लागु गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७६** हुनेछ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

ग) यो कार्यविधि हेटौँडा उपमहानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको र नयां गठन हुने टोल विकास संस्थामा लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "संस्था" भन्नाले सहरी समाजमा विविध खालका सामाजिक-साँस्कृतिक, स्रोत-साधन परिचालन, वातावरणीय, स्वास्थ्य सरसफाइ तथा विकासमूलक कार्यहरूलाई व्यवस्थित रूपमा परिचालन गर्न निश्चित भौगोलिक सिमाना/क्षेत्रलाई समेटी दफा ४ अनुसार गठन भएको टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

ग) "कार्य समिति" भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनुपर्छ ।

घ) "पदाधिकारी" भन्नाले टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरूलाई सम्झनुपर्छ ।

ङ) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनुपर्छ ।

च) "नगर समन्वय समिति" भन्नाले यो कार्यविधिको दफा ९ बमोजिम गठन हुने टोल विकास संस्था नगर समन्वय समितिलाई जनाउंदछ ।

छ) "निर्देशक समिति" भन्नाले टोल विकास संस्थाको नीतिगत र कार्यक्रमगत पृष्ठपोषणका लागि दफा ७ बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ ।

ज) "नगरसभा" भन्नाले यस उपमहानगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

झ) "कार्यपालिका" भन्नाले हेटौँडा उपमहानगरपालिका, नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

ञ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

ट) "कार्यमूलक समूह" भन्नाले टोल विकास संस्था गठन नभएको वा टोल विकास संस्थाले नसमेटेको क्षेत्रमा कार्यविधि बमोजिम काम गर्न वा कायम रहेको संस्थाले कुनै क्षेत्र वा टोलमा कार्यक्रम सञ्चालनमा अप्ठ्यारो भएमा निश्चित समयका लागि तदर्थ रूपमा गठन गरिएको समूहलाई सम्झनुपर्दछ ।

ड) "स्थानीय तह" भन्नाले हेटौँडा उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

३. **उद्देश्य :** यस कार्यविधि बमोजिम गठन हुने टोल विकास संस्थाहरूको संस्थागत, सामाजिक, आर्थिक तथा वातावरणीय विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

क) टोल, वस्तीस्तरमा विभिन्न निकायहरूबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने,

ख) टोलवासीहरूमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघुउद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने,

ग) टोल वस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

घ) आर्थिक, सामाजिक सवालमा सवै टोलवासीहरूलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

च) वस्ती, टोलस्तरमा सवै संस्थाहरूको प्रवेशद्वारको रूपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरूबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

छ) टोल विकास संस्थालाई नगर एवम् वडाको सहयोगी संस्थाको रूपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुमगन एवम् मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

ज) टोलका सदस्यहरूमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूको अभिलेख तयार गर्ने,

झ) टोलको समग्र विकासका लागि कार्यक्रमहरू तय गर्ने,

ञ) वातावरणमैत्री तथा बालमैत्री नगर घोषणा गर्न आवश्यक सहयोग गर्ने,

## परिच्छेद - २

## गठन, दर्ता/सूचीकृत तथा काम, कर्तव्य र अधिकार

४. **टोल विकास संस्थाको गठन :** टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः

क) यस उपमहानगरपालिका क्षेत्रका वस्तीहरूको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) निश्चित भौगोलिक क्षेत्रभित्र र टोलवासीहरूको बृहत भेलाबाट एक तदर्थ समिति गठन हुनेछ । तदर्थ समितिले चारकिल्ला सिमाना किटानी साथ टोल विकास संस्था गठनका लागि उपमहानगरपालिकामा वडा समितिको सिफारिस सहित सहमति मागको निवेदन दिनु पर्नेछ । संस्था गठनका लागि उपमहानगरपालिकाबाट सहमति प्राप्त गरेको मितिले बढीमा ३ महिनाभित्र सवै घरधुरीको लगत तयार गरी सदस्यता एकिन गरी साधारण भेला आयोजना गरी संस्थाको विधान स्वीकृति, कार्यसमिति गठन सम्बन्धी निर्णय गरी संस्था दर्ताका लागि उपमहानगरपालिकामा निवेदन दिनु पर्नेछ । निर्देशक समितिको निर्णयानुसार उपमहानगरपालिकाले संस्थाको विधान अनुमोदन गरी संस्था दर्ताको प्रमाण पत्र उपलब्ध गराउने छ ।

ग) टोल विकास संस्थाको कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

घ) टोल विकास संस्थाको चारकिल्ला सिमाना एकिन गर्न र दोहोरो नपर्न सिमा जोडिएका टोल विकास संस्थाको सहमति लिन सकिनेछ ।

ङ) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रूपमा समेट्नु पर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

च) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न **अनुसूची-१** मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ ।

छ) समन्वय र मेलमिलाप कायम गराउंदै सामाजिक ऐक्यबद्धता कायम गर्ने ।

५. **टोल विकास संस्थाको दर्ता प्रक्रिया** : टोल विकास संस्थाको दर्ता देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई उपमहानगरपालिकाले दर्ता गर्नेछ । टोल विकास संस्थालाई उपमहानगरपालिकामा दर्ता गर्दा पेश गर्ने

निवेदनको नमूना **अनुसूची- २** मा उल्लेख गरिएको छ । टोल विकास संस्थाको निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा उपमहानगरपालिकाले निर्देशक समितिको निर्णयानुसार **अनुसूची-३** बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा उपमहानगरपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

६. **टोल विकास संस्थाको काम, कर्तव्यहरू:** यस कार्यविधिमा अन्यत्र लेखिएदेखि बाहेक टोल विकास संस्थाको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

ख) विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसङ्ग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासका लागि सहजीकरण गर्ने,

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरू सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

घ) टोलमा सडक, ढल लगायतका पूर्वाधार तथा सार्वजनिक सेवा सञ्चालनमा उपमहानगरपालिकाको सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने,

ङ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

च) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

छ) एच.आइ.भी./एड्स, अन्धविश्वास, जातीय विभेद, लागु औषध दुर्व्यसन, बालबिबाह, बहुबिबाह जस्ता सामाजिक समस्याहरूको पहिचान गरी सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने,

ज) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गर्न सूचना अभिलेख राख्ने,

झ) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिस गर्ने,

ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त योजनाहरूको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

ट) टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरू टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने,

ठ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,

ड) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

ढ) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा उपमहानगरपालिकालाई सहयोग गर्ने,

ण) उपमहानगरपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

त) संस्थामा प्राप्त रकम संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

थ) उपमहानगरपालिकासङ्ग भएको समझदारी अनुसारका अन्य कार्यहरू गर्ने ।

द) संस्थाका सदस्यहरूको आर्थिक बृद्धि तथा हितका लागि बचत कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद - ३
## निर्देशक समिति तथा नगर समन्वय समिति

### ७. निर्देशक समितिको आवश्यकता

हेटौँडा उपमहानगरपालिका अन्तर्गत क्रियाशील टोल विकास संस्थाको काम, कार्यवाही, गठन एवम् विघटन, बिधान स्वीकृति, परिमार्जन तथा अनुगमन, मुल्याङ्कन, पुरस्कृत लगायतको कार्य गर्न एक निर्देशक समिति गठन गरिनेछ । यो कार्यविधि लागु हुनु पूर्व सामाजिक विकास महाशाखाबाट भएको कार्य समेतलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

८. **निर्देशक समितिः** (१) टोल विकास संस्था गठन, परिचालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, वार्षिक कार्ययोजना तर्जुमा, ऋण लगानी तथा व्याज दरमा एकरूपता निर्माण, छाता संस्थाको संस्थागत विकास, श्रोत साधनको पहिचान तथा परिचालन र अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता विषयहरूमा पृष्ठपोषण

तथा मार्ग निर्देशनका लागि देहाय बमोजिम पदाधिकारीहरू रहेको टोल विकास संस्था सञ्चालन तथा परिचालन निर्देशक समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सहसंयोजक |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, | सदस्य |
| (घ) | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) | नगर सभा सदस्यहरू मध्येबाट नगर प्रमुखबाट मनोनित १ जना महिला १ जना दलित महिला सहित ३ जना | सदस्य |
| (च) | अध्यक्ष, टोल विकास संस्था नगर समन्वय समिति | सदस्य |
| (छ) | प्रमुख, सामाजिक विकास महाशाखा, हे.उ.म.न.पा.का. | सदस्य सचिव |

(२) निर्देशक समितिको बैठक प्रत्येक चार महिनामा एक पटक बस्नेछ । यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य बैठक पनि वस्न सक्नेछ । साथै यो कार्यविधिको सफल कार्यान्वयनका लागि यस समितिले आफ्नो कार्यविधि आफैं तयार गरी लागु गर्न सक्नेछ ।

## ९. नगर समन्वय समिति गठन र समन्वय समितिको काम, कर्तब्य र अधिकार

### अ) नगर समन्वय समितिको गठन

यस कार्यविधि बमोजिम गठन भएका र हुने संस्थाहरूबीच समन्वय, सम्पर्क तथा अनुभव आदान प्रदान एवम् नगर स्तरिय सामुदायिक कार्यका लागि तपसिलको प्रक्रिया बमोजिम टोल विकास संस्था नगर समन्वय समिति गठन गरिनेछ । यसको गठन प्रक्रिया निम्न अनुसार हुनेछ ।

क) नगरभित्र गठन भएका प्रत्येक टोल विकास संस्थाहरूबाट टोल विकास संस्थाले आफ्नो सदस्यहरू मध्येबाट तोकेका कम्तिमा एक महिला सहित दुई जना प्रतिनिधिहरू रहने नगरस्तरीय साधारण सभा गठन हुनेछ ।

ख) उपदफा ९अ (क) अनुसार गठन भएको साधारण सभाले अध्यक्ष, उपाध्यक्ष (२ जना), महासचिव, सचिव (२ जना), कोषाध्यक्ष, र १७ जना सदस्य रहने गरी नगर समन्वय समितिको चयन गर्नेछ । निवर्तमान अध्यक्ष कार्य समितिमा पदेन सदस्यको रूपमा रहनेछ । समन्वय समितिको निर्णय

अनुसार समितिका सबै पदाधिकारी सहित नौ सदस्यीय सचिवालय रहनेछ ।

ग) नगर समन्वय समितिको बैठक त्रैमासिक रूपमा बस्नेछ । तर, आवश्यकता अनुसार बैठक बस्न यसले बाधा पार्ने छैन ।

घ) नगर समन्वय समितिको व्यवस्थित सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै विधान बनाउन सकिनेछ । विधान टोल विकास संस्थाको नगर भेलाले स्वीकृत गरेपश्चात उपमहानगरपालिकाबाट अनुमोदन गरेपश्चात मात्र लागू हुनेछ ।

ङ) समन्वय र परिचालनको सहजताका लागि नगर समन्वय समितिको कार्यालय उपमहानगरपालिका कार्यालय हाताभित्र रहनेछ । वडा स्तरीय समन्वय समितिको सम्पर्क कक्ष सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

**आ) नगर समन्वय समितिको काम, कर्तब्य र अधिकार**

क) गठन भएका टोल विकास संस्थाहरूबीच समन्वय गर्ने ।

ख) दुई वा दुईभन्दा बढि संस्थाहरूको समन्वयमा कार्य गर्नु परेमा ति संस्थाहरूको वीचमा समन्वय गराउन भूमिका निर्वाह गर्ने । ग) नगरको विकासको कार्यमा सबैलाई समेटेर सहयोगी एवम् समन्वयकारी भूमिका निर्वाह गर्ने ।

घ) संस्थाहरूको तर्फबाट विभिन्न तहमा नेतृत्व प्रदान गर्ने ।

ङ) नगरको विकासमा देखा परेका समस्या तथा चुनौतिहरूलाई पहिल्याउन मद्दत गर्ने ।

च) टोल विकास संस्थाहरूको क्षमता विकास, सीप तथा आय-आर्जन एवम् स्वरोजगार जस्ता कार्यक्रममा समेत सहयोग गर्ने ।

छ) टोल विकास संस्थाहरूको क्रियाशिलताका लागि समितिको विधान बमोजिम वडा स्तरीय समन्वय समिति गठन गर्ने र समन्वय समितिलाई क्रियाशील गराउने ।

ज) वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्दै हेटौंडा उपमहानगरपालिकालाई वातावरणमैत्री नगर निर्माण गर्न सहयोगी भूमिका निर्वाह गर्ने ।

## परिच्छेद - ४
## कार्यसमितिको बैठक तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१०. **कार्यसमितिको बैठक :** टोल विकास संस्था कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(१) टोल विकास संस्थाका सदस्यहरूको हित, सहयोग एवम् समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ ।

(२) समितिको बैठकमा उपमहानगरपालिकाका जनप्रतिनिधि एवम् कर्मचारीहरू लगायत अन्य सरोकारवालाहरूलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) सचिवले संस्थाको बैठकको निर्णयहरू बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

११. **कार्य समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः** टोल विकास संस्थाका कार्य
समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरू लागु गर्ने र गर्न लगाउने ।

६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९) कार्यविधि बमोजिम अन्य कार्यहरू गर्न ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) कार्यसमितिको बैठकमा नियमित उपस्थित हुने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) अध्यक्ष तथा कार्यसमितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

२) एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३) छलफलका प्रस्तावहरू सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

४) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरूलाई जानकारी गराउने ।

५) तोकिएको अन्य कार्य गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२) खर्चको लेखापरीक्षण गराउने ।

३) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रूपमा सञ्चालन गर्ने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

१) उपमहानगरपालिकासङ्ग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरू गर्ने ।

२) संस्थाको हिसाब-किताब जाँच गर्ने ।

३) संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।

४) आवश्यकतानुसार संस्था सञ्चालनका लागि नीति, नियमहरू बनाउने र सो नियमहरू पालना भए नभएको हेर्ने ।

५) आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने ।

६) तोकिएको अन्य कार्यहरू गर्ने ।

## परिच्छेद - ५
## अनुगमन-मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था

### १२. अनुगमन-मूल्याङ्कन :

संस्थाहरूको अनुगमन तथा मूल्याङ्कन तपसिलका विषयमा आधारित वा मापदण्ड तयार गरी गर्न सकिन्छ ।

क) नियमित प्रगति विवरण, बैठक, आर्थिक पारदर्शिता, बार्षिक साधारण सभा, बचत परिचालन, रचनात्मक गतिविधि सञ्चालन, श्रोत परिचालन, राष्टिय तथा स्थानीय सामाजिक अभियानहरूमा सहभागिता, ऋण परिचालनको अवस्था, वेरुजु तथा बेरुजू फछ्र्यौंट एवम् सिर्जनशिलता आदिको आधारमा संस्थाको मूल्याङ्कन गरी पुरस्कृत एवम् दण्डित गर्न सकिनेछ ।

ख) उपमहानगरपालिकाले नियुक्त गरेको वा संस्था आफैंले नियुक्त गरेको लेखा लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ । र लेखा परीक्षकको पारिश्रमिक साधारण सभाबाट पारित गर्नु पर्नेछ ।

ग) संस्थाका हिसाव विवरण र त्यस सम्वन्धमा लेखा परीक्षकको प्रतिवेदन साधारण सभाबाट अनुमोदन गर्नुपर्दछ ।

घ) तोकिएको समयमा साधारण सभा नगर्ने संस्थालाई नियमित साधारण सभा गर्न उत्प्रेरीत गरिनेछ र साधारण सभा गर्न नसकेमा आवश्यक कार्यवाही गरिनेछ ।

ङ) दण्ड तथा पुरस्कार सम्बन्धी व्यवस्था : टोल विकास संस्थाको स्तर मापन गर्न निर्देशक समितिले विभिन्न सूचांकहरू निर्धारण गरी सो का आधारमा टोल विकास संस्थाहरूको वार्षिक रूपमा मूल्याङ्कन गरी उत्कृष्ट टोल विकास संस्थालाई दण्ड तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ । मूल्याङ्कन प्रयोजनका लागि निर्देशक समितिले उपसमिति निर्माण गर्न सक्नेछ ।

### १३. संस्थाको कार्य समिति बिघटन, पुनर्गठन तथा खारेजीः

क) संस्थाको विधानको उद्देश्यको बर्खिलाप वा प्रचलित ऐन, नियम, कानुन विपरित कार्य गरेमा तथा सामाजिक सद्भाव बिथोल्ने गतिविधि गर्ने संस्था विघटन हुनेछ ।

ख) अदालत वा न्यायिक निकायबाट संस्थाले गरेको काम कार्यवाहीहरू गलत प्रमाणित भएमा वा विघटन गर्ने निर्णय भएमा,

ग) बहुमत सदस्यको उपस्थितिमा उपस्थित सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट विघटनको प्रस्ताव पारित भएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने गरी आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भएमा, अदालतले विघटन गरेमा उपमहानगरपालिकाले कुनै पनि वेला संस्था विघटन, पुनर्गठन वा खारेज गर्न सक्दछ । तर सम्बन्धित संस्थाहरूलाई सफाइ दिने अवसरबाट वञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार उपमहानगरपालिकाको हुनेछ ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्थापन

१४. **आर्थिक व्यवस्थापन** : संस्थाको आम्दानी, खर्च, नाफा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**(क) टोल विकास संस्थाको आम्दानी** :

१) विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरूबाट प्राप्त हुने सहायता र अनुदान ।

२) टोल विकास संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

३) संस्थाको विकास निर्माणका लागि बचत कोषबाट संस्थाको निर्णयानुसार छुट्याइएको रकम ।

४) टोल विकास संस्थाका सदस्यहरूले बचत गरेको रकम ।

५) संस्थाले अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

**(ख) खर्च**

१) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२) संस्था सञ्चालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरू टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**(ग) नाफा**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२) नाफा संस्थाको निर्णयानुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**(घ) लेखा** : संस्थाको लेखा देहाय बमोजिम हुनेछ :

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको स्पष्ट लेखा राख्नु पर्दछ ।

२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ ।

**(ङ) लेखापरीक्षण** : संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

१) आवश्यकतानुसार उपमहानगरपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न, गराउन सक्नेछ ।

२) संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन उपमहानगरपालिकामा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७ विविध

### १५. अविश्वासको प्रस्ताव :

संस्थाको विधानमा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था अनिवार्य रूपमा उल्लेख गरिएको हुनु पर्दछ । यो प्रस्ताव सम्बन्धित टोल विकास संस्थाको कम्तिमा २५ प्रतिशत सदस्यहरूले कारण सहित लिखित उजुरी समितिमा दर्ता गरेको १५ दिनभित्र विशेष साधारण सभा बोलाई यसको टुङ्गो लगाई सक्नु पर्दछ । यदि सम्बन्धित समितिले अविश्वास प्रस्ताव दर्ता गर्न अस्वीकार गरेमा सो प्रस्ताव निर्देशक समितिमा दर्ता गर्न सकिन्छ । यस्तो प्रस्ताव दर्ता हुन आएमा निर्देशक समितिले एक महिनाभित्र टुङ्गो लगाउन निर्देशनात्मक आदेश संस्थालाई दिन सक्दछ । यसको अन्तिम टुङ्गो उपदफा ११ (ग) बमोजिम प्रक्रियाबाट लगाउनु पर्दछ ।

### १६. संस्था दर्ता खारेजी वा विघटन

स्वीकृत विधान बमोजिम संस्था सञ्चालन नभई संस्था खारेजी गर्नुपर्ने अवस्थामा संस्थाको सम्पत्ति उपमहानगरपालिकाको हुनेछ । तर बचत कार्यक्रमबाट सिर्जित व्यक्तिगत बचत रकम तथा यसको आयहरू सदस्यहरूको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

## १७. संस्था विभाजन र नयां संस्थाको गठन

टोल विकास क्षेत्रभित्र सहरीकरण बढ्दै जांदा घरधुरी सङ्ख्या बढी भएको कारणबाट संस्थालाई सञ्चालन तथा व्यवस्थापन गर्न जटिलता हुने अवस्था रहेमा संस्थालाई भौगोलिक सिमानाका आधारमा छुट्याई नयां संस्था गठन गर्न सकिनेछ । साधारण सभाबाट सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाई सदस्यको निर्णय गराई उपमहानगरपालिकामा लिखित प्रस्ताव पेश भएमा निर्देशक समितिले यस सम्बन्धमा निर्णय गरी नयाँ संस्था दर्ताको अनुमति दिन सकिनेछ ।

## १८. विधान संशोधन

संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले पारित गरी उपमहानगरपालिकाबाट अन्तिम स्वीकृति पछि विधान संशोधन हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ र नगर कार्यपालिकाले गरेको निर्णयानुसार बाधा अड्काउ फुकाइनेछ ।

## २०. खारेजी तथा बचाउ

क) प्रचलित कानुनसङ्ग बाझिएको हदसम्म यस कार्यविधिको प्रावधान तथा व्यवस्थाहरू स्वतः खारेज हुनेछ ।

ख) यो कार्यविधि जारी हुनुभन्दा अगाडी गठन भएका टोल विकास संस्थाहरू पनि यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ । साथै यस अघि जारी भएको टोल विकास संस्था कार्यविधि, २०७१ यसको प्रारम्भसङ्गै खारेज हुनेछ ।

# अनुसूची-१

## ................... टोल विकास संस्थाको विधान

**प्रस्तावनाः**

स्थानीय रूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी आ^नो टोल समुदायको विकासका लागि सामुहिक प्रयत्न अघि बढाउन, जनसहभागिताका माध्यमबाट समतामूलक समाबेशी र वातावरणमैत्री दिगो विकास हासील गर्न, सामुदायिक भावना विकास, पारस्पारिकता, सद्भाव विकास गर्दै वचत सङ्कलन र परिचालनबाट स्वावलम्बन सृजना गर्दै नगर क्षेत्रकै गरीवी न्युनीकरणमा टेवा दिन र हेटौंडा उपमहानगरपालिकाले अंगिकार गरेको स्वच्छ, सृजनशील, सम्बृद्ध औद्योगिक नगरको दूर दृष्टिका माध्यमबाट मानवियताको सहर निर्माण अभियानमा टोल समुदाय तहबाट योगदान गर्न तथा टोलका जनसमुदायहरूलाई संस्थागत रूपमा विकास गर्ने वातावरण सिर्जना गर्न ................... टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

### परिच्छेद १

**१. प्रारम्भिकः**

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान ................... टोल विकास संस्थाको विधान हुनेछ।

ख) यो संस्थाको नाम ................... टोल विकास संस्था हुनेछ।

ग) यो विधान ................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

घ) यस संस्थाको कार्यालय ............................. मा रहनेछ।

ङ) यस संस्थाको सिमानाः

पूर्व................................ पश्चिमः ..............................

उत्तरः ............................ दक्षिणः ..............................

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

क) “संस्था” भन्नाले ................... टोल विकास संस्थालाई सम्झनुपर्छ।

ख) “विधान” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।

ग) “साधारणसभा” भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ।

घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

ङ) "बैठक" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

च) कार्यमूलक उपभोक्ता समूह भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरूलाई सम्झनुपर्छ ।

छ) पदाधिकारी भन्नाले संस्था वा कार्यमूलक÷उपभोक्ता समूहका अध्यक्ष, कोषाध्यक्ष सचिव रसदस्यहरूलाई जनाउंछ ।

ज) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ ।

झ) "बचत" भन्नाले साधारण सदस्यहरूबाट निश्चित अबधिमा संचय गरेको रकमलाई सम्झनुपर्छ ।

ञ) "बचतकर्ता" भन्नाले संस्थाका बचत गर्ने सदस्यहरूलाई जनाउंछ ।

ट) "ऋण" भन्नाले एकमुष्ट वा किस्तावन्धीका रूपमा फिर्ता बुझाउने गरी निशचित अबधि, व्याजदर र उद्देश्यका साथ प्रदान गरेका रकमलाई जनाउँदछ ।

ठ) "तोकिए" वा "तोकिएबमोजिम" भन्नाले संस्थाले समयसमयमा गरे निर्णयबमोजिम निर्धारित कार्यविधि वा यस विधानअर्न्तगत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरूलाई जनाउदछ ।

**३. सङ्गठित संस्था हूनेः**

क) संस्थाको आफ्नो छुटै छाप हुनेछ । सो छाप कार्यमूलक उपभोक्ता समूहहरूले आ–आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

ख) संस्था तथा कार्यमूलक उपभोक्ता समूहले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

ग) संस्था वा कार्यमूलक÷उपभोक्ता समूहले व्यक्तिसरह आ–आˆनो नामवाट नालिस उजूर गर्न र सोउपर नालिस उजूर लाग्न सक्नेछ ।

**परिच्छेद – २**

**४. संस्थाका उद्देश्यहरूः**

संस्थामा आवद्ध सबैखाले सदस्यहरूको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहायबमोजिमको उद्देश्य हूनेछ ।

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरूको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मदत पुऱ्याउने ।

ग) स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायका व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पूऱ्याउने ।

घ) संस्थालाई नगरपालिकाको सहयोगी संस्थाको रूपमा स्थापित गराई सहभागितात्म नगरपालिका योजना तर्जूमा, अनुगमन तथा मूल्यांङ्कन प्रक्रियामा सक्रीय सहभागी बनाउने ।

ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

५. **टोल विकास कार्य समितिको गठन :** टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

क) यस उपमहानगरपालिका क्षेत्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्कयता अनुसारका सदस्यहरू रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि ३ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । एक व्यक्ति एकै पदमा दुई कार्यकाल भन्दा बढी अवधि रहन पाउने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

६. **संस्थाका कार्यहरू:**

क) प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पूरूष वा दूवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

ख) सदस्यहरूबाट नियमित रूपमा बचत सङ्कलन तथा परिचालन गर्ने ।

ग) संस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आ̂नो स्वलगानी तथा संघसंस्थाबाट ऋण लिई उद्यम सञ्चालन गर्न पहल गराउने ।

घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरूको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

ङ) टोलमा आईपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

च) पिछडिएका वर्ग तथा जनजातिहरूको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

छ) बाल सहभागिता अभिबृद्धि, सामाजिकीकरण एव बाल विकासका लागि टोल क्षेत्रमा बाल क्लव गठन, परिचालन र बाल बचत कार्यक्रम सञ्चालन गर्ने ।

ज) आफ्नो समस्यालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा स्रोतको समूचित परिचालनका लागि आफ्नो सामाजिक तथा आर्थिक पूर्वाधार विकाससम्वन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

झ) उपमहानगरपालिकाले अघि बढाउने सामाजिक एवम् आर्थिक विकास र सामाजिक परिवर्तनका अभियानमा ऐक्यबद्धता एवम् प्रतिबद्धता जनाउँदै सिङ्गो नगरको विकासमा आफ्नो क्षेत्रबाट योगदान गर्ने ।

ञ) महिनामा एक दिन आफ्नो टोल समुदायमा सरसफाइ अभियान सञ्चालन गरेर टोलको स्वच्छता अभिबृद्धि गर्ने ।

## परिच्छेद – ३

### ७. सदस्यताः

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी बिधानलाई स्वीकार गर्ने स्थानीय सबै बालिग व्यक्ति, टोलवासी यस संस्थाको सदस्य हूनेछ ।

ख) सदस्य बन्न इच्छुक नयां टोलवासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

### ८. सदस्यता नरहनेः

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यहरूलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानि नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहरूलाई सफाइ दिने अवसरबाट वन्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभा हूनेछ ।

ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

## परिच्छेद – ४

### ९. संस्था गठन एवम् कार्य सञ्चालन विधिः

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरूको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण बालिग व्यक्तिहरूको उपस्थितिमा संस्था गठन गरिनेछ । तर कार्य समिति गठन तथा अन्य प्रयोजनमा मतदान गर्नुपर्ने अवस्था हुंदा स्थायी बसोबास भएका प्रति परिवारबाट एक जनाले मात्र मतदान गर्न पाउनेछन् ।

ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरूले गरेको सर्वसम्मत वा बहुमतीय निर्णयको आधारमा एक एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य सदस्य गरी बढीमा एघार सदस्यीय कार्य समिति गठन हुनेछ ।

ग) बचत कार्य सञ्चालन भएको टोल विकास संस्थाको हकमा कार्य समितिमा रहन अनिवार्य रूपमा बचतकर्ता व्यक्ति हुनुपर्दछ ।

घ) कार्य समिति गठन गर्दा टोल क्षेत्रका अठार वर्ष मुनिका एक बालक र एक बालिकालाई बाल प्रतिनिधिका रूपमा छनौंट गर्नुपर्नेछ । अठार बर्ष उमेर पूरा गरेपछि निजको स्थानमा अर्को प्रतिनिधि कार्य समितिले तोक्नेछ ।

ङ) कार्य समितिको कार्यकाल तीन वर्षको हूनेछ ।

### १०. संस्थाका पदाधिकारीहरूको काम, कर्तब्य रअधिकारः

संस्थाका पदाधिकारीहरूको काम, कर्तब्य र अधिकार देहायबमोजिमका हूनेछन् ।

**क) अध्यक्षको काम, कर्तब्य र अधिकारः**

टोल विकास संस्थालाई कसरी प्रभावकारी भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम, कर्तब्य र अधिकार निम्न वमोजिम हूनेछ ।

१. टोल विकास संस्थाको नियमित बैठक बोलाउने बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।
२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने ।
६. निर्णयहरू लागू गर्ने र गर्न लगाउने ।
७. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनूसार सहयोग पूऱ्याउने ।
८. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९. संस्थाले आर्जनप्राप्त गरेको नगद वा जिन्सी सामानको सूरक्षाको प्रबन्ध मिलाउने।
१०. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने।
११. अन्य सहयोगी निकायहरूसङ्ग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने।
१२. विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरूको सहमतिमा बैठक बोलाउने।
१३. विविध प्रकारका समन्वय बैठकमा भाग लिने।

**ख) संस्थाको उपाध्यक्षको काम, कर्तब्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको रूपमा जिम्मेवारी लिने।
२. अध्यक्षलाई आवश्यक सहयोग गर्ने।

**ग) संस्थाको सचिवको काम, कर्तब्य र अधिकारः**

१. अध्यक्षको आदेशानुसार वैठक बोलाउने।
२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।
३. एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने।
४. बैठक पुस्तिकामा उपस्थिति गराउने।
५. छलफलका प्रस्तावहरू सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनःप्रत्येक सदस्यहरूलाई हस्ताक्षर गर्न लगाउने।
६. वचत तथा ऋृण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने।
७. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने।
८. संस्था सञ्चालनमा र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने।

**घ) संस्थाका कोषाध्यक्षको काम, कर्तब्य र अधिकारः**

१. प्रत्येक बैठकमा सबै सदस्यहरूबाट बचत सङ्कलन गरी बचतको विवरण पेश गर्नुपर्ने।
२. प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने।
३. व्यक्तिगत बचत खाताअनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने।
४. सङ्कलित बचत रकम संस्थाको निर्णयअनुसार नजिकको बैंकको खातामा जम्मा गरी गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने।
५. बैठकको निर्णयअनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने।
६. निर्णयअनुसार गर्नुपर्ने लगानी गरी असुलीसमेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने।

७. सम्पुर्ण सदस्यहरूको गत बैठकसम्मको बचत रकम, बैकमा रहेको रकमसङ्ग भिडाउने ।

जस्तै, कूल वचत रकम – बैकमा रहेको रकम . लगानी–नगद मौज्दात

८. ऋण लगानीपश्चात् प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हूने आम्दानीको वितरण गरी सबै सदस्यहरूको व्यक्तिगत खाता, पासबुक एवम् बचतखातामा चढाउनुपर्ने ।

९. संस्थाले गरेको काम–कारोबारको लेखापरीक्षण गराउने ।

१०. बैकमा खाता सञ्चालन गर्दा संयुक्त रूपमा खाता सञ्चालन गर्ने ।

११. अन्य सदस्यहरूसङ्ग समन्वय राखी सहयोग लिने दिने ।

१२. संस्थाका नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**ङ) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

१. आवश्यकताअनूसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने ।

२. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

३. नियमित बचत बूझाउने र अरूलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

४. आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणालीः** साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाको सम्पुर्ण सदस्यहरू र सल्लाहकारसमेत रहेको एक साधारण–सभा हुनेछ ।

२. साधारण सभा बर्षमा एक पटक बस्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा बस्न सक्नेछ । साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा क्रमशः संस्थाको उपाध्यक्ष, सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३. साधारण–सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण–सभाको काम, कर्तब्य र अधिकारः** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) संस्थाको साधारण–सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

ग) संस्थाको गत सालको हिसाव विवरण र त्यस सम्वन्धमा लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने।

च) संस्थाको बिधान संशोधन गर्ने।

छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने।

ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

झ) कार्य समितिको गठन गर्ने।

**१३. आर्थिक व्यवस्थाः**

क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछः सदस्यताबाट प्राप्त शुल्क।

- ❖ सरकारी तथा गैरसरकारी संस्थावाट निःशर्त सहायता अनुदान।
- ❖ दाताहरूबाट प्राप्त निःशर्त सहयोग।
- ❖ संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार।
- ❖ टोल विकास संस्थाले विभिन्न संघसंस्थासङ्ग ऋण लिई आफना सदस्यहरूलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जानाबापतको रकम।
- ❖ अन्य आम्दानी।

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी सस्थाको हुनेछ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ।

**१४. बचतः**

क) टोल विकास संस्थाका सदस्यहरूले सम्पूर्ण सदस्यहरूबाट नियमित रूपमा बचत सङ्कलन गरी एक टोल विकास संस्थाको बचत खडा गर्नेछ।

ख) उक्त संस्थाको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ।

ग) संस्थाको बचत सामान्यतया सदस्यहरूको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ।

घ) यो बचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरूबीच तोकिएको सर्त र व्यवस्था अनुरूप लगानी र असुली हुनेछ।

ङ) यो बचत रकम निरन्तर चल्ने र वृद्धि हुदै जानेछ। च) यो बचत रकम संलग्न सदस्यहरूको दाबी रहनेछ।

छ) संस्थाको नयां सदस्य बनी संस्थामा प्रवेश हुन चाहने संस्थाको निर्णयबमोजिम हुनेछ। ज) यो बचत रकम सञ्चालन कार्यविधि तोकिएबमोजिम हुनेछ।

झ) संस्था दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामूहिक सम्पत्ति नेपाल सरकारको हुनेछ। तर व्यक्तिगत बचत रकम तथा यसको आयहरू सदस्यहरूको हिसाब बमोजिम फिर्ता पाउनेछन्।

**१५. कार्यसमिति तथा पदाधिकारीको राजीनामाः**

क) समितिका सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहने अध्यक्षसमक्ष दिन सक्नेछन् ।

ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरेबमोजिम हुनेछ ।

**१६. अविश्वासको प्रस्तावः**

संस्थाको अध्यक्ष एवम् पदाधिकारीहरूउपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका दुई तिहाई सदस्यहरूले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१७. विधानको संशोधनः**

यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

**१८. विविधः**

क) यस विधानबमोजिम टोल विकास संस्थाले आ^नो सदस्यहरूमध्येवाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम ⁄उद्यमी समूहको काम, कर्तब्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारणसभामा निहित रहनेछ ।

ग) संस्थाले संस्थाको उद्देश्य पुर्तिका लागि विधानको अधीनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नूपर्नेमा सोसमेत गर्न सक्नेछ ।

घ) प्रचलित नेपालको ऐन नियमहरूसङ्ग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची-२
## टोल विकास संस्थालाई उपमहानगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवानपुर ।

**विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस उपमहानगरपालिकाको वडा नं. ........ को .................. टोलमा गठन गरिएको .................................................... टोल विकास संस्थालाई हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता/सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछु । यस ......................... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

पूर्व सिमानाः .................................... पश्चिम सिमानाः ..............................

उत्तर सिमानाः ................................. दक्षिण सिमाना : ................................

घरधुरी सङ्ख्या

**निवेदक**

......................

अध्यक्षको नाम :

टोल विकास संस्थाको नाम

: ठेगाना :

अनुसूची-३

# हेटौँडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### हेटौँडा-२, मकवानपुर

### ३ नं. प्रदेश, नेपाल

## टोल विकास संस्था दर्ताको प्रमाण-पत्र

दर्ता नं.: ......................

मिति : ........................

श्री अध्यक्षज्यू,

.................टोल विकास संस्था हेटौँडा उपमहानगरपालिका-    , मकवानपुर ।

हेटौँडा उपमहानगरपालिकाको टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ४ बमोजिमको प्रक्रिया पुरा भएकोले सोही कार्यविधिको दफा ५(क) बमोजिम नगर कार्यपालिकाको मिति २०....../...../..... गतेको निर्णयानुसार टोल विकास संस्था दर्ता स्वीकृत गरिएको हुँदा यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

तपाई र तपाईको नेतृत्वमा गठन भएको संस्थाले यो कार्यविधिको अधिनमा रहि टोल, टोलवासीको चौतर्फी विकासका लागि क्रियाशिल रहनेछ  भन्ने विश्वास लिएको छु ।

मितिः ........................

..................................
प्रमुख प्रशासकीय अधिकृत

---

नोटः यो प्रमाण पत्र उपमहानगरपालिकामा लेखापरीक्षणसहित बार्षिक प्रतिवेदन बुझाएपछि स्वतः नवीकरण हुनेछ । लगातार दुई वर्ष प्रतिवेदन नबुझाएमा प्रमाण पत्र स्वतः रद्द हुनेछ ।

**प्रमाणीकरण गर्नेको नाम थर : गोपालप्रसाद वगाले**
**पद : प्रमुख प्रशासकीय अधिकृत पृष्ठ सङ्ख्या : २२**
**मिति : २०७६।०८।१९**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**उद्धव सत्याल**

**वडा अध्यक्ष एवम्**

**१७ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

टोल विकास संस्था स्थापनाको २५औँ रजत वर्ष प्रवेश गरेको सु–अवसरमा प्रकाशोन्मुख

**टोल विकास स्मारिका-२०८१**

को पूर्ण सफलताको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**नरनाथ सुवेदी**

**वडा अध्यक्ष एवम्**

**१९ नं. वडा कार्यालय**

**हेटौँडा उपमहानगरपालिका, परिवार**

# टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाका गतिविधिहरू
























# टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाका गतिविधिहरू


















